# प्राचीन नेपाल

पुरातत्त्व विभागको मुखपत्र

# ANCIENT NEPAL

## Journal of the Department of Archaeology


संख्या १७
कार्तिक २०२८

Number 17
October 1971



सम्पादक
रमेशजङ्ग थापा

Edited by
Ramesh Jung Thapa



प्रकाशक
श्री ५ को सरकार
शिक्षा मन्त्रालय, पुरातत्त्व विभाग,
काठमाडौं, नेपाल ।

**Published by**
The Department of Archaeology
His Majesty's Government
Kathmandu, Nepal.

प्राप्तिस्थान :
साझा प्रकाशन
पुलचोक, ललितपुर ।

**To be had of:**
Sajha Prakashan
Pulchok, Lalitpur.

**मूल्य रु.५।–**

**Price Rs. 5/–**

Printed at Jore Ganesh Press Pvt. Ltd. B. I. D. Kathmandu.

**प्राचीन नेपाल**
संख्या १७
कार्तिक २०२८

**Ancient Nepal**
Number 17
October 1971

**सम्पादक**

रमेशजङ्ग थापा

**Editor**

Ramesh Jung Thapa

**सहायक सम्पादक**

रामचन्द्र ढुङ्गाना

**Assistant Editor**

Ram Chandra Dhungana

DS
49
78
no.

# विषय–सूची

# Contents


| | पृष्ठ | Page |
|---|---|---|
| नेपाल देशको इतिहास संग्रह | १ | 1 |
| ऐतिहासिक पत्रस्तम्भ | १२ | 12 |
| जयप्रकाश मल्लको घोडा<br>**श्री सूर्यविक्रम ज्ञवाली** | १५ | 15 |
| पार्थिवेन्द्र मल्लको तामापत्र<br>**श्री शङ्करमान राजवंशी** | १७ | 17 |
| पूर्वी नेपालका धिमाल<br>**श्री ऋषिकेशवराज रेग्मी** | १९ | 19 |
| The Rise and Development of the Baisi States<br>**Shri Ram Niwas Pandey** | ५२ | 52 |


114 EP

CORNELL UNIVERSITY LIBRARIES ITHACA, N.Y.

# नेपाल देशको इतिहास संग्रह

(गताङ्कको बाँकी)

पुलुपुलुजातको व्यवस्था–दुनियांका मृतकहरूलाई श्मशानघाटमा लैजांदा अघिअघि लागेर मुजुरा आरती बजाई आफ्नो दस्तूर चार दाम र एक कुरुवा चामल लिनू । कसाईबाट कपालनङ बनाउनू । सूतक, जूठो, त्रैपक्षिक र पुरोहितहरू माथि लेखिएबमोजिम गर्नू ।

नकर्मीको व्यवस्था–फलामको काम गर्नू । सूतक ६ दिन बार्नू । जूठो त्रैपक्षिक र पुरोहितहरू माथि लेखिएबमोजिम गर्नू ।

पिछिनीको व्यवस्था–दुनियांका बालकहरू जन्मदा बढिया दिनमा नाल काटेर दोबाटामा लगी गाड्नू । सुंढिनीले पाउने दस्तूरको आधा दस्तूर लिनू । सूतक ६ दिन र जूठो १० दिन बार्नू । पुरोहित गुभाल गर्नू । त्रैपक्षिक गर्नू । नाऊ कसाई गर्नू । खेत कमाउनू ।

संघतजातको व्यवस्था–दुनियांहरूको लुगा धोई वर्ष दिनको कबूलबमोजिम बाली वा महीनावारी लिनू । सूतकजूठोहरू परेमा त्यस्ता परेका बिष्टबाट ६।६ कुरुवा चिउरा र १६।१६ दाम दस्तूर लिनू । खेत कमाउनू । सूतक ,जूठो र पुरोहितहरू माथिकै सरह गर्नू ।

नाऊजातको व्यवस्था–ब्राह्मणदेखि ज्यापूपर्यन्तका जातको कपाल खौरनू, नङ काट्नू । सूतकजूठो परेमा ६।६ कुरुवा चिउरा दस्तूर लिनू । अरू कार्यमा बिष्टले जो दिएको भाग लिनू । माहुर लाउनू । ऐना देखाउनू । चूडाकर्म र ब्रतवन्धहरूमा भोज खाई १२।१२ दाम दस्तूर लिनू । अरू कार्यमा बिष्टले जो दिएको भाग लिनू । खेत कमाउनू । सूतक र जूठो १० दिन बार्नू । त्रैपक्षिक लत्याकर्म पनि गर्नू । पुरोहित माथिको सदर गर्नू ।

कोनालजातको व्यवस्था–नेपाली धूप बनाई काठ कुंदेर बेची खानू । अरू कार्य माथिकै सदर गर्नू ।

महाब्राह्मण र भाटजातको व्यवस्था–पाखी र पटुकाहरू रंगाउनू । मृतक परेमा ११ दिनमा दिएको भोजन खानू । खेत कमाउनू । पसल नराख्नू । मृतकजूठोहरू माथिको सदर गर्नू ।

चित्रकारीको व्यवस्था–देवताको चित्र लेख्नू । गुभालसंग दीक्षा ग्रहण गर्नू । खेत कमाउनू । रक्सी जांडहरू बेच्नू । नाऊ कसाई गर्नू । सूतक जूठोहरू माथि लेखिएको सदर गर्नू ।

साल्मीजातको व्यवस्था–तेल पेली बेच्नू । बाबियाले खट बांध्नू । अरू कर्म माथिकै सदर गर्नू ।

मुसलजातको व्यवस्था–कसाईले मासु बेच्ने ठाउंमा पोका पारिदिई दिएको आफ्नो दस्तूर लिएर खानू । सूतक जूठो माथिकै सदर गर्नू ।

टेपोजातको व्यवस्था– पालुंगाको साग रोपी व्यवस्थासित बेच्नू । बेच्दा सरकारमा दस्तूर दिनू । काहारबाजा बजाउनू । खेती गर्नू । सूतकजूठो गैह्र माथिको सदर गर्नू ।

खुसलजातको व्यवस्था–काहारबाजा बजाउनू । खट बांध्दा साल्मी जातले नपुगे गुहार दिनू । खेती गर्नू । सूतक, जूठो गैह्र माथिकै सदर गर्नू ।

सिकर्मीको व्यवस्था–काठको काम गर्नू । सूतक ६ दिन र जूठो १० दिन बार्नू । त्रैपक्षिक गर्नू । पुरोहितसमेत माथिकै सदर गर्नू ।

ग्वाल र हेलको व्यवस्था–गाई पाल्नू । दूध, दही र घिउहरू बेच्नू । सरकारलाई र प्रजाहरूलाई कार्य गर्दा चाहिएका गाईहरू तयार गरी मोल लिएर दिनू । सूतक

DS
49
P8
no



१० दिन र जूठो १२ दिन बार्नू। त्रैपक्षिक र पुरोहितहरू माथिकै सदर गर्नू ।

कुमालजातको व्यवस्था–माटाका भांडा बनाई सरकारलाई दस्तूर दिएर बेच्नू। सूतक १० दिन बार्नू। जूठो र त्रैपक्षिकहरू माथिकै सदर गर्नू। पुरोहित गुभाल वा आचार गर्नू।

उदासको व्यवस्था–लासामा कोठी थापी व्यापार गर्नू। सूतक ६ दिन र जूठो १० दिन बार्नू। त्रैपक्षिक गर्नू। पुरोहित गुभाल गर्नू।

तटीजातको व्यवस्था–कात्रो बन्नू। जनै बनाई बेच्नू। सूतक र जूठो १० दिन बार्नू। त्रैपक्षिक गर्नू। पुरोहित ब्राह्मण गर्नू।

तमोटजातको व्यवस्था– तामा, कांसा आदि धातुका भांडा बनाउनू। सुनाचांदीको जलप सार्नू। सूतक ६ दिन र जूठो १२ दिन बार्नू। त्रैपक्षिककर्म माथिकै सदर गर्नू। पुरोहित ब्राह्मण, अचार र जोसीहरूमा गर्नू। यजमान बुद्धमार्गी भए पुरोहित गुभाल गर्नू।

सुलमी श्रेष्ठको व्यवस्था–रानीका माइती नभए माइतीले गर्ने काम गर्नू। व्यापार गर्नू। सूतक, जूठो र त्रैपक्षिकहरू माथिकै सदर गर्नू।

किसानीको व्यवस्था–देवदेवताका पूजासामा बोक्नू। बलि फाल्नू। पुरोहित गुभाल गर्नू। खेत कमाउनू। सूतक, जूठो र त्रैपक्षिकहरू माथिकै सदर गर्नू।

वैद्यको व्यवस्था–दुनियांको नाडी हेरी व्यथा ठहराएर औषधी गरी रोग निवारण गर्नू। असाध्य भई जाने ठहरेकालाई वैतरणी आदि दान गराई तीर्थमा पुऱ्याउनू। औषधी खुवाउंदा अनुपान र पथ्य मुनासिब विचार गरी प्रयोग गर्नू। दस्तूर १ टका लिनू।

लोहकर्मीको व्यवस्था–शास्त्रोक्तप्रमाणपूर्वक देवदेवताहरूको मूर्ति बनाउनू। सुमेरु खोली ढुंगा फोर्नू। सूतक १० दिन र जूठो १२ दिन बार्नू। त्रैपक्षिक कर्म गर्नू। पुरोहित गुभाल गर्नू।

बरही जातको व्यवस्था–काठको फर्मायिसी काम गर्नू। चर्खा, उइंटा आदि काठका मालहरू बनाई बेचेर खानू। सूतकजूठोहरू माथिकै सदर गर्नू। पुरोहित ब्राह्मण गर्नू। बुद्धमार्गी भए गुभाल गर्नू।

हलवाईको व्यवस्था – रोटी बनाउनू। गुभालसंग मन्त्र सुन्नू। सूतक १० दिन र जूठो १२ दिन बार्नू। त्रैपक्षिक कर्म पनि गर्नू।

भिखुबांडाको व्यवस्था – मूला र अदुवाको खेती गर्नू। पंचपताका दिनू। शिखा मुण्डन गर्नू। गुभालसंग मन्त्र सुन्नू। सूतक १० दिन र जूठो १२ दिन बार्नू। त्रैपक्षिक कर्म पनि गर्नू। पुरोहित गुभाल गर्नू।

बांडाको व्यवस्था – सुनचांदीको गहना बनाउनू। ढलवट धातुको भांडा बनाउनू। धातुमा बुट्टा काट्नू। सुनचांदीको जलप सार्नू। कांसाका कटौरा बनाउनू। पुरोहित गुभाल गर्नू। सूतकादि कार्यहरू माथिकै सदर गर्नू।

बज्राचार्यको व्यवस्था– यी गुभालजातले श्रेष्ठ, ज्यापू, हलवाईं, बरही, सिकर्मी, लोहकर्मी र चित्रकारसंमका अघिदेखि आफूले मन्त्र दिइआएका बुद्धमार्गीलाई मन्त्र दिनू। सूतक ६ दिन र जूठो १० दिन बार्नू। पुरोहित गुभाल गर्नू। पैंतालीसदिने कार्य पनि गर्नू।

कसालको व्यवस्था – कांसो कुटी पिंधी भांडा बनाउनू। सूतक १० दिन र जूठो १० दिन बार्नू। पैंतालीसदिने कार्य पनि गर्नू।

पीठाचार्यको व्यवस्था – पीठपीठमा देवताको पूजा गर्नू। आफूले अघिदेखि गरिआएका अधिकार पाएका महाबलि आदि बलिविधानहरू गर्नू। ब्राह्मणबाट मन्त्र सुन्नू। जनै धारण गर्नू। विधिका हकमा आफ्ना जातका शिष्ट पुरुषले गर्नू। सूतक १० दिन र जूठो १२ दिन बार्नू। पैंतालीसदिने कार्य पनि गर्नू। पुरोहित ब्राह्मण गर्नू। विवाहकार्यमा श्रेष्ठजात र दुनियांको घर पवित्र गर्नू।

शिवाचार्यको व्यवस्था – शिवलिंगको पूजा गर्नू। आफ्ना अधिकार भएका जातसंममा यजमानी गरी

यज्ञादि कर्म गर्नू । गृहशुद्धिकर्म पनि गर्नू । ब्राह्मणबाट मन्त्र सुन्नू । जनै धारण गर्नू । आफ्ना जातका कर्महरू आफ्ना जातका शिष्टका हातबाट गर्नू । सूतकादि माथिकै सदर गर्नू । पुरोहित ब्राह्मण गर्नू । श्रेष्ठजात-संग विवाह आदि व्यवहार चलाउनू ।

कर्माचार्यको व्यवस्था–श्री तलेज्यूको टहल गरी चौकी बस्नू । ब्राह्मणबाट मन्त्र सुन्नू । जनै धारण गर्नू । विधि आफैंले नै गर्नू । आफ्ना अधिकार भएका जात-संममा यजमानी गर्नू । पुरोहित ब्राह्मण गर्नू । सूतक आदि माथिकै सदर गर्नू ।

गुर्वाचार्यको व्यवस्था–श्रेष्ठलाई दीक्षा सुनाउनू । ब्राह्मणबाट मन्त्र सुन्नू । आफ्ना अधिकार भएका जातमा यजमानी गर्नू । शुभकार्यमा होम गर्नू । पुरोहित ब्राह्मण गर्नू । सूतक जूठो माथिकै सदर गर्नू ।

देवाचार्यको व्यवस्था–आफ्ना जातका शिष्टबाट मन्त्र सुन्नू । आफ्ना शुभकार्यमा होम गर्नू । यजमानी गर्नू । पुरोहित र सूतक आदि माथिकै सदर गर्नू ।

पात्रवंश र ठकुलवटको व्यवस्था–ब्राह्मणबाट मन्त्र सुन्नू । ढालतरवार भिर्नू । राजसेवामा निरन्तर रहनू । पुरोहितहरू माथिकै सदर गर्नू ।

राजलवटको व्यवस्था–ब्राह्मणबाट मन्त्र सुन्नू । ढाल-तरवार भिर्नू । राजसेवामा रहनू । पुरोहितहरू माथिकै सदर गर्नू ।

कायस्थको व्यवस्था–सरकारको दस्तखत र मोहर लेख्नू । राजा र दुनियां सबैमा दानपत्र र सुक्रीबिक्रीपत्र गैह्र व्यावहारिक लिखत जति लेख्नू । त्यसरी लेखेको दस्तूर लिनू । ब्राह्मणसंग मन्त्र सुन्नू । पुरोहित र सूतक-हरू माथिकै सदर गर्नू ।

भारोश्रेष्ठको व्यवस्था–शिवमार्गीले ब्राह्मणसंग मन्त्र सुन्नू । बुद्धमार्गीले गुभालसंग मन्त्र सुन्नू । व्यापार गर्नू । पुरोहितका हकमा शिवमार्गीको ब्राह्मण र बुद्धमार्गीको गुभाल गर्नू । सूतकादिहरू माथिकै सदर गर्नू ।

अमात्य र महाजूहरूको व्यवस्था–ब्राह्मणसंग मन्त्र सुन्नू । उत्तम श्रेष्ठसंग विवाह गर्नू । राजकार्य गर्नू । पुरोहित र सूतकहरू भारोश्रेष्ठको सदर गर्नू ।

जोसीको व्यवस्था–ब्राह्मणसंग मन्त्र सुन्नू । जनै, शिखा र गायत्री धारण गर्नू । संकल्पवाक्य पढी नित्य-कर्म गर्नू । उत्तम श्रेष्ठसंग विवाह गर्नू । ज्योतिषशास्त्र पढ्नू । पात्रो बनाउनू । ग्रहण, ग्रहयोग, स्नान, दान, प्राशस्त्ययोग, ग्रहको मेलक, शुभाशुभ योग इत्यादि ठीक ठीक निर्णय गरी प्रजाहरूलाई कहनू । जन्मपत्री, चिह्ना लेख्नू । यसदेखि उपल्ला श्रेणीका कर्महरू नगर्नू । आफ्ना अधिकारसंमको यजमानीकार्य गर्नू । पुरोहित र सूतकहरू माथिकै सदर गर्नू ।

देवब्राह्मणको व्यवस्था–स्वजातबाट मन्त्र सुन्नू । राजालाई मन्त्र दिनू । श्रेष्ठसंमका जातमा यजमानी गर्नू । वेदमन्त्र, स्मृति र पुराण आदिबाट कृत्यमा गन्ती भएका कार्यहरू गर्नू, गराउनू । निषेध गरिएका कार्यहरू नगर्नू, नगराउनू । राजगुरुघरले पुराण बाच्नू । राजगुरुले अरूलाई मन्त्र नसुनाउनू । पुरोहित स्वजातीय ब्राह्मण गर्नू । सूतक १० दिन र जूठो १२ दिन बार्नू । पैंतालीस दिनमा गर्ने मासिकश्राद्ध र सपिण्डीकरणश्राद्ध-हरू पनि गर्नू ।

यस्ता तरह यी राजाले छोराबाट राजकाज चलाई आफैंले बनाएको रामायण आदि नृत्य नचाएर लोकमा धेरै यश र धर्म प्रख्यात गरे । पशुपतिनाथ र मत्स्येन्द्र-नाथको धेरै प्रकारले सेवा गरी आफ्ना पटरानी, पुत्र, पौत्र, परिवार र राज्यलक्ष्मीसमेतको भोगलाई तुच्छ माने । केवल श्री कृष्णको मुख्य आश्रय गरी नेपाली संवत् ७८१ पौष वदि १ का दिन फेरि तीर्थयात्रा गर्ने इच्छाले देशाटनतिर लागे ।

ब्राह्मणजातको छोरा नभई ब्राह्मण परलोक भएमा तिनकी ब्राह्मणीले स्वर्गमा रहुन्जेल जो भएको चल अचल धनहरू खान वेहोर्न पाउंछिन् । ती ब्राह्मणी छउन्जेल अपुताली भनी दाजुभाइले लिन पाउंदैनन् । कार्यहरू पनि अरूले गर्न पाउंदैनन् । तिनै ब्राह्मणीले गर्नू ।

यस्ता हिसाबले यी राजा जय स्थिति राज मल्ल देवले स्थिति बन्दोबस्त बाँधी सबै प्रजाहरूलाई प्रवृत्त गराएर आफू पनि त्यसै स्थितिमा रहे। यो स्थिति पछि हुने राजा र प्रजाहरूमा जसले नाश गर्ला उसलाई पाप लाग्ला। जसले थामी उत्तरोत्तर उन्नति गराउला उसलाई पुण्य हुनेछ। यसकारण यो श्लोकसमेत लेखी प्रचार गराए।

DS
49
78
no



**आदित्यचन्द्रावनिलो नलश्च द्यौर्भूभिरापो हृदयं यमश्च । अहश्च रात्रिश्च उभे च सन्ध्ये धर्मश्च जानाति नरस्य वृत्तम् ।**

**सत्यं हन्ति सुतं हन्ति हन्ति पुण्यं पुरा कृतम् ।**
**स्वर्गस्थं पितरं हन्ति ये प्रकुर्वन्ति चान्यथा ।**
**स्वदत्तां परदत्तां वा यो हरेच्च वसुन्धराम् ।**
**षष्ठिर्वर्षसहस्राणि विष्टायां जायते कृमिः ।**

यी राजा धेरै ज्ञानले युक्त भएका, मनुस्मृति आदि धर्मशास्त्रमा कहेका कार्यहरू गर्ने, निषेध गरेका कार्यहरू त्याग गर्ने, प्रजाहरूलाई पुत्रवत् पालना गर्ने र अतिधर्मिष्ठ हुन्। यिनको राज्यकाल पनि धर्म र धर्मविषयको चर्चा गर्दैमा व्यतीत हुन्थ्यो । यिनले सधैं शुभविषयमा लागि आखिर नेपाली संवत् ५४६ मा आर्यतीर्थ पाई परमेश्वरको नाम स्मरण गर्दै देह त्याग गरे ।

यिनका पुत्र जय यक्ष मल्ल देवले वर्ष २० राज्य गरे। यिनले राज्य गर्दा बाँधेका सबै स्थितिको उत्तरोत्तर उन्नति गराए। श्री पशुपतिनाथमा अघि शंकराचार्यले चलाए-का रीतक्रमबमोजिम दक्षिणी भट्टलाई पूजाहारी र देव-पत्तनका नेवारलाई सुसारे भंडारे राखी शास्त्रोक्त रीतले नित्यपूजा र पर्वपर्वको पूजा तथा महास्नानसमेत गराए । कान्तिपुर टेउडोटोलमा गणेशको शिलामूर्तिमा प्रतिष्ठा गरी स्थापना गरे। भक्तपुर राजधानीमा यिनका ज्येष्ठपुत्र राय मल्ल समर्थ भएपछि दुवै जना बाबुछोराले तचपाटोलमा दत्तात्रेय विष्णुको देवालय बनाई नित्यपूजाहरू गराए ।

यिनैका पालामा कुनै कुमालले जमीन खन्दा अघि गुणकामदेवले पाटनमा यात्रा चलाई लोकेश्वरको मूर्ति स्थापना गरेकोमा पछि वैश्यठकुरीका पालामा बन्द भई सबै देवालय भत्केर देवताहरू जमीनभित्र परेका थिए । तिनै लोकेश्वरको मूर्ति माटामा पाई राजासंग विन्ति चढाए । यिनले भक्तपुर शहरभित्रै देवालय बनाई यमलेश्वर भन्ने नामले प्रसिद्ध गराए । त्यस बखत-देखि ती देवता प्रकाश भएको जग्गाको नाउं यमल भन्दछन् । यिनैका पालामा पाटनमा धर्मराज मीननाथ लोकेश्वरका देवालयसमीपमा लोकेश्वरहरूको र नक्षत्र-देवहरूको मूर्ति स्थापना गरी पद्मदेवसंस्कारित महा-विहार भन्ने नाउंले प्रसिद्ध गराए ।

यिनले राज्यशासन गर्दा बनेपा चण्डेश्वरीको आराधना गरेका प्रभावले चारैतर्फ दिग्विजय गरी दक्षिण गंगासंम लिंदै बंगदेशसंम पश्चिम मध्यदेश लिंदै पाल्पातखतसंम उत्तर हिंड्दा ७ दिनको जमीनसंम तथा अरू पर्वतीय राजाहरूका जमीनसमेत जिते । आफ्नै पुरुषार्थले मगधदेश मिच्दै गई गयाश्राद्धसमेत गरे । फेरि देशहरूबाट सात करोड धन ल्याई भक्तपुर मूल-चोकमा गाडे । नवकोटका हकमा त्यस ठाउंका राजा मासी मुलुक स्वाधीन गरे। अरू ठाउंमा राजाहरूलाई आफ्ना अधी-नमा राखी वार्षिक कर लिने व्यवस्था मिलाई राज्य चलाए ।

यस्ता हिसाबले चारै दिशा विजय गरी भक्तपुर राजधानीमा आफू राज हुने ठूलो दरवार बनाए । त्यहां कोही जान नसक्ने गरी चारैतर्फ अग्लो परखाल लगाई शहरवरिपरि राजकुलाले किल्ला गरी छेके । प्रजाहरूलाई पुत्रवत् पालना गरी निष्कण्टक राज्य गरे । अन्त्यका बखतमा ज्येष्ठताको क्रमले कुलपरम्पराबाट पाई आफूले जगाएका देवताहरूसंग बोल्ने सामर्थ्य गराउने तुलजादेवीको गूढमन्त्र जेठा राय मल्लले गृहण गर्न पाउने हुन् तापनि यी राजाले उस बखत समीपमा रहेका कान्छा पुत्र रत्न मल्ललाई सुनाई यथोक्त विधिसमेत दिएर आफू परमधाम भए।

यिनका शेषपछि छोरा जेठा राय मल्ल, माहिला रण मल्ल र कान्छा रत्न मल्ल मध्ये जेठा राय मल्लले मुख्य राजधानी भक्तपुरमा, माहिला रण मल्लले बनेपा शहरमा र कान्छा रत्न मल्लले कान्तिपुरमा राज्य पाई राज्य गरे । जेठा राय मल्लको भोग वर्ष १५ । माहिला रण मल्लले बनेपा आदि ७ गाउंमा वर्ष २१ भोग गरे । यी स्वयं पढेका र गानविद्याका रसिक हुनाले आफैले पाण्डवविजय नाउंको नाटक बनाई नचाए । यिनैका राज्यसमयमा बनेपुर शहरनिवासी नेवार मोहनसिंह तेलीलाई कौमारीकुण्डका कुमारीले सुवर्णको महिषश्रृंग दिइन् । त्यसका प्रभावले नेपाली संवत् ६२२ मा श्रीपशुपतिनाथमा चांदीको कवच र हीरा आदि जुहारत जडित भएको सुवर्णको कर्णभूषण तथा एकमुखी रुद्राक्षसमेत चढाए । यिनका सन्तान नहुंदा यिनका शेषपछि बनेपा शहरको राज्य पनि भक्तपुरका राजाले नै गरे ।

कान्छा रत्न मल्लले पछि दाजुसंग विरोध होला भन्ने ख्यालै नराखी ज्येष्ठताको क्रमले दाजु राय

मल्लले पाउने तुलजादेवीको मन्त्र बाबुबाट ग्रहण गरेका हुनाले दाजुसंग चित्त नमिल्दा विरोधभाव लिए । अनि रत्न मल्लले त्यसै मन्त्रका प्रभावले नीलतारादेवीको आराधना गर्दा चांडै नै खुशी भई "राजन् तिमी कान्तिपुरमा गई बाह्लठकुरीलाई नाश गरेर राज्य गर" भन्ने स्वप्नमा आज्ञा हुंदा बिहान उठ्नासाथ नीलतारादेवीको दर्शन गरे र कान्तिपुरतिर लागे । अनि बाह्लठकुरीका मुख्यमन्त्री यमगुठ काजीका घरमा गई सपनाको सबै विस्तार गरे । काजीले पनि देवीले यिनलाई राज्य दिइछन्, यिनैलाई राजा मान्नु देश छ भन्ने ठानी म युक्तिसंग कार्यसिद्ध गरुंला भनी रत्न मल्ललाई गुप्त गरी राखे । मन्त्रीले बाह्लठकुरीलाई आफ्ना घरमा बोलाई खाने पदार्थमा विष हालेर खुवाई मारे । त्यसपछि रत्न मल्ल राजा भए । यिनले बाह्लठकुरी मासी आफूले राज्य गरेपछि नवकोटका वैश्यठकुरीहरूको राज्य उच्छिन्न भयो । यसरो तीनै शहरमा मल्लहरूको राज्य भयो । यिनले बाह्लठकुरीका काजीलाई बेईमान ठानी यसले मौका परे मलाई पनि राख्नेछैन भन्ने संझेर कुनै कारणका निहुंले मारिदिए । अनि कान्तिपुर र ललितपुर दुवै शहरका मानिस ह्रात लिई तामाखानी खनेर अघि चलेको सिंहछापको चलन बन्द गरी तामाका पैसाको चलन चलाए ।

यिनैका पालामा ककु देवान नाउं गरेका भोटेले लश्कर ल्याएर नेपालमा लुटपिट गर्दा यिनका मन्त्री मैथिल चार जना ब्राह्मणले पाल्पामा गई शिष्य सेन राजासंग मद्दत मागे । त्यहांका फौज ल्याएर लडाई गरी जितेर धपाई मुलुक स्वाधीन गराए । यसैकारण त्यस बखत आएका खसमगरहरू चार थरलाई बिर्ता खेतहरू दिई जग्गाजग्गामा राखे । ती चार जना मैथिल ब्राह्मणलाई पनि धेरै खेत बिर्ता र खिल्लतसमेत दिए । ककु भोटेलाई मारेका जग्गाको नाउं ककुसिमाजोल भन्ने रह्यो । यिनैका समयमा विदेशबाट यवनहरू आई नेपालमा वास गरे ।

यिनैका पालामा दक्षिण देशबाट सोमेश्वरानन्द षोडान्यासी स्वामी आउंदा उनलाई योग्य ठहराई श्री पशुपतिनाथका पूजक गराए । अघि स्वामी शंकराचार्यले पूजाहारी गरी परम्परा चलाएका दक्षिणी भट्ट ब्राह्मण हुन् तापनि यिनका पालामा स्वामी पूजाहारी भए । ती स्वामी सुकुमार हुनाले बनेपाका दुइ जातलाई झिकाई भण्डारे गराएर पहिलेका भण्डारीहरूसंग पूर्णिमा पूर्णिमाको पगलो बांधी टहल गराए । देवताका मालको निति कान्तिपुरका दुइथर नेवारलाई बिसेत नाउं गरी भण्डारेउपरको डिठ्ठा गराए । यिनै स्वामीलाई गुरुपदवी पनि दिए । देशरक्षाका निमित्त पशुपतिनाथका नैर्ऋत्यकोण नवग्रहस्थानका समीपमा मातृकागणले सहित गरी श्री दक्षिणकालीलाई आवाहन गरेर स्थापना गरे । ती स्वामीले आदिबौद्धस्थानका समीपमा भण्डारेहरूलाई इष्टदेवीको दर्शन गराई अब तिमीहरूले यसै स्थानमा इष्टदेवता मानी प्रतिवर्ष पूजा गर्नू भन्ने आज्ञा दिए । भण्डारेहरूले पनि त्यसै स्थलमा गई प्रतिवर्ष देवालीपूजा गर्ने गरे । बिसेतहरूलाई पंचलिंगभैरवका समीप मटली स्थानमा मंजेश्वरी देवीलाई इष्टदेवता मानी प्रतिवर्ष देवाली गर्नू भनी आज्ञा गरे । बिसेतहरूले पनि त्यस ठाउँमा गई प्रतिवर्ष देवाली गर्ने गरे । यस्ता प्रकरले ती स्वामीले सबैलाई उपदेश गर्दै धेरै वर्षसंम श्री पशुपतिनाथको पूजा गरी अन्त्यका बखतमा मातृकागणस्थानका समीपस्थलमा आसन बाँधेर प्रणायाम गरी ऊर्ध्वमार्गले परमपद गए ।

यी राजाले तुलजा जगाउने मन्त्र पाएका प्रभावल तानादेवताका समीपमा तीनतले छाना गरी ठूलो मन्दिर बनाएर सम्वत् . . . . माघ कृष्ण १० मूल नक्षत्र आदित्य बारका दिन तुलजादेवीको स्थापना गरी पूजा गरे । नवकोटका वैश्यठकुरीलाई ल्याई राजराजेश्वरी देवीका मन्दिरमा चित्रकर्म गर्न लगाए । यसै सालमा वैश्यठकुरीहरूले विरोध गर्न लाग्दा नवकोटमा लश्कर पठाई लडाईमा जितेर धेरै मालताल र फलफूलहरू ल्याई श्री पशुपतिनाथलाई अर्पण गरे । यस्ता प्रकार यी राजाले नीति र धर्मानुसार वर्ष ११ राज्य गरी परलोक भए ।

यिनका पालामा बनेपाका कुमालले श्री पशुपतिनाथका मन्दिरभित्र अनन्तनारायणको मूर्ति स्थापना गर्न पाऊँ भनी विन्ति गर्दा दिएनन् र रात्रीमा आई वत्सला देवीका समीपमा एकै रातमा अनन्तनारायणको मूर्ति स्थापना गरी फर्केर गए । यिनले भुवनेश्वरीका पुजारी मुनि आचार्य मन्त्रशास्त्रमा प्रवीण हुनाले उनीसंग संमत गरी मंगलेश्वरी, भुवनेश्वरी, जयवागीश्वरी, वत्सलेश्वरी र पशुपतिनाथलाई प्रसन्न गर्नाका निमित्त नौ प्रकारका रथ बनाई मुशल, शृंखल, त्रिशूल, खड्ग, बलि, छुरी र पास यी सात पदार्थले संयुक्त गरेर कुमार कौमारीसमेत नौ देवतालाई रथारोहण गराई लोकका मुखबाट धन्यवाद लिए । त्यसमा

DS
49
78
no



आषाढ कृष्ण अष्टमीका दिन शरीर छिन्नभिन्न गरी ईशानेश्वरको प्रदक्षिणा गराउने यात्रा प्रतिवर्ष चलाए। नेपाली संवत् ६४७ मा ती मुनि आचार्य मृतसंजीवनी औषधि लिन गएका बखतमा घरमा लोप भए भनी मुर्दा लैजाने रीतसंग कुमारीयात्राका पछिपछि चिह्ना पोल्न गएका थिए॥ उसै दिन अमृतका घडा लिई मुनि आचार्य देवपत्तनमा आइपुग्दा त्यस्तो खबर सुनेर दुवै घडा त्यहीं बिसाई लोप भए। घडा राखेका ठाउमा दुई थुंका बने। तिनलाई कुवकुदो भन्दछन्।

यिनैका पालामा अभयराज आचार्यले गयाश्राद्ध गरी फर्केपछि गयाबाट ल्याएका भगवान्को मूर्ति भित्र पारीं देवालय बनाएर भगवान्को र विद्याधरी देवीको पाटनमा स्थापना गरेका हुनाले यी राजाले अभयराजलाई तामाका पैसा काट्ने कामको अधिकार दिए। अघिदेखि खूब प्रख्यात भएको त्रिशक्तिदेवी प्रमुख भई सूत्रधारले नागेन्द्रलाई वध गरेको नाटकशास्त्रका प्रमाणको हरिसिद्धि-देवीको नाचमा धेरै कालदेखि राजाहरूको भावना कम भई नाचको प्रचार भएको थिएन। यिनले हरिसिद्धिदेवीको भावनापूर्वक पूजामान्यता गरी बखतबखतमा कान्तिपुरमा झिकाएर नृत्यलीला गराई हरिसिद्धिनाचको प्रचार गराए। त्यस नाचका हात्तीका दोषले खेतमा अन्न घट्यो भनी प्रजा-हरूले अपवाद गर्दा सहकालका निमित्त खोकनामा रहेका महालक्ष्मी इन्द्राणी देवीको नयां नृत्यलीला बनाई नचाए।

यस्तै प्रकारले यी राजाले देवीहरूका नाचमा बहुत श्रद्धा राखी नचाउने गर्दा जमालपर्वतमा रहेकी हरिचोक-देवीको नृत्य १, त्रिशक्तिसंयुक्त गरी मनमयजु इन्द्राणीको १, दुर्गागणले संयुक्त गरी पंचलिंगभैरवको १, मातृकागणले संयुक्त गरी कंकेश्वरीकालीको १, आवरणदेवतागणले संयुक्त गरी लुमडी भद्रकालीको १, कान्तिपुर शहरभित्र श्वेतकाली, वाराही, चण्डेश्वरी र भैरव यी देवता प्रमुख गरी वारणदेवता र गणले संयुक्त भएको चण्डासुरदैत्यवधको उपाख्यानलीलाको नृत्य १ समेत नयां नृत्यलीला बनाई बखतबखतमा नचाए। यस चण्डवधोपाख्यान लीलाका नाचमा कीर्तिपुरका व्याघ्रभैरवको आवाहन गरी सूक्ष्म व्याघ्रमूर्ति बनाएर नचाउने गरेका हुनाले यो नाच प्रकाश हुँदा कीर्तिपुरमा नचाउन लैजाने रीत पनि चलाए।

यस्ता प्रकारले यी राजाले स्थानस्थानमा पीठहरू जगाई गुणी जनका समीपमा राखी प्रतिवर्ष देवीहरूको नृत्यलीला गराउंदा कंकेश्वरीका नृत्यप्रकाशका बखतमा एक मानिस पशुरूप भई संमुखमा रहंदा त्यस पशुरूप मनुष्यलाई कोप भई देवीले बलिभावले भक्षण गरिदिइन्। अब नरबलि नभई नाच नहुने हुंदा कठिन भयो भनी कंकेश्वरीलाई पूजामान्यता गरी मनाए र नाच पनि बन्द गरे। अरू देवीगणहरूका नाचका हकमा कसैको बाह्र वर्षमा एक पटक नृत्यलीला गर्ने रीत चलाए। अद्यापि त्यसरी चलेको रीत छंदैछ। लुमडी, कंकेश्वरी र लुचुमडी देवीहरूको रथारोहणयात्रा चलाई चैत्र कृष्ण प्रेतचतुर्दशीका दिन रथमा चढाएर शहरमा प्रतिवर्ष यात्रा गराए।

यिनले शासन गरेका शहरहरू—राजधानी कान्तिपुर १, ललितपट्टन १, बांडागाउं १, हरिसिद्धि १, लुभु १, सानागाउं १, ठेचो १, सुनागूठी १, चापागाउं १, फर्पिङ १, कीर्तिपुर १, मत्स्येन्द्रपुर १, खोकना १, पांगा १, थानकोट १, बलम्बु १, शतंगुल १, हरिचोक १, टोखा १, धर्मस्थली १, चपलीगाउं १, नलगाउं १, धलगाउं १, चुकुगाउं १, गोकर्ण १, देवपाटन १, नन्दिग्राम १, सन्धिग्राम १, शालिग्राम १ यति नेपालखण्डभित्रका शहर र गाउंहरूको भोग गरे।

एक दिन यी शहर र गाउंहरू कहिले बनेका हुन् भनी पण्डितहरूसंग सोध्दा पण्डितहरूले विन्ति गरे "कुनै गाउं कन्यादान गर्दा आफ्ना जुवाईलाई र ब्राह्मणपुत्रीको कन्यादान गर्दा ब्राह्मणलाई दान दिएका हुन्। कुनै देवताले बनाएका ठूला शहरहरू उब्री बांकी रहेका हुन् तिनमा नन्दिसागर, नन्दिगाउं र मालीगाउं विशालनगर उब्रेपछि बनेका हुन्। शंखपुर शंकरदेव राजाले बनाई बज्रयोगिनी-लाई चढाएको हो। चांगुगाउं चांगुनारायणका आज्ञाले बनाई तिनै नारायणलाई अर्पण गरेको हो।" फेरि यिनका पालाका मालीगाउंमा आगो लाग्दा त्यहांका प्रजाले नन्दिगाउंका समीपस्थलमा घर बनाई बसे। यी राजाले यस्ता प्रकारले पण्डितहरूको संगत गरी कान्तिपुर र ललितपुर दुइ शहरको राज्यभोग गरे।

यिनका पुत्र सूर्य मल्लले वर्ष १५ भोग गरे। यिनले भक्तपुर इलाकाको चांगु र शंखपुर बलैले आफ्ना राज्यमा मिलाई भोग गरे। पछि शंखपुर शहरमा बस्दा बज्रयोगिनीको नित्य आराधना गरेका प्रभावले

देवीबाट मेरो यात्रा गर भन्ने आज्ञा भयो । अनि वैशाख पूर्णिमाका दिन मुख्ययात्रा उठाई आठ दिनसंम यात्रा चलाए । त्यसमा बज्रयोगिनी, योगेश्वर, महाकाल भैरव, सिंहिनी, र व्याघ्रिणीलाई रथमा राखी चार दिनअघिदेखि आफ्ना स्थानबाट ल्याएर शंखपुरमा राख्ने र पूर्णिमाका दिन यात्राको महोत्सव गर्दै देश घुमाई चौथा दिनमा स्वस्थानमा लैजाने यात्रा प्रतिवर्ष चलाए। उनले त्यहां ३ वर्षसंम राज्य गरेपछि कान्तिपुरमा फर्के। तिनै ताका कुनै एक शूद्रले श्मशानमा मुर्दा जलाउंदा अरूले नदेख्ने गरी मुर्दाको मासु खाएछ । त्यसदिनदेखि त्यसको दैत्यको जस्तो भयंकर विकट दन्त निस्क्यो । अनि बाटामा बिकट बसी श्मशानमा लान लागेका र श्मशानमा पुऱ्याएका समेत लाश खोसी मासु खाने गरेको हुनाले त्यसको नाउं बालदैत्य रह्यो । यसरी लाश खोसेर खाई प्रजाहरूलाई दुःख दिंदा यसलाई कुन युक्तिले मार्ने भनी राजाले विचार गरे । त्यस दैत्यको अघिको मित्र एक तेलकारलाई डाकी युक्तिपूर्वक वचनले मनाएर असल हतियारद्वारा त्यसै तेलीका हातबाट मराए। त्यसै खुशीयालीमा तेली जात सबैले वाद्यघोष गरी मृतक लैजानू भनी राजाले स्थिति गरिदिएका हुनाले तेली जातमा त्यो चलन आजतक छँदैछ ।

यिनका पुत्र नरेन्द्र मल्लले वर्ष ५ भोग गरे । यिनका पालामा देवपत्तनमा बस्ने कोलखा नामक नेवारले चांगुनारायणको नित्य दर्शन गरी भोजन गर्ने नियम गरेका थिए । एक दिन बर्सादले मनोहरा बढी तर्न नसक्दा दर्शन गर्न पाइन भनी मनमा पीर लिई नारायणको स्मरण गरे । त्यसै बखतमा "अब तैंले चांगुसंम जानु पर्दैन । मेरो मूर्ति मनमतीले बगाई ल्याएको छ, देवपत्तनमा लगी चक्रकुण्ड स्वयंभू ब्रह्माका समीपमा स्थापना गरी दर्शन गर" भनी आकाशवाणी हुंदा उनले मनोहरामा बगाई ल्याएको लक्ष्मी र सरस्वतीसहित नारायणको शिलामूर्ति देखे । अनि ब्रह्ममूर्तिका समीपमा स्थापना गरी दर्शन गर्ने गरे । ती नारायणको कृष्णाष्टमीका दिन जागरणपूर्वक पूजाआजा गरी पछि पनि पूजा चलोस् भनी धेरै गुठी राखे । यी राजाले भुवनेश्वरीको देवालय जीर्णोद्धार गरी अघिभन्दा बढाएर बनाए । यिनले ५ वर्ष मात्र राज्य भोग गरी परलोक भए ।

यिनका पुत्र महेन्द्र मल्लले वर्ष ४३ राज्य गरे । यिनले नित्य पशुपतिनाथको दर्शन गर्ने परमभक्त हुनाले पशुपतिनाथबाट आज्ञा पाई आफ्ना दरवारका उत्तरपट्टि-पशुपतिनाथका सबै लक्षणले संयुक्त गरी राम्रो देवालय बनाएर पशुपति नामले प्रसिद्ध गरी शिवस्थापना गरे । त्यहाँ आफूले नित्य दर्शन गरी पूजाहरू गराए । उनले स्थापना गरेका हुनाले ती महादेवको महेन्द्र मल्लेश्वर भनी प्रसिद्ध भए । दरवारकै समीपमा कोटिलिङ्गेश्वर महादेवको स्थापना गरी देवालयलाई सुवर्णले छाए । यिनले सेता हांस र बाज दिल्लीका बादशाह अकबरलाई सौगात पठाई ६ मासाको छाप बक्साएर आफ्ना नाउंको टक मारे । त्यसलाई महेन्द्रमल्ली कल्लार भन्ने नाउंले प्रसिद्ध गरी आफ्ना मुलुकको चलन चलाए ।

विक्रम संवत् १५८६ माघ शुक्ल द्वादशीका दिन मुकुन्द नामक ब्रह्मचारीले सुखभोग गर्नाका नियतले तीर्थराज प्रयागमा फाल हाली प्राणत्याग गरेका पुण्यका प्रभावले बादशाह नैमुलका कुलमा बादशाह हुमायुका वीर्यले बेगम मुलतान हामिडका गर्भबाट विक्रम संवत् १५९० साल आदित्य वारका दिन ती मुकुन्दले जन्म लिए । हुमायुलाई भाइहरूको दुष्टबुद्धि र सरदारहरूको निमेकहरामीले डिल्लीका तखतबाट शेर शाहले निकाले। अनि हुमायुले ठूलो दुःख पाउंदा यिनको जन्म भयो । यिनका ग्रहका प्रभावले ईरानका बादशाहबाट मद्दत पाई फेरि तखतमा दखल गरे । हुमायुका शेषपछि ती तपस्वीको अवतार भएका विक्रम संवत १६०३ मा दिल्लीपतिहरूको राज्य पाई निष्कण्टक राज्यभोग गरे । यिनै बदशाहबाट आफ्ना नाउंको छाप चलाउनू भन्ने यी राजालाई हुकुम हुँदा राजमुद्राको चलन चलाए । त्यस बखत साथै आएका पवनहरूलाई कान्तिपुरमा बिर्ता समेत दिई राखे ।

यी राजाले तुलजाको आदिस्थान भक्तपुरमा गई नित्य तुलजाको दर्शन गरेर दरवारमा आई भोजन गर्दथे । एक दिन तुलजादेवीले "अब तिमीले कान्तिपुरमा गई सबै प्रकारले भक्तपुरका नमूनाको सूत्रले नापी यन्त्राकारले आवरणदेवता संयुक्त गरेर देवालय बनाऊ। त्यहां म प्रवेश गरूंला । अब तिमी यहां आउनुपर्दैन" भनी आज्ञा भयो । त्यसअनुसार देवालय बनाउनालाई तानादेवतादेखि पश्चिम, मखनडबलीदेखि दक्षिण, झोछेंदेखि उत्तर, प्याफलदेखि पूर्व यति चार किल्लाभित्रको जग्गा उत्तम ठहराई आरम्भ गरे । तुलजादेवीले पनि संन्यासीको रूप लिई देवल बनाउने मानिसलाई देवालयको यन्त्र र जग्गाको भेदसमेत बताई अन्तर्ध्यान भइन् । तानादेवताले आफ्नोभन्दा अग्लो देवालय बनाउन लागे भनी दिनभरि बनाएको जति रातभरिमा भत्काइदिने गरे । अनि २१ गजूर र ३६० रांगाको बलि दिउंला भनी तानादेवीलाई भाकल गरे । त्यसपछि निर्विघ्नपूर्वक

देवल तयार गरी मखनडबली ढाक्ने गरी पांच गजूर हालेर सुवर्णले छाना छापी तुलजाको देवल तयार गरे। भाकलका हकमा ५ गजूर चढाई १६ गजूर चाकलदेवलमा राखे । ३६० बलि भनेकोमा १ रांगो मात्र तानादेवीलाई दिई अरू दशैंमा स्थापना गरेका देवताहरूलाई बलि दिए । त्यसपछि बढिया मूहूर्तमा कोट्याहुति यज्ञ गरी देवालयको प्रतिष्ठा गर्दा नेपाली संवत् ६८९ माघ शुक्ल पंचमी सोमवार अनुराधा नक्षत्रका दिन तुलजाभवानीले भ्रमरको रूप लिई प्रवेश गरिन् । राजाले खुशी भई ब्राह्मणहरूलाई बिर्ता र दक्षिणा दिई प्रतिष्ठा पूर्ण गरे । दुनियांहरूलाई त्यसै दिनदेखि अग्ला अग्ला घर बनाउन फुकाइदिए । फेरि पशुपतिनाथका चार मुखमा चांदीका चार नागहार बनाई चढाए । यस्ता प्रकारले यी देवताहरूमा र अरू देवताहरूमा समेत अर्पण गरी गूठी र पूजाहारी पनि राखे । अन्त्यका अवस्थामा परमेश्वरको नामकीर्तन गर्दागर्दै परमपदमा पुगे ।

यिनका जेठी पट्टरानीपट्टिका सदाशिव मल्ल र र कान्छी ठकुर्नी रानीपट्टिका शिवसिंह मल्ल दुइ छोरा थिए । यिनमा सदाशिव मल्लले दुर्जनको संगत गरी घोडाको बथान छाडा गरेर प्रजाहरूको बाली खुवाउने तथा यात्रा हेर्न आएका राम्रा राम्रा स्त्रीहरूलाई बलजफती समाती क्रीडा गर्ने गरे । यसो हुंदा मनोहरामा शिकार खेल्न गएका बखतमा दुनियांहरूले नोल, मुदगर, ढुंगा र मूढा प्रहार गरी सदाशिव मल्ललाई भक्तपुर धपाए । त्यहांका राजा नरेश मल्लले पनि उनलाई पक्रेर दरबारको चोकभित्र राखी कैद गरे । केही दिनपछि उनी परलोक भए । त्यस चोकलाई आजतक सदाशिवचोक भन्दछन् । यसपछि कान्तिपुरमा सद्दे सूर्यवंशी नष्ट भए ।

यी शिवसिंहका पालामा दक्षिण महाराष्ट्रबाट लक्ष्मी–नारायण नाउं भएका लम्बकर्ण भट्ट नेपालमा आई कुलेश्वरमा बसेका थिए । यी राजा बडा ज्ञानी हुनाले सौजन्यको पहिचान गर्दा ती भट्टलाई सज्जन ठहराई मन्त्र ग्रहण गरेर गुरु पदवी दिई घरखेत बिर्तासमेत दिए । लम्बकर्ण भट्टले जपेका मन्त्रका प्रभावले ललितपुरमा वैश्यराजाका सन्ततिले दुःख दिए पनि तिनीहरूलाई जिती कान्छा छोरा हरिसिंहलाई ललितपुरैमा राखी राजा गराए । कान्तिपुर र ललितपुर दुबै ठाउंमा देवालय बनाई बाह्याभ्यन्तर गरेर दिगन्तलीको स्थापना गरे। चिकमुंगलटोलमा पनि रहस्यध्यानपूर्नक बज्रयोगिनीको आगम स्थापना गरे । कडेलचोकमा कुकुर पसी शान्ति गर्दा पुरोहित ब्राह्मणले कुत्ताप्रवेशशान्ति शिव मल्ल स्वाहा भन्ने वाक्य पढेका हुनाले विषाद मानी मन्त्रीसंग संमत गरे । अनि तिरहुतका राजासंग लेखापढी गरी विसेबार, कर्महंस, कोनय र नखाय भन्ने ४ थरका मैथिल पण्डित ब्राह्मणहरूलाई जाहानसमेत झिकाएर घरखेत र बिर्ता दिई राजधानीमा बसाए । त्यस बखतका राजकुमारहरूलाई विवाह गर्न कन्या लिन पनि तिनै ब्राह्मणहरू गए । तिरहुतबाट मैयांहरूसंग आएका ब्राह्मणहरूरलाई पनि घरखेत र बिर्ता दिई तीनै शहरमा राखे । त्यसै बखतमा नन्दिगाउंमा पूर्वतर्फ स्थापित भएकी वाराही देवीले मलाई रुद्रमतीले बगाई लैजाला होश गर भनी त्यहांका प्रजाहरूलाई जनाउ दिएका चार दिनमा चोभारका नागले रुद्रमतीको बाटाबाट वाराहीलाई वाग्मतीदोभानमनि पुऱ्याएपछि अड्कंदा त्यहीं वाराही भनी प्रसिद्ध छँदैछन् । त्यस बखतमा वाराहीले नन्दिगाउंका प्रजाहरूलाई श्राप दिएको हुनाले दुःखी हुनगए । त्यसपछि गाउंको रक्षा गर्ने पीठ नहुंदा उत्तरपट्टि वैष्णवी पीठ जगाई अन्नका धेरै प्रकारका पाक चढाएर सुवर्णको मूर्ति स्थापना गरेर प्रतिवर्ष वैष्णवीगणको रथारोहण यात्रा गर्ने गरी गूठी राखे ।

यिनका पुत्र हरिसिंह मल्लले वर्ष २१ राज्य गरे । यिनले सन्तानका कल्याणलाई पाटनको हातामा लुंभु भन्ने गाउं बसाई तामापत्र गरेर श्री पशुपतिनाथलाई समर्पण गरे । पंञ्चलिंग भैरवका कूप कहिल्यै पनि भरिंदैन भन्ने सुन्दा यिनले म भर्दछु भनी धेरै धन ल्याई हाले । कूप भरिएन र वाग्मतीको जल उठाई हाल्दा पनि नभरिएकोले व्यर्थ अहंकार गरें भनि धेरै धन खर्च गरी भैरवको पूजा गरेर क्षमायाचना गरे । अनि प्रतियावामा दरबारबाट पूजासामा पठाउने गरे। त्यस बखतदेखि पाटनदरबारबाट पंचलिंग भैरवको यात्रामा पूजासामा पठाउने चलन चल्यो।

एक बर्ष यी भैरवको यात्रामा चिकमुगलमा कूप फुट्यो र यी राजाले टुक्राहरू त्यहीं जमीनमा गाडी पत्थरले ढाकी पूजा गरे । त्यो ठाउं भैरवपतन स्थान भनी प्रसिद्ध भयो । अघि वैश्यठकुरी राजाका पालामा यी पंचलिंग भैरवलाई दक्षिणतर्फका क्षेत्रपालका रूपमा मान्यता गरी माटाको कूप बनाएर त्यहां भैरवको मूर्ति बनाई यात्रा गर्ने गरेका थिए । यिनका पालामा फुट्दा माटाको कूप खारिज गरी धातुको कूप बनाएर त्यहां भैरको ध्यानसंयुक्त

मूर्ति लेखी धेरै द्रव्यले पूर्ण पारेर आश्विन शुक्ल पंचमीका दिन विशेषरूपले यात्रा गराए।

उता ललितपुरमा पुत्र हरिहर मल्लको राज्यभोगको छांट देख्दा यी राजा शिवसिंह र गंगारानी दुवैले दगा गर्ला कि भनी शंका गर्दथे। बूडानीलकण्ठ जाने बाटासमीपका जमीनमा जातजातका फलफूल र राम्रा राम्रा वृक्षका विरुवा लगाई बगैंचा बनाएर रानीवन भन्ने नाउं राखे। त्यहां गई राजारानी दुवैले वनविहार गर्दथे। कुनै दिन वनविहारमा गएका राजारानी दुवै दरवारमा फर्केनन् र उहीं मुकाम गरे। त्यसै वेला पाटनका राजा दाजुले लक्ष्मी नृसिंह मल्ललाई झूटो अपवाद लगाई पक्रन खोज्दा डरले भागी देवपत्तनमा गएर संघतका घरमा लुके। त्यहां त्यस संघतका फिका र परू भन्ने दुइ छोरीले राजपुत्रलाई धेरै प्रकारले टहल गरे। त्यसबाट राजपुत्र खुशी भई मेरो राज्य भएका बखतमा तिम्रा जातको पानी फुकाइदिउंला भनेका थिए। उता भाइले कान्तिपुर स्वाधीन गर्नाका निमित्त मातापितासंग बराबर आउनुजानु गर्दथे। राजा शिवसिंहले पनि कान्छा छोराका वशमा परेझैं भई जेठा पुत्रको खोज-खबर गरेनन्।

त्यसपछि दक्षिणबाट नित्यानन्द षोढान्यासी ब्रह्मचारी आउदा गंगारानीले स्वामीलाई सज्जन ठानी पशुपतिनाथको पूजक गराइन्। सबै कार्य जान्ने हुनाले यी स्वामीले विचार गर्दा ललितपुरमा राजा धेरै काल नठहर्ने कारण पशुपतिनाथ अघोरदृष्टिका संमुख पर्नाले हो भन्ने निश्चय गरे। अनि त्यही अग्रभागमा कुतूहलक्रयासंयुक्त गरी उन्मत्तभैरवको स्थापना गरे। त्यस बखतदेखि ती भैरवका कृपाले देवपत्तनका बालकलाई स्वयंभूकी बुढियाको डर पनि भएन। अरू ठाउंका बालकहरूलाई पनि यी उन्मत्त भैरवको पूजा गर्नाले दोषनिवारण भई आराम हुन्छ। यिनले राजेश्वरीका समीपमा वन पाली श्रीपशुपतिनाथलाई समर्पण गरे।

एक दिन नित्यानन्द स्वामीले गंगारानीलाई डाकी अब दुवै शहरमा तिम्रा सन्तानको राज्य स्थिर हुनेछ भनी विस्तार गरे। यिनै गंगारानीले पशुपतिनाथको देवालय अघि तीन छाना भएकोमा दुइ छानामात्र राखी जीर्णोद्धार गरिन्। बिग्रेको सुनको छाना साबूत सजी त्रिकोण ईंट पारेर संपूर्ण देवालयको छाना छापी क्षेत्रसमेत बनाएर सुनको गजूर चढाइन्। त्रिकोण ईंट उब्रँदा त्यस ईंटले नेपाली संवत् ७०५ मा चांगुनारायणको देवालय संपूर्ण गरी छाइदिइन्। फेरि पशुपतिनाथमा पताका चढाई दरबारमा लगेर बांधे। यस्ता हिसाबले राजा शिवसिंह मल्ल र गंगारानीले पशुपतिनाथको भावनापूर्वक पूजा मान्यता गरी अन्त्यकालका बखतमा एकै दिनमा दुई मुहूर्तको फरकमा श्री पशुपतिनाथका समीपमा परमेश्वरको कीर्तन गर्दै परलोक भए। यी राजारानी परलोक हुने चार दिनअगाडि पशुपतिनाथको नैर्ऋत्यकोणमा आधारातमा अघोर शब्द हुंदा सुन्ने मानिसहरू कान नसुन्ने भए। त्यसका चारौं दिनमा यिनीहरू परलोक भएका हुन्। त्यसपछि कान्तिपुरमा मन्त्री र प्रजाहरूका संमतले जेठा पुत्र लक्ष्मी नृसिंह मल्ललाई राजा गराए। उता ललितपुरमा हरिहरसिंह-मल्लले वर्ष २१ राज्यभोग गरे।

यी हरिसिंह मल्ल परलोक भएपछि यिनका छोरा सिद्धि-नरसिंह मल्लले वर्ष ४१ राज्य गरे। यिनले नेपाली सम्वत् ७४० आश्विन शुक्ल दशमी रविवारका दिन राज्याभिषेक पाई राजा भएका हुन्। काजीहरूका संम्मतले राजा हरिसिंह र रानी लालमतीलाई पशुपतिनाथका दक्षिण दरवाजाका समीपमा केही दिन राज गराई असल मुहूर्तमा गर्भाधान भएको हुनाले यी सिद्धिनृसिंहले शुभ लग्नमा जन्म पाए। यी बहुतै ज्ञानी हुनाले प्रजाहरूको पुत्रवत् पालना गर्दथे। यिनले नेपाली संवत् ७४१ मा मत्स्येन्द्रनाथको मन्दिरमा एक तला बढाएर सुनको छाना बनाई सुनको गजूर चढाए। आफ्ना दरवारमा पनि अघिको भन्दा धेरै राम्रो गरी दरवार बढाई सुनको ढोका बनाए। दरवारका दायांबायां नृसिंह, पंचमुखी हनूमान र गणेशहरूको मूर्ति स्थापना गरी दरवारभित्र ढुंगा छापे। त्यहां सुनको धारा बनाई तन्त्रशास्त्रप्रमाणका देवताहरूको ध्यान प्रकाश गरी संवत् ७४७ वैशाख कृष्ण ३० मा स्थापना गरिदिए। दिगन्तली भवानीको देवालय पनि ५ तला गरी नेपाली संवत् ७४७ ज्येष्ठ कृष्ण २ उत्तरा नक्षत्रमा सुनको छाना बनाई सुनको गजूर चढाए। तुलजा भवानीलाई पनि यथाक्रमले आवरणसहित स्थापना गरी सुनको गजूर चढाए। दसैंका टीकाका दिन खड्गयात्रा गर्दा ठेचोको नाच र ललितपुरको दुर्गगणको नाच नचाउने रीत चलाए। भंडारखालमा पोखरी र धारासमेत बनाई सुनको कमल राखिदिए। संवत् ७४९ मा मण्डपमा भूगोलका आकारले देवताको चित्र लेखिएको काठको चंदुवा बनाई गजूर चढाए। सुनको कमलमाला बनाई मत्स्येन्द्रनाथलाई चढाए। शहरमा महाजनहरू पनि धेरै

01
DS
49
78
no



बसाए । यी राजाकी माता रानी लालमतीले पनि तीनतले देवालय बनाई लक्षाहुति यज्ञ गरेर विश्वेश्वर देवताको स्थापना गरिन् ।

यिनै राजाले आफ्ना दरबारका अगाडि सब सरदाम तयार गरी नेपाली संवत् ७५० भाद्र शुक्ल १५ शनिवारका दिन ढुंगैढुंगाको देवालय बनाउन आरम्भ गरी रामायण, महाभारत र पुराणहरूका प्रमाणका आवरणक्रमले अति-सुन्दर दशअवतारको मूर्ति अंकित भएको देवालय तयार गरे । त्यसै बखत गोपीकृष्णबाट म फलाना ठाउंमा छु, तिमीले तयार गरेका देवालयमा मलाई स्थापना गरी पूजा गर भन्ने स्वप्नमा आज्ञा भयो । सोबमोजिम मूर्तिको खोजी गर्दा श्री कृष्णजीको मूर्ति र राधाजीको मूर्ति दरबारका बुइंगलमा पाइए । अघिका राजाले भंडारखालका जमीनभित्र ती दुइ मूर्ति पाई बुंइगलमा राखिछाडेकाले अहिले पाइएको हो । ती दुइ मूर्ति र अर्को राधाजीको रम्य मूर्ति बनाई तीन मूर्ति एकै ठाउंमा स्थापना गरे । नेपाली संवत् ७५७ फाल्गुन शुक्ल दशमी गुरुवारका दिन संमुखमा ठूलो खम्बामा सुवर्णको गरुड बनाई देवालयमा सुनको २१ गजूर चढाए । ब्राह्मणहरूलाई दक्षिणा, वस्त्र र गहनाहरू दिई धेरै ब्राह्मण, योगी, वैरागी, फकीर र गरीबहरूलाई यथेच्छ भोजन गराएर प्रतिष्ठा पूरा गरे । तिनै श्री कृष्णका संमुखमा यथोक्त मण्डप बनाई कोट्याहुति यज्ञ गरे । त्यस्तो यज्ञ गर्दा सब कार्य ब्राह्मणले नै गर्दथे ।

एक दिन चुकबाहालको गुभालले हामीले जानेको शास्त्र व्यर्थ भयो भनी मण्डपको ढोकाबाहिर मन्त्र पढी खेतका आलिमा लट्ठीले ठटाउंदा यज्ञकुण्ड भत्क्यो । फेरि दुइ फेरा बनाउदा पनि बिग्रियो । अनि पुरोहित विश्वनाथ उपाध्यायले यो त आश्चर्य भयो भनी विचार गर्दा चुकबहालको गुभालले गरेको भन्ने ठहराए। तर त्यो प्रयोगको निवारण गर्न नसकी त्यसै गुभालसंग गएर तिमी विघ्न नपार । यज्ञ सिद्धिएपछि तिमीलाई केही द्रव्य दिउंला। मेरो इज्जत नलेऊ भनी त्यस गुभाललाई हात लिए । अनि आफू होता भई विश्वनाथ उपाध्यायले कोट्याहुति शुरु गरे। फेरि कान्तिपुरका राजा प्रताप मल्ल र उनको बहुत प्रेमी गुभालले यज्ञमा विघ्न गर्ने अभिलाषा लिए। उनीहरूले यज्ञकुण्डमा भूतका छौंडाको रूप लिई प्रवेश गरेर रुन लागे। किन रुन्छौ भनी सोध्दा खानेकुरा मागे । खानेकुरा दिंदा ती दुवैले माटाका थैलामा थापे। तर त्यस थैलामा खानेकुरा जति हाल्दा पनि भरिएन। अनि यिनीहरू अवश्य विघ्न गर्न आएका हुन् भनी सबै ब्राह्मणले ठहराए । सोधपूछ गर्दा उनीहरू उत्लिखेरै अन्तर्ध्यान भए । त्यसको केही बेरपछि सर्पको रूप लिई आउंदा ती दुइ सर्पलाई मन्त्रले स्थिर गरेर राखी गर्नुपर्ने क्रिया सिध्याए । पूर्णाहुति गर्ने बखतमा शुरामा राखी तिमीहरू को होऊ, भन्न भए भन नत्र हवन गरिदिन्छु भनी विश्वनाथ आचार्यले झपारे । म राजा प्रताप मल्ल हुं, यी जामन गुभाल हुन् । हाम्रो जीवनको रक्षा गर भनी बोलेको कानले सुने । अनि आचार्यले यस बखत एकपल्ट पऱ्यो तापनि अब फेरि यस्तो काम कहिल्यै नगर्नू भनी तीनपटक सत्यवाचा गराएर छाडिदिए ।

यस्ता हिसाबले छयालीस दिनसंम यज्ञ गर्दा श्री कृष्णका कृपाले निर्विघ्नपूर्वक कोट्याहुति पूर्ण भयो । त्यस यज्ञमा होता विश्वनाथलाई सुनको मुकुट, सुनका गहना, सुनको जनै र असल वस्त्रहरू पहिराई गाबहालमा नयां घर बनाएर त्यसमा चाहिंदो सबै पदार्थले संयुक्त गरी खेत, चाकर, चाकर्नी, गाई र भैंसीसमेत राखी दान गरिदिए । सुनको कल्पवृक्ष बनाई हीरा, मोती आदि नवरत्नका फलफूल जुटाएर चांदीको पोखरी बनाई तिनै विश्वनाथलाई दान गरिदिए । यिनले जाउलाखेल भन्ने ठाउंमा पोखरी बनाउंदा पांच इनार बनाई सात तला सिंढी सिध्याउंदा पनि पानी फुटेन र पुरोहित विश्वनाथले पुरश्चरण गरी पांच इनारबाट पानी उमारेर पोखरी भरी प्रतिष्ठा गरे । यी राजाले यत्रो देवालय गोपीनाथका करुणाले तयार भयो भनी रात्रीमा देवालयतिर फर्की हेरिरहेका बखतमा भगवान् श्रीकृष्णले आफ्नो पूर्णरूपले राजा सिद्धिनरसिंहलाई एक क्षण दर्शन दिई अन्तर्धान भए । यिनले यस कलियुगका राजाका चर्मचक्षुले यस्तो सजिलोसंग परमेश्वरको दर्शन पाउनु दुर्लभ हो । तैपनि मैले दर्शन पाएं भने अब यो अनित्य संसारमा डुबिरहन्न भन्ने विचारले ठूलो तपस्या गरे । गर्मीमा सात पाखी पंचाग्नि तापेर हावा कति नपस्ने गुफामा बसी भजन गर्दथे । जाडाका बखतमा पत्थरका पलङमा सुतेर पातलो पछेउरा ओढी बस्दथे । खाने पदार्थका हकमा एक मूठीदेखि बढाई पाथीसंग भोजन गर्दथे । घटाउंदा पाथीमा १ मूठी संम भोजन गर्दथे । यस्ता तरहसंग देहलाई शोषण गर्दै असल पदार्थ खान त्याग गरी अनेक प्रकारका नाचगीतहरूको

कविता बनाई कालक्षेपण गर्दथे । यी राजगद्दीमा बसेको १४ वर्ष भएको थियो । राम शाह नेपालमा आई सिद्धिनरसिंहसंग भेट गर्दा यिनले बहुत संमानपूर्वक बिदा दिएर काजी प्रधानहरूलाई गोरखासंग पुर्‍याउन पठाए। रामशाहको र यिनको ठूलो मित्रता हुनाले ललितपुरका चौबीस टोलका महाजन लगी गोरखामा कोठी बसाएर व्यापार गराए । यसै बखतदेखि गोरखा देश गुलजार भयो । यिनकी माता लालमती रानीले आफूले स्थापना गरेका विश्वेश्वरको देवालयका संमुखमा अघि बनेका दुइ धारामा आफूले सुनको बेग्लै एक धारा थपी सुनका तीन धारा पुर्‍याइन् । यी राजाले अघि स्थापना गर्न बनाइएका कृष्णको र राधाको मूर्ति स्थापना नगरी त्यसै रहेकोमा ती मूर्तिलाई कृष्णका देवालयका नैर्ऋत्य भागमा स्थापना गरी प्रतिष्ठा गरे । श्रीकृष्णको सुवर्णमूर्ति बनाई फाल्गुन शुक्ल पूर्णिमाका दिन वर्षपीछे हिन्दोलनयात्रा गराए । ज्येष्ठ शुक्ल पूर्णिमाका दिन सुवर्णमय सिहासनमा सुवर्णका श्रीकृष्ण र राधिकाका दुइ मूर्तिलाई विराजमान गराए । त्यही भित्तामा श्रीकृष्ण आदि देवताको मूर्ति लेखेको पट टांसी आफूले बनाएको ३२ राग भएको ज्ञानलीलाको ३२ प्रकारको गीत गान गराई प्रतिवर्ष गाना गर्ने रीत चलाए । यिनले आफैंले रामायण आदि विषयको अनेक ललित नृत्यलीला बनाई दरवारका सामने डबलीमा नचाए । कार्तिकमहात्म्यको पनि नाच बनाई आरम्भ गरे ।

यसपछि आफ्ना आमा, स्त्री, पुत्र, पौत्र सबै परिवार-हरूलाई बोलाई यस पाला म त्रिशूलगंगासंमका तीर्थहरूको स्नान गर्न जान्छु । त्यहांबाट अगर्खुका समीपमा स्वयंभू महादेवका स्थानमा शिवरात्रीमा जाग्राम गरी फर्कन्छु । म नआउन्ज्याल राज्यभार पुत्र श्रीनिवास मल्लले सम्हाल्नू भनी नेपाली संवत् ७७२ माघ कृष्ण त्रयोदशीका दिन पुत्रलाई राज्यभार सौंपे । आफूचाहिं सामान्य यात्रीको भेषमा गोरखाको बाटो तीर्थयात्रा गर्न गए । यी राजा बडा गुणी, पण्डित, ग्रन्थरचनाहरूमा पूर्ण शक्ति भएका, ठूला उदार स्वभाव भएका, सात्विकगुणसंयुक्त, ठूला दाता, तपस्वी, विवेकी, क्षमायुक्त, मृदंग वीणा आदि वाद्यहरू बजाउनामा गानहरू गाउनामा अतिनिपुण, कुशल र बडा उपकारी हुन् । यस नेपालखण्डमा यी जस्ता सत्यपात्र राजा अघि कोही पनि भएका थिएनन् । यिनले तीर्थयात्रा गर्दा देवप्रयाग बदरी, केदार, हरिद्वार, श्रीनगर, नगरकोट, लाहोर, दिल्ली, आगरा, कुरुक्षेत्र, जगन्नाथ, मथुरा, रामेश्वर, प्रयागराज, वाराणसी र गयाक्षेत्र आदि ठाउंठाउंका तीर्थयात्रा, स्नान, दान र श्राद्धहरू तथा देवदर्शन गरे ।

यता श्रीनिवास मल्लले राजकाज गर्दा तीर्थयात्रा गएका ८ महीनासंम पनि बाबु नफर्केकाले दिग्दार मानेका थिए । तिनैताका कान्छा भाइ ज्योतिनरसिंह मल्ल परलोक हुंदा अपशोच थपियो । उनले भाइका नाउंमा तीनले देवालले बनाई नारायणको स्थापना गरे। राजा सिद्धिनरसिंह मल्लले निर्विघ्नपूर्वक तीर्थयात्रा सिध्याई नेपाली संवत् ७७४ चैत्र शुक्ल सप्तमीका दिन नेपालमा प्रवेश गरे । यिनको सवारी भित्र्याउनालाई कान्तिपुरका राजा प्रताप मल्ल, उनका मन्त्रिवर्ग, लश्करहरू र आफ्नातर्फका राजा, रानी, प्रजाहरूसमेत सबै गए । थानकोटदेखि जमीनमा कपडा बिच्छ्याई सिन्दूरयात्रा गर्दै अनेक नाच, गान र वाद्यका साथ दरवारमा भित्र्याए । त्यसपछि तीर्थभोज गरे । नेपाली संवत् ७७६ माघ शुक्ल पंचमी संक्रान्ति महोत्सव पर्वका दिन सांडे बाह्र हजार मोल जाने हात्ती दान गरी चन्द्रशेखर वाराणसी ब्राह्मणलाई दिए । फेरि पूर्वपहाडको बाटो भई बाटामा परेका महानदीहरू र देवदेवताको समेत दर्शन गरी वाराहक्षेत्रमा पुगी स्नान गरे ।

यस्ता तरह यी राजाले छोराबाट राजकाज चलाई आफैंले बनाएका रामायण आदि नृत्य नचाएर लोकमा धेरै यश र धर्म प्रख्यात गरे। पशुपतिनाथ र मत्स्येन्द्र-नाथको धेरै प्रकारले सेवा गरी आफ्ना पटरानी, पुत्र, पौत्र, परिवार र राज्यलक्ष्मी समेतको भोगलाई तुच्छ माने । केवल श्रीकृष्णको मुख्य आश्रय गरी नेपाली संवत् ७८१ पौष वदि १ का दिन फेरि तीर्थयात्रा गर्ने इच्छाले देशाटनतिर लागे ।

-★-

(क्रमशः)

01
DS
49
78
no

# ऐतिहासिक पत्रस्तम्भ

स्वस्ति श्री मद्राजकुमार कुमारात्मज श्री ३ दाज्यैज्यू लेफटेन जनरल वषत जङ्ग कुवर राणाजी वर्मणां चरणतल ईत श्री मद्राजकुमार कुमारात्मज श्री जनरल जगत् सम्सेर जङ्ग कुवर राणाजी वर्मणकस्य कोटी कोटी सेवापूर्वक पत्रमिदम् याहां कुसल ताहां कुसल चाहिये आगे याहाँको समाचार भलो छ उप्रांन्त संज्याकालमा हिजो झुगादेषि ३ कोस बडो दुस्मनका विकट हाम्रातर्फबाट पक्रदा उनीहरूले हात जोड्दा हाम्रातर्फबाट पनि फैर गरी लडाईं पऱ्यो दुस्मनको र हाम्रो येति परे उती परे भन्या थाहा केही भयाको छैन केही पल्टन याहाँ पठाइबक्सनुभया हजुरको पनि मेरो पनि मजगुत ठहर्दो हो हजुर पनि केरुङमा चांडै गरि पाल्नु भया वढिया होला ताहांको मुलुकी काजकाम र जंगी काजकामलाई मेजर कपतान सुमेतसिंहले विन्ति चढाई पठाउन्या छन् सुमेतसिंले विन्ति चढायापछि सुमेतसिंलाई झुगातर्फ पठाईबक्सनुहोला इति सम्वत् १९१२ साल मिति बैसाष वदि ३० रोज ३शुभम्–

स्वस्ति श्रीमद्राजकुमार कुमारात्मज श्री कम्याडंर इन चिफ जनरल रणउदिपसिंह कुवर राणाजीका चरणतल ढेपु घुंपाको लामा र गादान घुंपाको लामा चार काजीका मानिस टिगरी पालो बसन्या धैबुंको षजंचीहरूका सलाम सलाम सलाम हामीहरू ताहा चौडामा आउन्याहरूलाई ततपनिमा क्षेकथना नहुन्या हामी लामाहरू राचारिय जति भयका सबैलाई राहदानी लेषी बक्साउनुहोला ताहा पुग्येपछि गुण हामीले सो जोडन्या काम गरूला इतिसमावत १९२२ साल मिति काति सुदि १४ रोज सुभम–

***श्री हिमालय ध्वज***

**१**

स्वस्ति श्री मन्निजदोर्दण्डकमलकलितकरालकरवालनिराकृतारिकदंब श्री मद्राजकुमार कुमारात्मज श्री श्री श्री प्राइम्मिनिष्टर यान् कम्याण्डर इन चिफ जनरल दाज्यैज्यू जगंबहादुर कुवर राणाजि वर्म चरण कमलतलेषु इत मद्राजकुमार कुमारात्मज श्री विकिटियर जनरल खडग वहादुर कुवर राणाजीको कोटि कोटि दण्डवत् सेवा सतं पूर्वक पत्रमिदम् इत निक ताहा हजुरको गात सदा सर्वदा कुसल मंगलोदय रहनुभया मेरो प्रतिपाल उद्धार होला आगे येहांको समाचार आसिर्वादले भलो छ माघ सुदि ११ रोज १ मा र फागुन वदि ४।६ रोज ३।५ मा लेषिवक्स्याको सिक्षापत्र दस्षतसमेत फागुन बदि १/६/११ रोज ६/१/३ मा आईपुग्यो विस्तार बुझि सिर चऱ्हायां उप्रान्त रसद भऱ्याको रसिद पाएनौं भनी कोही कराउन आया रसिद नदियाको ठहऱ्यो भन्या दोचन्दा जरिवाना होला गोदाममा चावल नबुझी बुझ्यां भन्या किर्त्या रसिद गरिदियाको ठहऱ्यो भन्या हातकलम हुन्याछ भनी रसद भर्न्यां लेषन्याहरू लाई उर्दि दिन्या काम गर भन्या र हाम्रा मुलुक तराईमा षेति कमाई गरी वस्छौ भनी स्वास्नी समेत ली जान्यालाई जान दिनु यस्ताको राहदानी गर्न्या जिम्मा हालन्यालाई जरिवाना हुदैन भन्या ऐन भयाको छ सोवमोजिम उर्दि दिनु भनी लेषिवक्स्याबमोजिम रसद भर्न्या लेषन्यालाई र गौडा गौडाका अमलाहरूलाई उर्दि दिन्या काम भया सुगिम राजाले आफ्ना राजीखुसी सग घोडा चिजविजका भारी पठाया गऱ्या तैले मानिससाथ गरि याहां पठाइदिन्या काम गर भनी मर्जि आयावमोजिम सुषिमवाट आयाको लामा २ ले घोडा २ र अरू भारिसमेत ली आया इनहरूलाई सिपाहि साथ लगाई फागुन वदि १२ रोज ४ मा याहांवाट तेस्तर्फ रवाना गरिपठाउन्या काम गऱ्या हजुमा दाषिल हुनन् याहां आउन्या नयां पल्टनको नाउं... १.. र तेस पल्टनलाई पिपा १०० जमदार २ हबल्दार २ भर्ना गर्नु भन्या लेषि गयाको हो पुराना पल्टनमा ५० जना मात्र ताहां गयाको हुनाले तेतिले पुगेन भनी तेसमाथि थप पिया जमादार ३ हवल्दार ३ पिया १५० थपि अघि लेषिगयासमेत जम्मा पिपा जमदार ५ हवल्दार ५ पिपा १५० भर्ना गर्नुपऱ्यो सोवमोजिम भर्ना गर भनी मर्जि आयो सिर चऱ्हायां अघि पिपा जमदार २ हवल्दार २पिपा १०० को ताकीती गऱ्याको थियों अब मर्जिवमोजिम फेरि जिल्ला जिल्ला मा हुद्दा सिपाहि षटाई भोटे किराति प्रजा जातहरू झिकाई पिपा जमदार ५ हवल्दार ५ पिपा २५० भर्ना गऱ्यां

काम गरूला .. १ ..पल्टन पनि फागुनमा १०/८ दिन जांदा याहांवाट हिडंछन् ताहां डेरा छाउनिको तयार गरी पल्टन नयां छ याहां पुग्यापछि सधाउनु सिकाउनु भनी लेषिवक्स्याका अर्थ डेरा छाउनिलाई पनि तयार गर्न लायाको छ पल्टन याहां आइपुग्यापछि र सधाइ तयार पनि गराउला म सिकारजूं पुग्यापछि ताहांवाट तैंले दिगर्चा हान्न जानुपर्न्या छ आफुलाई चाहिन्या रसत खजाना समेतको ताकिति गरी राषन्या काम भया बढिया होला भनि मर्जि आयो सिर चह्रायां रसत षजानाको वरोवर ताकिति गरी राष्याको छ हजुरको सवारि सिकारजुं पुगी हजुरबाट मर्जि आयावमोजिम याहांवाट मैंले पनि आफूलाई चाहिन्या रसत षजाना गैह्रको तयार गरि फौज ली दिगर्चा हान्न जान्या काम गरुला अकवाल र हजुरको छ सेषे सहर भन्याको षामको मुलुक हो कि ह्लासाको हो तेस्को तहकित षवर लेखिपठाउन्या काम गर भनी लेषिवक्स्याका अर्थ स्यांगे सहर भन्याको १ वालुंचुंदै देषि ५।७ दिनको वाटो रहेछ त्यो भन्या ह्लासाको हो भन्छन् सेषे सहर भन्याको १ ह्लासा देषि पुंडो ४।५ दिनको बाटो छ भन्छन् षामको राजा आफ्नो फौज ली सेषे सहर आयाको छ भन्या षवर अघि वालुंचुंवाट लेषिपठाउदा हजुरमा पाया सुन्याको षवर विन्ति चह्राई पठायाको हो अव र कुनचाहिं सहरमा त्यो राजा फौज ली वस्याको रहेछ फेरि तहकित वुझी हजुरमा विन्ति चडाई पठाउन्या काम गरुला लंगुरपार चेवा गर्न जान्या मध्ये दोसाधदेखि ५ । ७ दिनको वाटोसंम पुगि चेवा चर्चा वुझि रसत वोकन्या जनावर जांचि ल्यायाको र षैषवर ल्यायाको विजक फर्द चह्राई पठायाको छ हजुरमा जाहेर होला अरू चेवाहरू आइपुग्याका छैनन् हाम्रा सिवानाभित्रका चौरि भेडाहरू वालुंचुं तोपकेगोलाको भन्या जाची मुचुल्का समेत आईपुग्यो हटिया च्यांतांतिर जान्याहरू अलिक दिन वेराम हुन गयाछन् र आइपुग्याका छैनन् २ । ४ दिनमा ती पनि आइपुग्यापछि सवै जम्मा गरी हजुरमा चह्राई पठाउंला मैंले दिगर्चा हान्न जांदा रसतलाई ता जोपायाका चौंडि भेडा षचरहरूलाई बोकाई लैजाउंला ४ तोपको र २००० नालको षजना असवाफ गैह्र यति ३। ४ सै पियां षलासिले मात्रै उठाई सकन्या छैनन् वालुंचुंसंम ता दुनियालाई वेगारीमा वोकाई पुर्‍याउला तहांदेषि लंगुरपार लैजानालाई यसमाफिक गर्नु भन्या सिक्षार्थिको मर्जि आयावमोजि ताकिति गर्न्या काम गरूला जो मर्जि यहां आजसंम्म षजना तयार भयाको र रसत भरियाको चलान भयाको तेरिज हजुरमा चढाई पठायाको छ जाहेर होला ताकिति र वरावर भयाको छैन रसतका भारि रोजको हजार वाह्र सैसंम वरोवर चलान हुदैछ याहांदेषि अरू षजाना तयार भयाको र रसत चलान भयाको हजूरमा पछि विन्ति चह्राई पठाउला र हजूरमा जाहेर होला याहां रहन्या पल्टनलाई फिजवानपिछे १७ गठा तयार भयो अव याहां सिसा वारुद वांकि रह्याको छैन ताहांबाट..१.. पल्टन आउदा निज पल्टनलाई चाहिन्या षजाना असवाफ ताहींवाट पठाइवक्ससया वढिया होला..१..पल्टनलाई रैवन्दिवमोजिम १२ साल वैसाष वदि १ रोजदेषि मैंह्लावारी दर्माहा वाडिदिनु भनी मर्जि आयाका अर्थलाई यस किरातको ११ सालको तहसिल तैंले गर्नुपर्दैन भन्या हजुरवाट अघि मलाई मर्जि भै पुराना कामदार षारिज हुंदा आजसंम तहसिल भयाको छैन साविकवमोजिम तहसिल गर्‍याको भया आजसंम आधा तहसिल हुन्या थियो अव र कुन वेहोरासंग तहसिल गरी वैसाषदेषि दर्माहा वाडन्या काम गरुं यस वेहोरासंग मानिसको वन्दोवस्त गरी असुलतहसिल गर्नु भन्या सिक्षार्ति मेहेर भै आया मर्जिवमोजिम वन्दोबस्त गर्न्या काम गरुला ज्यादा गातका छेम कुसलसहित सिक्ष्यार्तिको कृपापत्र मेहेर हुंदै रह्या उद्धार होला विज्ञचरणेषु किमधिकम् इति सम्वत् १९११ साल मिति फागुन वदि १४ रोज ५ मुकाम धनकुटा सुभम् – – – – – – – – –

**श्री ५ सर्कार**

**१**

अर्जि – – – – – – – – – – – – – – –

उप्रान्त गरिपर्व्वर श्रावण सुदि ९ रोजका दिन कुतिवाट रवाना भै आयौं हजुरका पुन्यप्रतापले सवै लस्करलाई भैरवलंगुरमा पनि कसैलाई केहि भयेन ताहांका भोट्याहरू पनि यतिका लस्करमा एक जनालाई पनि केहि भयेन भनि आश्चर्य मानिरह्या टिगरिमा पुग्दा पनि टिगरिका ताचेले भोट्या सिपाही जना १०० लाई हामी पुग्दामा वालिफैरको सलामी ३ फेरा बढाइं गर्‍या देरा दंडा पनि षटाइदिया अघिका काजीहरूले भैभारदारहरूकहां भेटघाट गर्नालाई अघिबाट आफुले भेटघाट गर्न जान्या गर्न्या रहेछ मैंले र अघिवाट तिमिहरू आई भेटघाट गर्न आयापछिन् पछिबाट मैंले गै भेटघाट गर्न जान्या गर्‍यांको छु टिगरिका ताचेलाई पनि पैह्ले तेसले आई भेटघाट गर्नालाई अघिबाट आफुले गर्न आयापछिन् पछिबाट

साबिकबमोजिम कासिवाल थान १ सुपारि धार्नि १.. १..को चिठी ली भेटघाट गर्न गयौं श्री भारि भन्या अड्डा अड्डामा जिम्मा लायापछि फेरि अरू अड्डामा नपुगुन्ज्याल भारि यहां छ भन्या थाहा हुंदो रहेनछ श्रावण सुदि १५ रोजको दिन मलगायेत सिपाहीतकका हजुरका गुलाम सवै आनन्दसंग सिकारजुङ पुग्यौं कुतिमा जिम्मा लायाका भारि गैह्र लस्करले चह्लायाका घोडा गैह्रको वदला हुन्या ठाउं पनि ताहीं रह्याछन् अव र कुतिका देवाहरूसंग जिम्मा लायाका भारि गैह्र वुझि लि सिकारजङका हाकिमलाई जिम्मा दिइसक्यौं भाद्र वदि २ रोजमा याहांबाट भारि सबै चलान गरि हामि रवाना भै जान्याछु मैले र मेरा वुद्धिले र मेरा वर्गतले पनि होइन हजुरका पुण्यप्रतापले भैभारदारहरूसंग भेटघाट कामकाज गर्दामा पनि यस कुरामा त यसो होइन भन्या गाफिल पाऱ्याको छैन अरू र जो भयाभरको वेहोरा ठाउं ठाउंबाट अर्जि लेषि चह्लाई पठाउन्या काम गरुंला हरपमा उचनीच पऱ्याको क्षमा राषिवक्याजावस् विज्ञे चरणेषु किमधिकम्–

सदा सेवक काजि जगतसेर षत्रि क्षेत्रिको
कोटि २ दण्डवत् कुर्नेस कुर्नेस कुर्नेस – –

### श्री ५ वादसाह
१

स्वस्ति श्री सर्वोपमायोग्येत्यादि सकलगुणगरिष्ठ राजभारोद्धरणसमर्थ श्री श्री श्री जनरल भीमसेन थापाकेषु इतः श्री दलभंजन पाडे श्री देवीभक्त षत्री अनुपर्सि अधिकारिकस्य पाइलागु सलामपूर्वक पत्रमिदम् इहां कुसल छ ताहां कुसलमंगल सर्वदा चाहिये आगे यहांको समाचार भलो छ उप्रान्त ठेन्दुफुसंमको हाल सुरत ठेन्दुफुबाट लेषिपठायाका चिठीले मालुम होला अधिक आश्विन सुदि ७ रोज १ का मितिमा रवाना भयाका चिठीपत्र ठेन्दुफुबाट हिड्याका पाचौं दिन कार्तिक सुदि ११ रोज २ च्वथुस्यान गाउंका वासमा सुतारिन मार्फत आइपुग्यो अर्थ विस्तार मालुम भयो लासाका तारेन २ ले इ चिठीमा क्या लेष्याको रहेछ सो चिठी हेरी नकल उतारी हामी छेउ पठाउनु भनी हाम्रा अक्षर पड्या लिचुङलाई लेष्याको रहेछ र चिठीको नकल गरी चुङले पठायो हामी ठेन्दुफुबाट हिंड्याका २६ दिनमा पुसका ३ दिन जांदा सौगातसमेत आराम-सित सिंगाफु आइपुग्यौं आयाका तेस्रा दिनमा ताधि दगर्चामा आउन्या सैच्यान चुमन र चुन्दुसमेत १० जना ठूला भारदार रह्याछन् डाक्न पठाया गयु सर्कारको क्षेम कुसल मुलुकको स्वास्थ्य बाटामा आरामसित आयाको सबै सोध्या विस्तार गऱ्यु बढिया शिष्टाचार राषी कोचीन तुस थैली छुरी मेवा भेडा आटा चावल च्या दुमार गैरह षान्या सराजामहरू दिया नाच समासा पनि हेरी विदा भै आयु ३ दिन मुकाम गरी पौषका ७ दिन जांदा शुक्रवार इहांवाट हिड्छौं २६ दिनमा पैचीन पुगिन्छ भन्छन् पैचीन पुगी ..१.. को दर्शन भयापछिको विस्तार पछिबाट लेषिपठाउला विज्ञेषु किमधिकं मिति सम्वत् १८७६ साल पौष सुदि ६ रोज ५ मुकाम सिंघाफु शहर शुभम् – – – – – – –

अर्जि – – – – – – – – – – – – – –

उप्रान्त कार्तिक वदि ६ रोज ४ मा चक्रावस्मांग हस्ते पठाइवक्याको शिक्षेपत्र मार्ग शुदि ९ रोज ६ मा निजको वन्जार रतनवीर हस्ते आइपुग्यो हेरि विस्तार सिर चढायां वांकी चक्रवीर साहु भन्या ल्हासा आइपुगेनन् चक्रविरले माल लहना तहसिल गर्नालाई मद्दत माग्या छन् दिनु भन्या लेषिवक्स्याका अर्थलाई सिक्षेपत्रमाफिक निजका गुमस्ताहरूले भन्येका बेलामा मद्दत दिन्या काम गरुंला षामिद वन्दा सेवकका उत्तर अर्जिमा कम ज्यादा पऱ्याको क्षेमा वक्स्या जाला – – – – – – – –

इत सदा सेवक कपतान चन्द्रमान कार्कीको कोटी डण्डवत् इति सम्वत् १६१७ साल मिति पौष सुदि ७ रौज ६ शुभम – – – – – – – – – – – – –

–★–

# जयप्रकाश मल्लको घोडा

*–सूर्यविक्रम ज्ञवाली*

हाल 'हिस्ट्री अफ् नेपाल' नामक यौटा पुस्तक श्री विक्रमजित् हसरतका सम्पादकत्वमा भारतमा प्रकाशित भएको छ । त्यसमा नेपालका प्रसिद्ध ब्रिटिश राजदूत बी. एच. हाजसनद्वारा उनी यहां छंदा (रेजिडेंट १८३३–१८४३ ई.) संग्रह गरिएका वंशावलीहरू तथा नेपालस्थित ब्रिटिश राजदूतावाससित सम्बद्ध अनेक अंग्रेजहरूका समसामयिक विवरणहरू पनि छापिएका छन् । यसैले यो पुस्तक महत्वपूर्ण छ ।

त्यसमा प्रकाशित काठमाडौंका अन्तिम राजा जयप्रकाश मल्लसम्बन्धी वंशावली पढ्दा जयप्रकाश मल्लका प्रचलित नाउंभन्दा बेग्लै नाउं त्यसमा भए जस्तो मलाई लाग्यो र त्यस नाउंका सम्बन्धमा विचार गर्दा आफ्ना मनमा लागेका केही कुरा यहां लेख्दै छु ।

जयप्रकाश मल्लका भारदारहरूले उनका शिशु छोरा ज्योतिप्रकाश मल्ललाई अघि सारी तथा उनलाई राजा घोषित गरी जयप्रकाश मल्ललाई सिंहासनबाट च्युत गरिदिएका थिए (१७४६ ई.) । यसका केही वर्षसम्म जयप्रकाश मल्लले भगोडाको जीवन व्यतीत गर्नुपरेको थियो । यस अवधिपछि बल्ल उनी केही बलसंचय गर्न समर्थ भए । एक दिन उनी गुह्येश्वरीमा गई उहां पूजा गरी आफ्ना अनुयायीहरूको नेतृत्व गरी आफ्ना विपक्षे भारदारहरूसंग साटो फेर्न हिंडेका थिए । त्यस वेला भगवतीका पूजाद्वारा पूत खड्ग हातमा लिएर उनी आफ्नो खोरासानी नामक प्रिय घोडामा चढेका थिए भन्ने कुरा भाषा वंशावलीहरूमा लेखिएको प्रायः देखिएको छ ।

यही कुराको वर्ण उपर्युक्त नेपालको इतिहासमा प्रकाशित वंशावलीमा पनि छ । तर यसमा जयप्रकाश मल्लले चढेका घोडाको नाम बेग्लै छ, तर त्यो केही विकृत रूपमा छ । त्यसमा अंग्रेजीमा पुरसनी Purasani लेखिएको छ ★ ।

नेपालीहरूका पछिका लेखापढीमा पनि भारतीय स्थानहरूको प्राचीन नाम प्रयोग गरिएको देखिएको छ । उदाहरणका निमित्त पश्चिम विजेता अमरसिंह थापाले कांगडाको प्राचीन नाम त्रिगर्तको प्रयोग गरेको कुरा उपस्थित गर्न सकिन्छ ❀ । यस कारणले जयप्रकाश मल्लका पालामा प्राचीन भारतीय नामको प्रयोग आश्चर्यको कुरा छैन ।

अब यस दृष्टिले पुरसनी नामको केही विचार गर्नुपर्छ । वैदिक कालमा पंजाबका उत्तरमा बग्ने आधुनिक रावी नदीको नाम परुष्णी थियो तथा यसलाई इरावती पनि भन्थे । परुष्णी तथा विपाश (आधुनिक व्यास)का माझमा कांगडाको स्थिति छ तथा यसका केही पूर्व कुल्लुको उपत्यका पर्छ । आधुनिक समयमा पनि कुल्लु तथा वरपरका क्षेत्रमा उत्तरको भोट सीमाका मानिस आउंछन् तथा ती ठाउंमा घोडाको व्यापार हुन्छ । काठियाबादको घोडा कठियावाद वा काठियाबादी भनिन्छ । उस्तै जयप्रकाश मल्लको घोडा परुष्णी बग्ने इलाकाको हुनाले त्यसको नाउं परुष्णी राखिनु नमिल्ने कुरा छैन तथा सार्नेका असावधानीले 'परुष्णी' 'पुरसनी' हुनु असम्भव छैन ।

घोडाको नाउं कहिले सो हुने देशबाट राखिन्छ, कहिले सो हुने ठाउंमा बग्ने नदीलाई लक्ष्य गरी राखिन्छ । औ कहिले घोडा हुने देशका प्रसिद्ध राजाका नाउंबाट पनि राखिन्छ । प्रसिद्ध नेपाली विद्वान् स्वर्गीय पण्डित कुलचन्द्र गौतमले गोस्वामी तुलसीदासकृत रामायणको नेपाली टीका लेख्नुभएको छ । त्यसमा बालकाण्डको यौटा चौपाईका सन्दर्भमा उहाँले पादटिप्पणीमा अनेक प्रकारका घोडाका नाम लेख्नुभएको छ ☛ । तीमध्ये

---

★ हिस्ट्री अफ् नेपाल– विक्रमजित् हसरत पृष्ठ ८७

❀ अमरसिंह थापा तथा रणजित् सिंहले चंबाका राजालाई लेखेको पत्र । मेरो 'अमरसिंह थापा' पृष्ठ ३४

☛ श्री गोस्वामी तुलसीदास कृत रामायण पण्डित कुलचद्र निर्मित भावबोधिनी टीकासहित द्वितीय संस्करण –पृष्ठ ३७३

DS
49
78
no



केही नामको विचार गर्दा माथि मैले भनेका कुराको प्रमाण पाइन्छ । तिनमा देशका आधारमा नाम रहेको काठियाबाद घोडा छ । यस सूचिमा दोआबा नाम भएका घोडाको उल्लेख छ । दोआबा भनेको दुई नदीका माझको भूमि हो । यस नामको सङ्केत नदीतिर छ । यसै गरी उहाँले मलयबंब नामको घोडाको उल्लेख गर्नुभएको छ । मलयबंव घोडा भनेको जुमली घोडा हो भन्ने अनुमान छ तथा यसको नाउं किन मलयबंब भयो यस कुराको पनि अलिकता विचार गर्नु अनुचित नहोला। रासकोटी राजा मलयबमले १३७८ ई. मा रेका साँघु बनाएका थिए । तिनै ताक सिंजाका मल्लहरूको राज्य यिनैद्वारा समाप्त गरिएको थियो । मलय बमका भाइ वा छोरा मेदिनी वर्मा १३७३ ई. मा सिजाका मल्ल-हरूका सिंहासनमा बसेका थिए । चौधौ शताब्दीको अन्त्य भएपछि वहां मेदिनी वर्मा तथा कल्याल वंशका बलिराजको संयुक्त शासन स्थापित भएको थियो तथा यिनै कल्याल वंशका राजाका सन्तानहरूले १७८९ ई. सम्म अर्थात् जुमला नेपाल अधिराज्यमा संमिलित नभएसम्म जुमलामा राज्य गरे । दैलेख तथा अरू अनेक ठाउंमा मल्लहरूको पतनपछि रासकोटी मलय बर्माका छोराहरू राज भएका थिए । रासकोटीहरूलाई कल्यालको आधिपत्य आरम्भमा स्वीकार गर्न केही गाहारो नपर्नु स्वाभाविक छ किनभने रासकोटी मेदिनी वर्माको कल्याल बलिराज-संग केही प्रकारको वैवाहिक सम्बन्ध स्थापित भएको बुझिन्छ । जुमलातिरका वंशावलीहरूमा मलय वर्माको ठूला विजयी भन्ने प्रशंसा पाइन्छ तथा यिनैका नामबाट विदेशमा समेत जुमली घोडा मलयबंब घोडा कहलाएको कुरा बडो रोचक छ । अद्यावधि जुमली घोडा दाङ ल्याइन्छन् औ भारतीय व्यापारी तिनलाई किन्छन् । मलयबंब तथा 'बम' वर्माको विकृत रूप हो भन्ने कुरा स्पष्ट छ ।

पृथ्वीनारायण शाह नुवाकोट विजय गरी उहाँ बसेका वेलामा कहलूर (विलासपुरपश्चिम हिमालय)का रघुनाथ भाट आई स्वरचित कविता पाठ गरी उनको अभ्यर्थना गरे भन्ने कुरा हाम्रा वंशावलीहरूमा पाइन्छ ।

यस सम्बन्धमा मलाई लागेको यौटा अर्को कुरा लेख्छु । मल्ल राजा तथा पछिका हाम्रा भारदारहरूका अनेक तेलचित्र वा पानीरंगका चित्रहरू पाइएका छन् । ती चित्रको बनोट वा ढांचा काँगडा वा त्यतैतिरका पहाडी चित्रकारहरूको भए जस्तो लाग्छ तथा यस्ता डुलुवा चित्रकारहरूलाई मल्लकाल वा पछि पनि स्थानीय सम्भ्रान्त वर्गले संरक्षणत्व प्रदान गरेका कुराको अनुमान हुन्छ । भीमसेन थापाको साथमा घडी राखी बनाइएको पानीरंगको एउटा चित्र धेरैअघि बनारसका एक जना घरानियाँ चित्रकारका सन्तानहरूसित देखेका कुरोको मलाई स्मरण छ ।

उपर्युक्त कारण तथा कुराहरूको विचार गर्दा जय-प्रकाश मल्लका घोडाको नाम परुण्णी हुनु सम्भव छ । अफगानिस्तानका पश्चिममा स्थित सुदूर खोरासनको घोडाभन्दा पश्चिम हिमालयको घोडा तिनताक नेपाल आउनु अधिक सम्भव छ । खोरासन नामको हिन्दी भाषामा प्रचार हुने कारण अनेक थिए । यो नाम भारतमा प्रचलित भएको हुनाले हाम्रा वंशावलीकारहरूले पनि यसको उपयोग गरेका होलान् ।

**

---

~~ इतिहास प्रकाश योगी नरहरिनाथ–अंक १ पृष्ठ १८

# पार्थिवेन्द्र मल्लको वि. सं. १७४२ को तामापत्र

–शङ्करमान राजवंशी

**परिचय–**

यो तामापत्र गूठी लगत अड्डाबाट उल्था गर्नालाई राष्ट्रिय अभिलेखालयमा आएको सिलसिलामा लेखकलाई ज्ञात भएको हो । यसको लम्बाइ ११ इन्च र चौडाइ सबा ५ इन्च छ । यसमा छाप छैन । तामापत्रमा लेख १८ पंक्ति छन् । सत्रौं पंक्तिमा दायाँ किनारामा नपुग अक्षर थपेको छ । लिपि नेवारीमा छ । यो पत्र राजा पार्थिवेन्द्र र रानी राजलक्ष्मी देवीले कान्तिपुरको गरुडनारायणको सदाबर्त गूठी राखी गरिदिएको हो ।

मूल–

१ ॐ अद्य ब्रह्मणो द्वितीय परार्द्धे श्वेत वराहकल्पे वैवश्वत मन्वन्तरे अष्टाविंसतमे चतुर्युगस्य कले प्रथम पादे जम्बूद्वीपे भ

२ रतखण्डे भारतवर्षे हिमवत् दक्षीणपादे नेपाल मण्डले श्री श्री श्रीपशुपति सन्नीधान वासुकिक्षेत्रे वाग्मत्याः पश्चीम कुले श्री ३

३ विष्णुमत्याः पूर्वकुले गांगल पत्तने आर्यावर्तदेसे श्री कान्तिपुर नगरे काष्ठमण्डप स्थाने इहैव पुण्यभुमौ मार्गसिर मासे शुक्ल

४ पक्षे पुर्णमास्या तिथौ रोहिणी प्र. मृगसिर नक्षेत्रे साध्य प्र. शुभ योगे यथाकरण मुहूर्त्ते सोमवासरे धनुरासिगते सवितरि मि

५ थुन रासीगते चन्द्रमसि राहुग्रस्ते निशाकरे तस्मिन् दिने श्री श्री श्री गरुडनारायण प्रीत्यर्थं पूर्व कैश्चीत् स्थापित सदावर्त मन्वेल्लों

६ पितपत्रन्य जिर्णोद्धारत्ये प्रतिदिन तत्रागतेभ्यो याचकेभ्यश्चत्वारि चत्वारि दिनानि यावत् प्रतेक मार्द्ध कुडवमितं तंडुलें दार्पाय

७ तुं श्री मत्पशुपति चरण कमलधुलि धूसरित शिरोरुह श्रीमन् मानेश्वरीष्ट देवता वरलब्धप्रसाद देदिप्यमान मानोनत् रघुवंशावता

८ र महाराजाधिराज राज राजेन्द्र सकर राजचक्राधिश्वर भुपकेशरि श्री मद्विजय पार्थिवेन्द्र मल्ल देवेन तत्पत्न्या श्री राजलक्ष्मीदेव्या सह श्री

९ मच्छ्री श्री ३ गरुडनारायण पृत कामनया द्विसप्तति रोपनि परिमित क्षेत्र गोष्ठीकृत्य संप्रदत्तमेतदन्यथा कर्ता पंचमहापातकि भविश्यति

१० त्यस्मीन्नर्थे साक्षिण आदित्यादयो देवा इति । अत पंल देश भाखा स्थानस्य उत्तर दिश प्रदेशे अकाशिबु क्षेत्र नाम संज्ञकं यथा चात्रा घाटम

११ ध्य चतुर्विशति रोपनिकं क्षेत्राकंतोपि बुरो २४ भुय यथा चात्राघाट मध्य रापुलि बुरो २० भुय जथा चात्राघाट मध्य खुचाकर बुरो २ भु

१२ य जथा चात्राघाट मध्ये सरको बुरो ८ भुय जथा चात्राघाट मध्य बङद्वर बुरो ४ भुय जथा चात्राघाट मध्य गोपार जुयातिक्वा बुरो २ चु

१३ ल २ भुय जथा चात्राघाट मध्य गोगल बूरो २ चुल २ लिधत स बुया गल थ्वते बुया बलसानन हने माल । नित्य ह्निथं जुगि संन्यामी बैला

१४ गि फ्रीगिनि ब्रह्मचालि अतीत अभ्यागत १ कोस्तह्म न प्र २ दिन न पेहु तो जाकि सदावर्ती वियमाल मवियभते श्रो जुरो थ्वया गुथि वव च

१५ गु देशया श्री भवानी शङ्कर भाजु बलि डवाल नारायनकृष्ण डवाल थ्वते गुथि कतकन थ्वपति भाषाथें भनिस्त्रपं हंकाले गोहथ्यादि पंच महा

१६ पातक लाक जुरो थ्वपति भाखाथे निस्त्रपं हंकाले उतरोत्र फल आयु आरोग्य बुद्धिरस्तु पर सेषले कोन मर्जा ताथयं गुथि कतकन भक्षाभोजन या

१७ यमाल अत्र पत्रार्थे दृष्ट साक्षी श्रीमद् यावत्

चन्द्रार्क मेदिनी स्वदत्तं परदत्तम्वा यो हरन्ती बसुन्धारा खष्टी वर्ष सहस्रानी बिष्ठायां जायते क्रिमि सम्वत् ८०६ मार्गसीर सुद्धि १५

१८ पुन भाखा थ्व गुथिसं ववा थस्य बतसजुश्रोङा श्रोह्म परमान पनिसेन थ्व गुथि चिता याय माल चिता भयातसा थ्व पति साल्हाको पाप लाक जुरो

**अर्थ –**

ॐ आज ब्रह्माको दोस्रो परार्धमा श्वेतवराह कल्पमा वैवस्वत मन्वन्तरमा कलिको प्रथम पाउमा जम्बूद्वीप भरतखण्ड भारतवर्षमा हिमालको दक्षिण नेपाल मण्डलमा श्री ३ पशुपतिको नजीकै बासुकिक्षेत्रमा वाग्मतीको पश्चिम विष्णुमतीको पूर्व गांगुलपत्तन आर्यावर्तदेश कान्तिपुर शहर काठमाडौंमा पुण्यभूमिमा मार्ग महीना शुक्ल पक्ष पूर्णिमा तिथि रोहिणी उप्रान्त मृगशिरा नक्षत्र साध्य उप्रान्त शुभ योगमा ठीक ठीक मुहूर्तमा सोम वारमा धनु राशीको सूर्य मिथुन राशीको चन्द्र हुंदा ग्रहणको दिन श्री ३ गरुडनारायण प्रीतिका निमित्त अगाडिका (कुनै पुरुष)ले स्थापना गरेको सदाबर्त लोप हुन नदिनाका लागि त्यहां आउने माग्नेहरू प्रत्येकलाई चार दिनसम्म एक एक माना चामल दिनाका लागि श्री पशुपतिका चरणरूपी कमलको धूलोले कपाल फुस्रो भएका श्री मानेश्वरीदेवीबाट निगाह पाएर देदीप्यमान भएका रघुकुलका महाराजाधिराज राजराजेन्द्र भएका सकल राजसमूहका अधीश्वर भएका भूपकेशरी इन्द्रसमान श्री जय पार्थिवेन्द्र मल्ल देव र पत्नी श्री राज्यलक्ष्मी देवी दुबै भएर श्री ३ गरुड नारायण प्रीतिका लागि ७२ रोपनी गुठी राखिदिए। यो अन्यथा गर्ने मानिस पंचमहापातकी हुनेछ। यसका साक्षी सूर्यादि देवता छन्। देशभाषा–स्थानदेखि अब उत्तरपट्टि अकाशिबु नामको खेत चारकिल्लासहित ८ रोपनी, बङधार नामको खेत चारकिल्लासहित ४ रोपनी, गोपारजुयातिक नामको खेत चारकिल्लासहित साढे २ रोपनी र गोगल नामको खेत चारकिल्लासहित साढे २ रोपनि राखियो। यति खेतको आयस्ताबाट काम चलाउनुपर्छ। सबै जोगी, संन्यासी, वैरागी, फिरंता, ब्रह्मचारी र अभ्यागत प्रत्येकलाई चार दिनसम्म सदाबर्त दिनू, अन्यथा नगर्नू। यसका गुठियार चांगुका श्री भवानीशंकर भाजु, बलि डुवाल, यतिले यहां भनेबमोजिम गरे उत्तरोत्तर फल प्राप्ति होला आयु आरोग्य वृद्धि होला। बांकी रहेको मर्यादापूर्वक गुठियारले खानू बेहोर्नू। यस पत्रको दृष्ट साक्षी चन्द्र, सूर्य, पृथ्वी। आफू होस् या अरूले होस् दान गरेको पृथ्वी जसले हरण गर्ला त्यो ६ हजार वर्षसम्म बिष्टाको कीरो भइरहला। ने. सं. ८०६ (वि. सं. १७४२) मार्ग शुक्ल १५। पुनः भाषा–यस गूठिको गुठीयार परंपराका परमानहरूले हेरचाह गर्नू, नगरे यसमा भनेबमोजिम पाप लाग्ला।

**टिप्पणी–**

यी पार्थिवेन्द्र मल्ल प्रताप मल्लका कान्छा छोरा हुन्। कान्तिपुर हनूमान्ढोका देगुतलेअगाडि प्रताप मल्लको स्तम्भाभिलेख छ। त्यस स्तम्भाभिलेखमा प्रताप मल्लका छोराहरूको नाम क्रमश: भूपेन्द्र, चक्रबर्तेन्द्र, महीपतेन्द्र, नृपेन्द्र र पार्थिवेन्द्र दिएको छ। प्रताप मल्लको मृत्युपछि उनका त्यस बखत मौजदू छोरामा नृपेन्द्र मल्ल राजा भएका थिए। वि. सं. १७३७ मा दाजु नृपेन्द्र मल्लको मृत्यु भएपछि यी पार्थिवेन्द्र मल्ल राजा भए। पार्थिवेन्द्र मल्लको ने सं ८०० (वि. सं. १७३७) को मोहर पाइन्छ। सो मोहर पार्थिवेन्द्रले आफू राजा हुनासाथ छपाएका हुन्। पार्थिवेन्द्रले ने. सं. ८०२ (वि. सं. १७३९) मा अर्को मोहर पनि छपाएका छन्। त्यस मोहरमा आफ्नो नाम जय पार्थिवेन्द्र मल्ल र महारानी राज्यलक्ष्मी देवीको समेत नाम अङ्कित गरिएको छ। रानीलाई जगत्माता भन्ने उपाधि दिइएको छ। यस तामापत्रमा पार्थिवेन्द्र मल्लकी रानी राजलक्ष्मीको उल्लेख छ। सायद यी रानी राजलक्ष्मी उक्त मोहरमा अङ्कित राज्यलक्ष्मी हुन सक्छिन्। तामापत्र लेख्दा लेखकको दोषले राज्यलक्ष्मी लेख्नुपर्नेमा राजलक्ष्मी लेखिएको हुनुपर्छ। पार्थिवेन्द्र मल्लकी यी रानी राज्यलक्ष्मीबाट सन्तान भएको बुझिदैन। पार्थिवेन्द्र मल्लकी अर्की रानी ऋद्धिलक्ष्मी पनि थिइन्। ऋद्धिलक्ष्मीतर्फबाट पार्थिवेन्द्रका छोरा भूपालेन्द्र मल्लको जन्म भएको छ। वि. सं. १७४४ मा विषप्रयोगद्वारा पार्थिवेन्द्र मल्लको मृत्यु भयो। यी पार्थिवेन्द्र मल्लको प्रशस्तिमा "श्री मत् पशुपति चरण कमल धूलि धूसरित शिरोरुह श्रीमन्मानेश्वरीष्ट देवता वरलब्ध प्रसाद देदीप्यमान भनी उल्लेख भएबाट पार्थिवेन्द्र मल्ल शिवभक्त तथा मानेश्वरीका भक्त पनि थिए भन्ने भए तापनि यस तामापत्रमा गरुडनारायणलाई सदाबर्त गूठी राखिदिएको कुरा स्पष्ट हुनाले पार्थिवेन्द्र मल्ल विष्णुभक्त पनि थिए तथा त्यस ताका धार्मिक सहिष्णुता पनि पर्याप्त मात्रामा रहेछ भन्ने कुरा उक्त तामापत्रले दर्शाएको छ।

# पूर्वी नेपालका धिमाल

–ऋषिकेशवराज रेग्मी

## प्राक्कथन

यस किताबमा भएका प्रतिवेदन र सर्वेक्षणको तथ्यांक एकदमै प्रारम्भिक मात्र हुन् जस्तो मलाई लाग्छ । झापा जिल्लामा शताब्दियौंदेखि बसोबास गरेका धिमालको विषयमा शायदै कुनै आन्थ्रोपोलोजिष्ट र समाजशास्त्रीहरूको दृष्टि पुगेको होला । यस जिल्लाअन्तर्गतको दमक पंचायतमा पर्ने विभिन्न गाउँहरूमा बसोबास गरिरहेका धिमाल समुदायलाई कसैले आदिवासी, कसैले पछौटे उपजाति, कसैले अविकसित समूह भनेर आएको पाइन्छ । नेपाल अधिराज्यभरिनै यस्ता समुदायहरूको रहनसहन अर्थात् मानवशास्त्रीय अनुसन्धान विभिन्न अन्तरराष्ट्रिय विद्वान्वर्गले गर्दै आएका छन् । शेर्पा, मगर, गुरुंग, क्षेत्री आदि समूहमा कुनै पुस्तकका रूपमा, कुनै रचनाको रूपमा निस्केकानै छन् । यी विद्वान्हरूमध्ये प्रो. हेमेन्डोर्फको कार्यलाई हामीले बिर्सन पनि सक्दैनौं । तर यी पिछडिएका धिमाल समुदायको विषयमा लेखिएका बेग्लै पुस्तक ग्रन्थ पाइएका छैनन् । हाम्रो देश अब अन्तरराष्ट्रिय क्षेत्रमा नयां छैन । नवागत एवं नचिनिएको नरहेको हामीले यता केही वर्षको अन्तरराष्ट्रिय स्तरमा वेलावेलामा प्रतिनिधित्व गरेको सुनेका र देखिरहेका पनि छौं । नेपालको ढोका आज २१ वर्षपूर्वको जस्तो बन्द छैन । नयां नयां वातावरण, सामाजिक उथलपुथल हाम्रो देशले पनि भोगिसकेको छ । देशको बन्द द्वारलाई फोरेर हामी पनि नागरी वातावरणमा अग्रसर भइसकेका छौं । हाम्रा विभिन्न इथ्निक समूहहरूको परिवार परिवारमा शिक्षा र अनुभवले नूतन चेतनाको श्रृङ्खला दिइसकेको छ । एशिया महाद्वीपमा हाम्रो देशले सांस्कृतिक एवं आध्यात्मिक पक्षमा तथ्य र खोजपूर्ण आकृति एवं नौलो रूप देखाइसकेको छ । विश्वको यस महाद्वीपमा नेपालले पनि आफ्नो सांस्कृतिक आन्दोलनको शुरुआत गरिसकेको छ ।

नेपाल अधिराज्यका विभिन्न अंचल तथा जिल्लाहरूमा फरक फरक हावापानीको अनुकूल वातावरण पाइन्छ । एउटा अंचलमा बसोबास गरेका समुदायको रहनसहन, आचारविचार, वेशभूषा र आकृति केही फरक फरक छन् । माथिल्ला पहाडमा बस्ने निवासीहरूको मध्य पहाडमा बस्ने समूहहरूको भन्दा खानपीन, रहनसहनमा केही फरक देखिन्छ । तल फांटमा अर्थात् भित्री मदेश र बाहिरी मदेशमा बस्ने निवासीहरूसंग त पहाडमा बस्नेहरूको रहनसहन र वेशभूषा, आकृतिमा निक्कै विभिन्नता हामी देख्दछौं । यी सबै विभिन्नताको कारण भौगोलिक वातावरणनै हो । तर वेशभूषा, भाषा, शारीरिक गठन, आकृति, रहनसहनमा जतिसुकै फरक देखिए तापनि अनादिकालदेखि हामी विभिन्न जातिका संतानहरू राष्ट्रभाषा नेपाली बोल्दछौं, एउटै आमाका संतान मान्दछौं । यहीनै हाम्रो राष्ट्रिय गौरव र संस्कृतिको अक्षुण्णता एवं विकासको इतिहास हो ।

पुरातत्व विभाग, नृतत्व शाखाबाट २०२८ साल पौष ६ गतेदेखि करीब दुइ महीनासम्मको यस क्षेत्रमा धिमाल समुदायको विषयमा अनुसन्धान भएको यस विभागको साथै दमक पंचायतमा बसोबास गरेका ती सरल सोझा धिमालहरूको इतिहासमा नै एउटा स्वर्णिम आभा छर्नेछ भन्ने मेरो विश्वास छ ।

यस क्षेत्रका धिमाल समुदाय पनि अब हाम्रो नजरबाट टाढा रहन सक्दैनन् ।

यस क्षेत्रको अनुसन्धान र इतिहासमा मेरा सहयोगी छविकार इन्दुरवि श्रेष्ठको सहयोग पनि ज्यादै महत्वपूर्णको छ । *

* यस कार्यमा सहयोग गर्ने सर्व श्री गणेशप्रसाद रिजाल, छिरिङ लाक्पा लामा, शलबहादुर धिमाल, शनिश्चरे धिमाल, मावोलाल धिमाल, नरबहादुर धिमाल, लाहु धिमाल, पूर्णानन्द शर्मा र दमक पंचायतका प्रधानपंच, सचिव एवं अन्य सदस्यहरूका साथै युवक सहयोगी बुद्धिनाथ शर्मालाई धेरै धेरै धन्यवाद नदिईकन रहन सकिदैन –लेखक

विश्वको सामुन्ने यस क्षेत्रमा रहेका धिमाल समूहले आधुनिक जनजीवनको तरीकाको साथै आफ्नो परम्परा र संस्कृति पनि अविछिन्न राख्नेछन् कि छैनन् भन्ने मेरो आस्थामा संदेह जागेको छ । मलाई लाग्छ माथि पहाड र मधेशको रहनसहन, वेशभूषा र आकृतिमा विभिन्नता ल्याउने भौगोलिक कारणबाहेक तल दिइएका पनि हुन् । तिनीहरू यस प्रकारका छन्–

१) संगैसंगै रहने अन्य जातिहरूको बीचमा सांस्कृतिक उत्पत्तिको प्रादुर्भाव हुनु ।

२) एक सम्प्रदाय अर्थात् समाजमा पुरानो रीतिस्थितिको परिवर्तन हुनु र अर्को सम्प्रदायले त्यस परिवर्तनमा भाग नलिइकन रहनु ।

३) सांस्कृतिक निकायहरूबाहेक राजनैतिक परिवर्तन र अर्को बेग्लै उत्पत्ति भएको समूहका व्यक्तिहरूसंगको मिलनसारिताले ।

यसैको आधारमा हाम्रो देशको उत्तरी क्षेत्रमा टिबेटो–बर्मन् भाषा बोल्ने जातिहरू प्रचुरमात्रामा पाइन्छन् । यसरी उत्तरी क्षेत्रबाट यी भाषाहरूले दक्षिणी भाग तराईमा पनि हावापानीको प्रतिकूल वातावरण भए पनि शनैः हनैः मेलमिलाप ल्यायो ।*

## परिचय

नेपालको सुदूर पूर्वी जिल्ला झापाको सिमाना पूर्वमा भारतको बंगाल प्रान्त, पश्चिममा मोरङ विराटनगर, उत्तरमा इलाम र दक्षिणतिर विहार प्रान्तको पूर्णिया जिल्ला पर्दछ । मेची अंचलको एक मात्र तराईभूभाग यसै जिल्लामा पर्दछ । झापा जिल्लाभित्र पर्ने दमक पंचायत अन्तर्गत पर्ने ताराबारी, जम्मुझारी, अर्नाखाडी दापगाछी, बालुबथान, ढुकुरपानी, चडकपाडा, अडियामल, दोघरे आदि ठाउं र कोशीको विभिन्न गाउँहरू जस्तैः– आमबारी, गढियाबारी, बालबिसौना, तेलकुंडी, बयरवन, खुर्सानीबारी, मैनाबारी, भाङबारी, नलबारी, मैलबारी ठाउंहरू जो समुद्रको सतहभन्दा करीब २००–६००० फीटसम्ममा पर्दछ, यिनै गाउंहरूमा प्रायशः नेपाल अधिराज्य पूर्वी भागको एउटा प्रमुख समुदाय धिमाल रहन्छन् ।

झापा जिल्लाको पश्चिम सिमानामा रहेको दमक पंचायतको आफ्नै विशेषता एवं मौलिकता छ । पूर्व र पश्चिम दुबै तर्फबाट मोरङ जिल्लाले वेष्ठित दमक पंचायतको बीचमा रतुवा नदी अनि पश्चिममा मावा नदीले यस क्षेत्रको प्राकृति र सौन्दर्यको अभिवृद्धि गरेको छ । उत्तरतिर पर्ने चूलाचूलि पहाडले र पूर्वमा पर्ने कंचनजंघाको सुन्दर दृश्यले तराईको भाव र गर्मीलाई टाढा राखेर यस क्षेत्रको मनोहर श्रृंखलालाई बचाइराखेको छ । यस क्षेत्रमा बाहुन, क्षेत्री, राजवंशी, राई, लिम्बूलगायत अरू सासाना जाति जस्तै माझी पनि बसोबास गर्दछन् । यस पंचायतमा धिमाललाई आदिवासी भन्ने चलन गरेका छन् । किरातीहरूसंगको मिल्दोजुल्दो संस्कृतिले गर्दा धिमालहरू हेर्दा प्रायः राई लिम्बू जस्तै देखिन्छन् । धिमाल आइमाईहरूले भने अद्यापि आफ्नै पुरानो पहिरन, पेटाने लगाएर बस्दछन् । पेटाने भनेको पहाडको गुन्यू जस्तै हो । तर पेटाने करीब ५.६ हात मात्रको हुन्छ । पेटानेले केवल छातीसम्म मात्र ढाक्दछ । आइमाईहरूले चोलो लगाउंदैनन्। पेटानेले छाती छोप्छन् र पेटाने घुंडामुन्तिरसम्म झारेर लगाउंदछन् (फलक १ क) पेटाने प्रायः कालो रंगको हुन्छ । घरैमा धागो कातेर तानमा पेटाने बनाउँछन् (फलक १ ख) । लोग्नेमान्छेमा पुरानो पहिरन छैन । ब्राह्मण, क्षत्री, र राई, लिम्बूले जस्तै सुरुवाल, कमिज, कछाड लगाउंदछन् ।

यस पंचायतको क्षेत्रफल अन्दाजी ३० माइल छ । जग्गाको नापीको आधारमा हेर्दा १०५७५ बिघा जमीन पर्ने आएको छ । त्यस मध्ये नम्बरी जग्गा ९८०० बिघा, दक्षिण सिमाको जंगल ४०० बिघा र अन्य हाल आबादी, बालुबुर्जा आदि छन् । यस पंचायतको जनसंख्या २०२६ सालको गणनाअनुसार १२००० छ र बयस्क मताधिकारीको संख्या ७५०० छ । यस पंचायतको जनसंख्यामा सबभन्दा धेरै एकै समूहका जाति धिमाल नै हुन् । यिनीहरूको संख्या करीब ६००० जति छ । कोशीमा पर्ने धिमालहरूको संख्या २००० देखि ३००० समेत जोड्दा पूर्वी नेपालमा आएका धिमालहरूको जनसंख्या कबीब आठ नौ हजार छ भन्ने अनुमान लगाइएको छ । पूर्वमा बग्ने रतुवा र पश्चिममा बग्ने भावाबाहेक चाजु बेतिनी, ढुकुरे, दिपिनी, घरघरे आदि खोलाहरूले यस क्षेत्रमा पर्ने गाउंलाई र जलशक्तिको कार्यमा अत्यन्त सहयोग गर्दै आएका छन् । दमक पंचायतको मुख्य स्थान दमक बजारको दक्षिणतिरबाट भएर महेन्द्रराजमार्ग गएको छ । यस

राजमार्गले गर्दा धिमाल समुदायको अरूहरूसंगको घुलमिलमा ठूलो भूमिका खेलिसकेको छ ।

**यातायात**– केही वर्षअगाडि मात्र यस क्षेत्रका बासिन्दाहरूको बाहिरी क्षेत्रसंग कुनै सम्पर्क थिएन। सर्वसाधारणको लागि औषधी आदि गर्नुपर्दा बिहानभर, दिउँसभर लगाएर विराटनगरसम्म पैदल जानुपर्दथ्यो । पहाडको सीधा सम्बन्ध यस पंचायतको उत्तरमा रहेको मधुमल्ला बजारसंग हुनाले दक्षिणतर्फबाट र पहाडतर्फबाट जाने आउने मानिस भने यही बाटो भएर हिड्ने गर्दथे । त्यसैकारणले गर्दा दमक बुधबारे भनी परपरका मानिसले नामसम्म सुन्न पाएका थिए । आठ मौजाको बिर्ता फडानी भएपछि यस क्षेत्रको वरिपरि अरू मानिसहरूले बसोबास गर्न थालेका थिए। त्यसपछि स्वर्गीय क. सन्तवीर लामाले "हिमालय चिया बगैंचा"को स्थापना गरेपछि त झन् यस ठाउँले द्रुतगतिमा कांचुली फेरेको स्पष्टतया महशूस गऱ्यो । महेन्द्र राजमार्ग यही पंचायतबाट भएर गएको हुनाले यस क्षेत्रको महत्व झन् झन् बढ्दै गइरहेको छ । हाल यस क्षेत्रले अधिराज्यभरमै अस्तित्व कायम गर्ने मौका पाइरहेको छ ।

यातायातको सुविधाले गर्दा र विभिन्न इथ्निक समूहका मानिसहरूसंगको दैनिक परिचय र भेटघाटपछि यहाँका प्राचीन जति धिमालको जीवनमा र रीतिस्थितिमा पनि निकै प्रभाव पर्दै आइरहेको छ ।

यस प्रकार अहिले महेन्द्र राजमार्गको निर्माणले यी गाउँहरूको सम्बन्ध अन्य जिल्ला र देशका विभिन्न ठाउँमा कायम हुन पुगेको छ। अझ बढी प्रस्तावित जनबलद्वारा निर्माण भइरहेको उत्तर–दक्षिण महाभारत शाखाले त यस पंचायतलाई पहाड र मधेशसँग सोझै जोड्ने हुनाले यसको प्रगतिमा प्रचुरमात्रामा ताकत मिल्नेछ । अहिले दमकबाट ढुकुरपानी हुँदै मधुमल्ला जाने, ताराबारी जाने, बारघरे रंगपुर हुँदै गौरादह, गौरीगंज जाने कच्ची सडकहरू छन् ।

२०२२ सालसम्म यस पंचायत क्षेत्रमा एउटा मात्र पनि प्राथमिक पाठशाला थिएनन् । २०१२ सालमा स्थापना गरिएको प्राइमरी स्कूल हाल "हिमालय विद्याभवन" को रूपमा हाईस्कूल भएको छ । यस स्कूलमा पढ्ने छात्रछात्राहरूको संख्या करीब २५० जति छ । ५ वर्षदेखि १५ वर्षसम्मका बालकबालिकाहरूको संख्या ३००० जति छ । यी निःशुल्क प्राथमिक पाठशालामा पढ्दछन् । वर्तमान आठवटा प्राथमिक स्कूलमा १००० जति बालकबालिकाहरू पढ्ने गर्दछन् ।

**हावापानी**– समुद्रको सतहदेखि २००–६०० फीट उचाइमा रहेकोले र यस क्षेत्रको नजीकै उत्तरी भागमा पहाडैपहाडको श्रृंखला भएकोले गर्मी समयमा औधी गर्मी भए पनि चिसो हावाको अभाव हुंदैन । उच्चतम तापक्रम ११० एफ. सम्म र न्यूनतम तापक्रम ४५ एफ सम्म पुग्छ । साधारणतया सालाखाला वर्षा बर्सेनि २१५ से. मि. सम्म पर्दछ ।

**वनस्पति**– Tropical climate को प्रभावले गर्दा Tropical forest यहाँ औधी पाइन्छ । काठपातमा सखुवा, हाडे, पीपल, बर, हल्लुंडे, हरी, बरी, अमला, कैमुनो, जामुनो, सिमल, कुम्मी, खिर्रो, टांटारी आदि हुन् ।

**चराचुरुंगी र जनावर**– सुगा, ढुकुर मुजूर, लुइँचे, बाघ, भालू, चितुवा, स्याल, खेकिर (बिरालो जस्तै) वनढाडे, चितुवा, सिमकुखुरा, पानीहांस, बकुल्लो, गरुड, सारस, कर्रा, हाडफोरा, सांपमा–गौमन, बेताल, ढोडियां धामन, सिरिसे, हराहुरा, अजिंगर एवं मृग, हरिण, खरायो, इत्यादि पाइन्छन् ।

**उद्योग धन्धा र व्यापार**– प्रारम्भिक कालदेखिनै यस भेगका निवासीहरू खेतीपातीमा मात्र आधारित थिए । बाटोघाटो तथा औद्योगिक विकासको क्रम त्यहाँको वातावरण अनुकूल नभएकोले मानिसहरूको औद्योगिक पेशातिर झुकाउ प्रायः शून्य थियो भन्न कदापि पनि अत्युक्ति हुनेछैन। यस क्षेत्रमा भएको औद्योगिक कार्य सबभन्दा ठूलो "हिमालय चिया बगान" को स्थापनानै हो। अहिलेसम्म अन्दाजी १०० बिघा जति जमीनमा चियाखेती भइरहेको छ। चियाबगानबाहेक कनकाई कन्स्ट्रक्शन कम्पनीले शुरू गरेको ईंटा टायल भट्टा, दमक बजारको लामा समिल, दुइवटा राइसमिल र तेलमिल, ताराबारी, ढुकुर पानी, बाह्रघरेमा भएका अन्य मिलहरू यहाँका औद्योगिक विकासका परिचायक हुन्। यसका अतिरिक्त घरेलु उद्योगअन्तर्गत बन्ने फर्निचर, छालाका सामान बनाउने, बिस्कुट बनाउने, पाउरोटी, गोरुगाडा बनाउने जस्ता कार्य भइरहेकै छन् । यस बजारको व्यापारक्षेत्र पहाडसंग

भएकोले, लत्ताकपडा, नून, तेल आदि यहाँबाट निकासी हुन्छ। पहाडबाट फलफूल, घीउ, आलु, राडी, पाखीको पैठारी यहींबाटै हुन्छ। यसबाहेक धान, पाट, तोरीको व्यापार पनि अलि अलि चल्न थालेको छ ।

**धिमाल समुदाय**

परिवारको संयोजनबाट, एकै प्रकारको समान थर, एउटै पूर्वजबाट उत्पन्न भएको पूर्वजको अनुक्रममा व्यवसाय भई एकैनासको सम्प्रदाय जनाउनेलाई जात भनिन्छ र यस्ता विभिन्न थरिहरूको संयोजनबाट धिमाल समुदाय बनेको छ ।

नेपालका अन्य भागहरूमा जस्तै धिमाल जाति पनि शनैः शनैः जातमा परिणत भइरहेका छन्। यो परिणाम एकै दिनमा आएको होइन । वास्तविक विकासको क्रमको आधारमा यी समुदाय जातमा परिणत भएका हुन् भन्न अत्युक्ति नहोला।

धिमाल जात वैवाहिक सम्बन्धले एवं विभिन्न जातहरूसंग-को रक्त संमिश्रणले गर्दा उत्पत्ति भएको हुनुपर्छ। एउटा धिमाल पुरुषले लिम्बू वा राईलाई विवाह गरेमा तिनीहरूबाट जन्मेका नानीहरू एक जातका हुन्छन्। धिमाल अवश्य पनि लिम्बू र राईसंगको रक्त संमिश्रणबाट उब्जेको नयाँ जातिको रूपमा शताब्दियौंदेखि उब्जिएको समूह हुनुपर्छ। यसरी उब्जेका जातिहरूले विकासको क्रममा आउँदा आफ्नो पूर्वज निवासस्थान छाड्न पर्‍यो र अर्कै जात भएर अर्कै नयाँ ठाउँमा अर्थात् क्षेत्रमा आफ्नो संस्कृति बनाउनुपर्‍यो ।

पर्वतीय क्षेत्रमा विस्थापित भएर आएपछि धिमाल समुदायलाई दैवको धेरै प्रकोप सहनुपर्‍यो। यिनीहरूले आफ्नो पुरानो हावापानी, वातावरणलाई भुल्दै गए। आफ्ना पूर्वज-हरूसंग शनैः शनैः बेग्लिदै गए र अन्त्यमा गएर एउटा स्थायी जातको रूपमा विकसित भएँ। अर्के ठाउंमा बसोबास गर्दा अर्कै ईश्वर, अर्कै धर्ममा अवतरण गर्नुपर्‍योहोला। पुरुषले पुनः अर्कै नचिनिएको आइमाईसंग सम्बन्ध स्थापना गर्नुपर्‍यो। विवाह भयो। नानीहरू जन्मे। अनि क्रमशः एउटा बेग्लै संसारको जन्म भयो। आफ्नै हाडनातामा विवाह नचल्ने भयो। जसको फलस्वरूप एउटा धिमाल समूहकै जन्म भयो। हुनसक्छ यातायात र भौगोलिक कारणले गर्दा धिमालहरू पुनः पहाडमा फर्कन पाएनन्। अर्को वंशजकाले माथिको वंशजको संपर्क छाड्नुपर्‍यो। रीतिस्थिति भुल्दै गए। यसबाट यो सिद्ध हुन आउँछ, धिमालहरू नेपालको उत्तरपूर्वतिरबाट नै आएका बासिन्दा हुन्। यिनीहरूको भनाइअनुसार पनि ल्हासा-बाट यिनीहरूको पूर्वज आएका हुन् भनी यसको प्रमाणित गर्दछन् ।

आफ्नो स्थायी रितिस्थिति र परम्परालाई बेवास्ता गर्नुको फल नै नयाँ जातको उत्पतिको कारण हो। उनीहरूले नयाँ नयाँ उत्सव एवं पर्व अपनाउन थाले। नयाँ वातावरणमा भिज्दा भिज्दा उनीहरू एउटा नयाँ जात भएर देखिन थाले। धिमाल जाति पनि लिम्बू तथा राईबाट यसैगरी छुट्टिएका हुन् ।

**धिमाल समुदायको उत्पत्ति र विस्तार**

विशेष गरी मेची अञ्चलमा किरातीहरूको बेग्लै अस्तित्व छ। वंशावलिको प्रमाणको आधारमा नेपाल खाल्डाका सर्वप्रथम बासिन्दा किराती नै थिए भन्ने कुरा विभिन्न विद्वान्हरू-को पनि भनाइ छ। यिनै किरातीहरूको समूहसंग आज पूर्वी नेपालमा बसोबास गरेका लिम्बू राईहरूको मेल छ भन्ने कुराको विभिन्न पक्षबाट तर्क आइरहेको छ । त्यसैगरी यो किरातीसंग मेल भएका, जनजीवनका नियमहरूको आधारमा लिम्बू जस्तै धिमाल पनि हुन् भन्न सकिन्छ।

लिम्बू र धिमाल कसरी बेग्लाबेग्लै स्थलमा बसोबास गर्न थाले भन्ने बारे एउटा चाखलाग्दो कथा छ । प्रायःजसो सबै धिमाल परिवारका मुख्य सदस्यहरूको भनाइ पनि यस्तै छ ।

धिमालहरूको अध्ययनको आधारमा प्राप्त भएका तथ्याङ्कको आधारमा यो समुदायको उत्पत्तिको कुरा बडो रोचक छ। धिमालहरू किरातेश्वरका सन्तान हौं भन्ने दावी गर्दछन्।

सर्वप्रथम धिमालको पुर्खामा बाबुको नाम तागेरा लिम्बू थियो। आमाको नाम दिङदिङ आमा हो। उनी लिम्बू थिइन्। यिनीहरूका चारभाइ छोरा भए। ती चारभाइमध्ये बाघ, भालू, बानर र ग्रंडरीका काँडा थिए । त्यसमध्ये वानरका संतान धिमाल हुन् ।

मुसलमानको आक्रमणपछि उनीहरू हिमालयको वरिपरि-को निवासस्थानबाट माझकिरातमा आए। त्यति वेला माझ-किरातमा रजौटा सुब्बा हाङ थिए। उनीहरूकी देवी सत्यहाङ्मा थिइन्। उनै सत्यहाङ्माले लडाईबाट प्रभावित हाङ्को वंश-

लाई बचाउनको लागि नदीमा ल्याइन् । त्यसपछि ढुंगामा चढेर गर्भिणी स्त्री पारि आइन् । सत्यहाङमाले यसरी उनीहरूकी आमालाई बचाइदिंदा पछि उनको गर्भबाट दुइ छोराको जन्म भयो । छोराहरूको दुइ हाँगारूपी वंश त्यति बेला तयार भयो । एकथरि हिमालयनिरकै पहाडमा बस्न लागे । एक दिन यी दुई थरी लडाईंबाट फर्कंदा जंगलबाट आफूआफूले बाटो नदेख्नाका कारणले हराए । जंगलमा ठूलो दाजु अगाडि परे र सानो भाइ पछाडि परे । जंगलमा दुवै भाइले जसले पहिले बाटो पैलाउँछ उसले एउटा चिनो लगाउनुपर्छ भन्ने मतो गरेका थिए । त्यस ठाउँमा बोहरीका र केराका रूखमात्र थिए । दाइले चिनो भनेर ती दुइ रूखलाई काटेर हिंडेछ । एकैछिनपछि सानो भाइ त्यहीं आइपुग्दा काटेको केराको रूखको टुसो ज्यादै लामो भएको पाएछ । सानु भाइ त्यहाँ आएर आराम गर्न थाल्यो । जाउँ भने बाटो देखेको छैन भनेर विचार गर्दा गर्दा बोहरी र केराको रूख काटेको देख्यो । तर केराको लामो टुसो र बोहरीको रूखको टुप्पो ज्यादै कालो देखेर ठूलो दाइ धेरै नै अगाडि भागिसके भन्ने भाइचाहिंले विचार गऱ्यो । अनि भाइले आफूसित भएको फौज राखेर तल पहाडको खोंचमा बसोबास गर्न थाल्यो । त्यसपछि तल खोंचमा बस्ने धिमाल भए । लिम्बूहरूले जस्तै धिमालले पनि वनका देवतालाई मान्दछन् र भीमसेन ठाकुरलाई पनि मान्दछन् । भोजभत्यार र विवाहका केही विधिहरू पनि लिम्बूहरूसंग मिल्छन् ।

**धिमाल नाम कसरी भयो ?**

धिमाल भन्ने नाम हिमाल भन्ने शब्दबाट उत्पत्ति भएको हुनुपर्छ । धिमाल उत्तरतिरबाट झरेकोले र अद्यावधि उनीहरूले पहाडी निवासीहरूले झैं आफूलाई हिमाली भन्दछन् । हुनसक्छ यही हिमालनिवासी विकासको क्रममा आउँदा आउँदै धिमाल भएका हुनन् । हिमालमा ज्यादै चिसो भएकोले राम्रो खेतीपाती हुँदैनथ्यो । त्यसकारणले हिमालवासीहरूले आफ्नो जीविकाको लागि नजीकैको जंगलमा गएर शिकार गर्दथे । त्यहींबाट यिनीहरू शिकारी जाति भए । काल बित्दै गयो । यिनीहरू तल तल झर्दै आएर पछि जंगल मास्दै खेती गर्न शुरू गरे । अनि बिस्तारै आएर आजका स्थायी कृषक बन्न पुगेका हुन् ।

धिमाल यस क्षेत्रमा दुइसय वर्षदेखि बसोबास गर्दै आएका हुन् भन्ने अनुमान गर्न सकिन्छ ।

**शारीरिक गठन**

शारीरिक गठनको आधारमा अध्ययन गर्दा धिमाल समूहलाई मंगोल प्रकारको जाति भित्र पार्न सकिन्छ । शरीरको रंग गहुंगोरोदेखि कालो देखिन्छन् । धेरैजसोको चिउंडोको मन्तिरको भाग बुच्चो छ । आँखामा मंगोलहरूको जस्तो इपिक्यान्थिक (Epicanthic) फोल्ड पाइन्छ । अनुहार चौडा छ, लम्बाइ साधारण र लिम्बूको जस्तै छ । नाक मझौला खालका छन् । चिउंडो र दारीमा रौं प्रायः हुँदैन । केशको रौं सोझो (लियोट्रिक्स) प्रकारको छ । टाउको मेसो सेफालिक (Meso Chephalic) प्रकारको छ । यी सब शारीरिक गठन र तथ्यहरूको आधारमा हेर्दा र भाषाको अध्ययनबाट यो समुदाय मंगोल समूहमानै पर्दछ ।

शारीरिक गठनसम्बन्धी र भाषा परिवर्तन भएको चाहिं धिमाल समूहले अरू विभिन्न इथ्निक समूहसंग गरेको घुलमिलको नतीजा हो ।

**भाषा र बोली**

धिमाल समुदाय नेपालको पूर्वी तराईको भित्री भागमा बसोबास गर्दछन् र यिनीहरू नेपालका असंख्य समूहहरूमध्ये एउटा हुन् भन्ने थाहा भएतापनि यो समूहको ठीक संख्या कति छ भन्न सकिंदैन । केही धिमाल परिवार अधिराज्यको पश्चिमी भागमा पनि छन् तापनि यिनीहरूको मुख्य क्षेत्र भने झापा जिल्लाको दमक पंचायत नै हो । नेपालको दक्षिणी तराईका घना जंगलहरूका बीच बीच र छेउछाउमा धिमाल समूह शताब्दि यौंदेखि बसिरहेका हुन् भन्ने अनुमान गर्न सकिन्छ । यहाँ बसोबास गर्ने सबै धिमालहरूको एकै किसिमको विशेषता देखिन्छ । यिनीहरूले संमिश्रित कृषि र विभिन्न प्रकारका घरेलु पाल्तू वस्तुहरूलाई पाल्नुको साथै मलिलो माटोमा विभिन्न प्रकारका अन्नहरू उब्जाउँछन् । सबै जातिपाति र संस्कारमा विश्वास राख्दछन् र सबैले आफूलाई हिन्दू भनेर प्रमाणित गराउन चाहन्छन् । बिहाबारीमा उनीहरूले हिन्दू नियमलाई नै मान्दै आउन थालेका छन् । आमाकी बहिनीकी छोरीसंग र बाबुकी बहिनीकी छोरीबेटी एवं मामाकी छोरीबेटीसंग बिहाबारी चल्दैन । धेरैजसो धिमालहरूको भाषा टिबेटोबर्मन्नै हो । धिमालजाति विभिन्न प्रकारका बेग्लाबेग्लै थरहरूमा विभाजित भएका छन् । यी थरहरूको वर्णन पछि बेग्लै शीर्षकमा गरिनेछ ।

हिन्दूधर्मको महत्वपूर्ण एवं विशाल प्रभाव छ। उनीहरूको घरेलु भाषा धिमाल भाषानै हो। धिमाल भाषा लिपिको अभावमा शनैः शनैः लोप भइरहेको छ। बोलिने भाषालाई धिमाल भाषा भनिन्छ र यो भाषा टिबेटो–बर्मन समूहमानै पर्ने आउंछ। धिमालको पुख्यौली घर कहाँ हो त्यो अस्पष्ट छ तापनि धेरै गाउँका बूढापाकाहरूको भनाइअनुसार उनीहरू ल्हासा, सिक्किम अथवा हाम्रा उत्तरी क्षेत्रका विभिन्न ठाउँबाट आएका हुन सक्छन् भन्ने अनुमान गरिएको छ। यी जाति प्राचीन मंगोल समूहका हुन् जो अनन्तकालदेखिनै उत्तरपूर्वदेखि आएर नेपालमा टिबेटो–बर्मन कुरा बोल्ने समूहको रूपमा रहेका हुन्। राजवंशी र अरू भारतको कुच-विहार, आसाम प्रान्तबाट विस्थापित भई आएका जातिसंगको घुलमिलले गर्दा उनीहरूको भाषा र रहनसहनसंग यस जातिको अलि अलि मेल हुनु अस्वाभाविक पनि होइन।

**बसोबास गर्ने व्यवस्थाको नमूना**

दमक पंचायतका अधिकांश गाउँहरूमा धिमाल समूह यत्रतत्र छरिएर रहेका छन्। त्यहाँका धिमाल समूह मात्रको जनसंख्या करीब सात आठ हजार होला र उता मोरङ्ग जिल्लामा पर्ने राजघाट वरिपरिका र इटहरीदेखि पूर्वमा बसोबास गर्ने धिमाल परिवारको सम्पूर्ण संख्या करीब नै दश हजार होला भन्ने अनुमान गरिएको छ। यी ठाउँमा बसोबास गर्ने समहमध्ये केही परिवार बाहुन, क्षेत्री, तामांग, लिम्बू, राई, नेवार, सुनार, कामी आनि पनि देखिन आउँछन्। धेरै गाउँका घरहरू खालि माटो एवं गोबर र आसपासको जंगलबाट प्राप्त काठपाठबाट नै बनेका छन्। सानो अर्नाखाडीमा जहाँ धिमालहरूको परिवार संख्या उन्नाइस छ, जनसंख्या एकशय एकाउन्न छ। घरको वरिपरि, बाटोको, वरिपरि पस्दाखेरिको दाहिनेपट्टि केराका सयकडौं बोट छन्। सबै घरहरू साधारण करीब ११।१२ फीट अग्ला छन्। चौडाइ करीब ६।७ फिटका पाइन्छन्। अरू तराईप्रदेशमा जस्तो प्रायः फुसका बनेका छन्। केवल प्रशस्त जग्गा र आम्दानी भएका २।४ परिवारका घरहरू काठैकाठबाट बनाइएका छन् (फलक २ क)। स्थानीय व्यक्तिहरूका घर नजीकनजीकमा छन्। एउटा घरबाट अर्को घरमा जाने भित्रभित्रैबाट साना साना बाटा छन्। धिमालहरूका घर एवं झुपडीहरू समूहरूपमा अवस्थित छन्। ज्यादै कम धिमाल परिवारको घर गाउँदेखि बेग्लै, छुट्टै ठाउँमा भएको देखिएन। यसबाट यो प्रमाणित गर्दछ यस जातिको आफूआफूमा संगै मिलेर रहने विशेषता ज्यादै पुरानो अभ्यास हो। सडकको दुबै किनारामा नभै एउटा किनारामा मात्र घर बनेका छन्। कुनै कुनै घरहरूका झुण्ड एउटै थुम्कोमा पनि अवस्थित छन्। धिमालहरूको गाउँमा गाई गोरु तथा अन्य जानवरहरू पस्छ भनेर वरिपरि वारै बारले घेरिएको हुन्छ। घरको ढोका प्रायः बरण्डापछि नै हुन्छ। बरण्डालाई उनीहरूले बस्ने तथा बिस्कुन सुकाउने र चामल केलाउने ठाउँ मान्दा रहेछन्। भान्साघर मूलघरभन्दा बेग्लै ठाउँमा हुन्छ। भान्साघरमा प्रायः जसो ठाउँ खाली रहन्छ। धेरैजसो भान्साघरमा चामल, दाल आदिको भण्डार हुँदैन। भान्साघर माटो र गोबरले चटक्क पारी लिपेको हुन्छ। भान्साघर एवं झुपडीहरू प्रायः परालले छाएको हुन्छ। बाँसका भाटा, चोया र जंगलबाट प्राप्त काठहरूबाट घरहरू बनिने भएकोले फूसको घर बनाउन आर्थिक दृष्टिकोणले त्यति असजिलो पर्दैन। गाउँको लागि ठाउँठाउँमा बाटोनिरै इनार बनाइराखिएको हुन्छ, जसबाट गाउँका सम्पूर्ण निवासीले खानेपानी तथा अन्य घरेलु कार्यमा लगाउनको लागि प्रचुरमात्रा-मा पानीको श्रोतको आधार पाउँछन्। इनार बनाउने तरीका पनि उनीहरूको आफ्नो पाराको छ। इनार बनाउँदा जमीनलाई करीब १५।१६ फीट खनेपछि बल्ल पानी पाइने हुन्छ। इनारको चौडाई अर्थात् परिधि ५।६ फीटसम्मको हुन्छ। इनार ईंट, ढुंगाहरूबाट बनेको कुनै धिमाल गाउँमा पनि पाईदैन। पातलो बनाएर गोलाकार काठलाई खनेको जमीन भित्रभित्रबाटै गाडेर माथि जमीनको सतहभन्दा ३।४ फीटमाथि पारिन्छ।

घरका भित्ताहरू चिरेका बासका टुक्राहरू एवं माटो गोबरले लिपिएको हुन्छ। कुनै कुनै काठका घरका छानाहरू टिनले पनि छाएका हुन्छन्। प्रत्येक घरको बाहिर बरण्डा हुनुपर्छ। मुख्य कोठामा मात्र नभई ज्यादै राम्रो पार्न हुने–खानेले प्रायः सबै कोठामा चौकोस अथवा खाट राख्दछन्। बीच चोकमा सधैंभरि धान, गहूँ आदिको बिस्कुन सुकाउने गर्दछन्। जाडोको बखतमा बीच चोकमा ठूलठूला मूढा सल्काएर घरका बूढाबूढीहरू, केटाकेटीहरू बिहान र बेलुका आगो ताप्न बस्दछन्। बिहान सबेरै उठेर चोकलाई बढार्नु र बरण्डा तथा ढोकाको भूइं लिप्नु आइमाई को नित्य कार्य हुन्छ साना साना झुपडीहरूमा झ्याल धेरै कम मात्रामा पाइन्छ। कतै मात्र एउटा स्यानो झ्याल पाइन्छ। चोकमानै प्रत्येक परिवारको तान बुन्ने यन्त्र राख्ने ठाउँ र पेटाने तयारी गर्नको लागि आवश्यक चर्खा र तान राखिएको हुन्छ (फलक २ ख)। चोकनै यस्तो राम्रो ठाउँ हो जहाँ धिमाल केटाकेटीको विवाह-उत्सव, पूजाआजा, भोजभत्यार, नाचगान, धामीझाँक्रीको चिन्ता आदि मनाइन्छ। यो चोक साना केटाकेटीहरूको लागि

खेल्ने ठाउँ पनि हो र यसको बगलमा सबैको घरमा सुँगुर पाल्ने खोर पनि बनाइएको हुन्छ । धिमालहरूको घरको पछाडि प्रायः सबै परिवारको तर्कारी लगाउने बारी हुन्छ। भान्साभित्रै पानीको घैला तथा गाग्री राख्ने चलन छैन । धेरैजसो भान्साको बाहिरपट्टिको एउटा ठाउंमा चारवटा ठूला लामा काठ अड्याएर चिरेको बांस र सानासाना दाउराहरूबाट बनाएको ठाउंमा घैला एवं गाग्राभरी पानी राख्दछन् । पानीलाई घाम धूलोबाट बचाउन माथिबाट छायां दिन एउटा छाप्रो जस्तो बनाएर छाएको पनि हुन्छ । भान्साघरमा भात पकाइसकेपछि जैले पनि जूठो भांडा, दालभात पकाएको भांडा राख्नैपर्ने चलन छ । बेलुकी दालभात भांडामा राखेको कारण आफ्ना पितृहरू आएर खान्छन् भनेर रहेछ । यो चलन धेरै प्राचीन हो र अंधविश्वास एवं रूढीवादीमा अझै पनि यो चलन परिवारमा व्याप्त छ ।

## जीवनोपार्जनका उपायहरू

धेरै समयदेखि नै झम्मुझार, ताराबारी, अर्नाखाडी दोघरे, पिपिरे, ढुकुरपानी, अडियामल, चडकपाडा, झर्का, दापगाछी आदि गाउंहरू अवस्थित भएका हुन् । यहाँका जमीन पनि त्यतिनै पुराना हुन् । त्यसकारणले जीवनोपार्जनका मुख्य साधन जमीनबाट उब्जेका अन्नहरू नै हुन् । यही जमीनमा घाम र वर्षा नभएर हाड सुकाएर यो जाति खेतीमा पूर्णतया निर्भर रही आएका छन् । खेतीको प्रारम्भिक कालमा यहाँका त्यतिवेला भएका घना जंगललाई फाड्नुपर्‍यो होला । यिनीहरूले पाँच छ वर्षको कठिन परिश्रमले खेतीको लागि उपयुक्त जमीन तयार पारे होलान् । जीवननिर्वाहको मुख्य उपायनै खेती हो । जमीन यी कृषकहरूको लागि मुटु हो । यहाँका विभिन्न गाउंहरूका धिमाल परिवारका सदस्यहरू परिश्रमशील छन् । खेतीको समयमा यी समुदाय खूब परिश्रम गर्दछन् । उनीहरूले सम्पूर्ण अन्न यिनै आवादी जमीनबाट उब्जाउछन् । धान, गहुं जौ, चना, यिनीहरूको मुख्य उब्जाउ हुने बाली हुन् । ठाउंठाउंमा तोरी, सुर्ती, जुटको खेती गरेको पनि देखिन्छ । धेरै परिवारको त्यही उब्जनीबाट प्राप्त आम्दानीको आधारमा लुगाफाटो, तेल, घ्यू, नून, मसला आदि किन्नुपर्ने हुन्छ । मुख्यतया धेरै परिवारको ४।५ बिघाभन्दा कम जमीन हुंदैन । त्यसैले पनि उनीहरूलाई जीवननिर्वाहको लागि, दुई छाक हातमुख जोर्नको लागि दुःख ता हुंदैन । तर पैसा कमाउने उपाय भने उब्जाउ भएको धानलाई खान संचित गरेपछि मात्र बाँकी रहेको बढी अन्नलाई बेचबिखन गरिन्छ ।

आर्थिक दृष्टिकोणले हेर्दा र जमीनको विभाजनको आधारमा अनुसन्धान गर्दा धिमाल जाति स्वतन्त्र स्तरको आर्थिक परिधिमा जेनतेन जीवननिर्वाह गरी बसिरहेका जाति हुन् भन्न सकिन्छ । वैज्ञानिक तवरले कृषि गरेमा आम्दानीको साथै आर्थिक अवस्थामा पनि उन्नति हुने भई जीवनस्तर पनि बढ्नेछ । दमक पंचायतको किनारैबाट महेन्द्र राजमार्ग (पूर्व पश्चिम राजमार्ग) गएकोले केही धिमालहरू विभिन्न धानको मील, चियाबगान, बाटाघाटामा पनि काम गर्न लागेका छन् । यो पनि एउटा आम्दानी गर्ने बाटो यी सदस्यहरूलाई भएको छ ।

ब्याज लिने गरेर सापट दिएको धनराशिको भरमा पनि केही परिवारलाई आम्दानी भएको छ । सयकडौं बिघा भएका धनी धिमालहरूले आजभोलि भाडामा मोटर (जीप) राखेका छन् । धरानदेखि भद्रपुर अथवा पानीट्यांकीमा दमक हुँदै लैजाने गर्दछन् । यसबाट पनि उनीहरूलाई ठूलो आम्दानीको बाटो उघारिएको छ । घरमा पालेका गोरुको बढ्दो मूल्यले गर्दा, बेच्दा ठूलो आम्दानी हुने गर्छ ।

## किनमेल र बेचबिखन

प्राकृतिक दुर्घटना, मृत्युसंस्कार, विवाहउत्सव ढङढङे मेला आदि र बिरामी परेका वेलामा आकस्मिक घरव्यवहारमा धेरै मात्रामा धनराशिको व्यय हुन्छ जुन परिवारको लागि बडो चिन्तित कुरा हुन आउंछ । त्यसका अतिरिक्त वर्ष दिनसम्म चाहिने परिवारको लागि लुगाफाटो, नून, मट्टीतेल, घ्यू, खानेतेल, जीरा, मसला, चीनी आदिले गर्दा परिवारको ढुकुटीलाई खालि नै गरिदिने अवस्था आउंछ । दमक बजार आजभोलि यिनीहरूको निमित्त किनमेलको केन्द्र भएको छ । (फलक ३ क) तर धेरैनै मालताल किन्नुपर्‍यो भने सबै परिवारका कर्मठ सदस्यहरू विराटनगर, भद्रपुर र केही पर्‍यो भने जोगबनीतिर पनि धाउंछन् । दमक हालै मात्र विकसित भएको बजार हो जहाँ प्रत्येक बुधवारको दिन हाट लाग्छ । त्यसैले यसलाई बुधवारे भनिन्छ । यस हाटमा यहाँका वरिपरिका मानिसहरूले किनमेल र बेचबिखन गर्दछन् । धिमाल, राजवंशी, माझी, राई, लिम्बू, सुनार, दमाई, सार्की तथा अन्य कृषकले आफ्नो जग्गामा वा घरमा उत्पादित चीजहरू, राडी, पाखी, फलफूल, घ्यू आदिहरू यही बजारमा बेच्दछन् । यो हाट बिहान आठबजेदेखि बेलुकि छ बजेसम्म चल्दछ । करीब

पाँच छःहजार मानिसहरूको भीड पनि हुन्छ। विभिन्न किसिमका मानिसहरूसंग भेट्ने, संबन्ध राख्ने केन्द्र धिमालहरूको लागि यो बुधवारे हाटनै भएको छ। जमीनको किनमेल र बेचबिखन ज्यादै कम पाइन्छ। प्रत्येक परिवारको आफ्नै जमीन प्रशस्त-मात्रामा छ। भूमिसुधार सर्वप्रथम यस झापा जिल्लामा लागू भएकोले जग्गा र यसको उब्जनीनै त्यहाँको मुख्य आय हो ।

दमक बजारकै छेउमा रहेको सिनेमाले पनि धिमाल युवक र युवतीहरूलाई गहकिलो आकर्षण दिइराखेको छ। यसैको प्रभावमा आएर युवकयुवतीहरूले आफ्नो भेष र शृङ्गारमा परिवर्तन ल्याइरहेका छन्। (फलक ३ ख) यस कारणले गर्दा कुनै कुन बखत आफूले बेचेर ल्याएको पैसा यही सिनेमामानै खर्च हुन्छ ।

**सांस्कृतिक इतिहास**

यस दमक पंचायतमा परेका गाउंहरू जस्तै, अडियामल, चडकपाडा, ताराबारी, दापगाछी र कोशीको राजघाटमा बसोबास गरिरहेका धिमालसमूहको संस्कृति धेरै प्रभाव र धेरै लामो सामाजिक उथलपुथलको इतहासको उत्पत्ति हो । टिवेटोवर्मन धिमालभाषा बोल्ने यस भेगमा सबैभन्दा पुराना धिमाल समूहको घरेलु भाषाको आधारमा यी जातिको उत्पत्ति उतरीय क्षेत्र भुटान, सिक्किम, तिब्बत, दक्षिणी चीन अथवा भित्री एशिया आदिको कुनै पनि ठाउंमा हुन सक्छ। नेपाली भाषा पनि प्रत्येकले बोल्न जान्ने देखिएकोले विश्वास गर्न सकिन्छ यसको कारण अरू जातिहरूसंगको धुलमिल र आदानप्रदानको प्रभावले हो ।

ब्राह्मण, क्षेत्री, थारू, राई, लिम्बू, राजवंशी, माझी, कोचे र मेचेहरूको प्रभावमा धेरै कालदेखि यी जाति आएका छन्। यसैको कारणले दोस्रो भाषा सबैभन्दा सजिलोसंग बोल्न सकिने नेपालीनै हो। धिमालहरू गुरुङ, राई, लिम्बू, मगर जस्तै कहिले पनि विदेशमा गएर सेनामा भर्ती भएनन्। त्यसैकारणले मगर, गुरुङ राई, लिम्बू जस्तै विदेशमा गएर धुलमिल गर्न पाएनन्। राई, लिम्बू, मगर र गुरुङ जस्तै एकोहोरो र शूरा धिमाल जाति कहलिन नपाए पनि स्वास्थ्यको प्राथमिकता र संस्कारको आधारमा मनोवैज्ञानिक असर चाँहि तराईका थारूहरूसंग र राजवंशीसंग परेको छ। कोशी हुंदै दमक भएर जति जति पूर्वतिर हामी जान्छौं त्यति त्यति धिमाल परिवारको सामाजिक मेल र भाषामा प्रभाव अरू जातिको भन्दा राजवंशीसंग बढी भएको पाइन्छ ।

उत्तरीय प्रभाव अथात् उत्तरपूर्वको प्रभावमा नपरेका यी समुदाय हुन् भन्न पनि अलिक सकिन्न। किनभने धिमाल समूहको विवाहमा राई, लिम्बूहरूको जस्तै सुंगुर, रक्सी, कुखुराको बलिदान दिई उस्तै तरीकाले उत्सव मनाइन्छ। ब्राह्मण, क्षेत्री र अरू जातिहरूको प्रभावमा परेकोले यिनीहरूको रीतिस्थितिमा झलक्कै कुनै असर पाइंदैन। यिनीहरूको विवाह-पद्धति लिम्बूसंग ज्यादै नजीकको छ। त्यसकारणले यी समूहमा अलिअलि जे जति हिन्दूले गर्ने तरीका अपनाइन थालेका छन्। अरू जातिहरूसंगबाट सिकेका हुन् भन्न सकिन्छ । धिमालहरूले आफ्नो प्रथम पुर्ख्यौंलीघरलाई धेरै अगाडिनै छाडेका हुन्। त्यसैकारणले गर्दा यिनीहरूको पूर्वजको घर पत्ता लगाउन ज्यादै असजिलो छ। यद्यपि उनीहरूले आफ्ना पूर्वजहरूको प्रभाव कुनै न कुनै रूपमा अपनाउंदै ल्याएका होलान् तर पनि अरू पाश्चात्य र पूर्वीय देशको प्रभावमा आएका समूहहरूको जस्तो पत्ता लगाउन सजिलो छैन ।

आज राई, लिम्बूले जस्तै धिमालले पनि आफ्नो पूर्वज घर नै यही हो भने तापनि कालक्रम र उनीहरूको संस्कृतिमा उत्तरीय प्रान्तको प्रभावले गर्दा उनीहरूको पूर्वज सिक्किम, भुटान, ल्हासा अथवा दक्षिणी चीनतिरबाटनै आएका हुन सक्छन् कि भन्ने अनुमान गर्न सकिन्छ। एघारौं शताब्दीको मुसलमानको आक्रमणकालमा कसरी उनीहरू (धिमालका पूर्वजहरू) नेपालभित्र पसेका थिए भन्ने कुराबाट पनि यो स्पष्ट हुन्छ यो जाति उत्तरपूर्वतिरबाट विस्थापित हुंदै हुंदै तलतिर आएका हुन् ।

**विस्थापित भएर आउनुपरेका संभावित कारणहरू**

१. लडाईंबाट उत्पन्न भएको डर र वंशकोनै नाश हुने भय भएकोले ।
२. आर्थिकदवाउको कारणले बाटो नपाएर बसिराखेको वेलामा मुसलमानले आक्रमण गरेर ध्वंस पार्न खोज्नु ।
३. आफ्नो समुदायको संख्या ज्यादै कम भएर मुसलमानहरूको अर्थात् अरू जातिहरूको रीतिस्थितिमा मिल्न नसकेर ।
४. धार्मिक कारणमा हिन्दूधर्मको प्रभावले गर्दा ।
५. सामाजिक कारणले ।

त्यति वेलाको लडाईंमा केही व्यक्तिहरू उत्तरमै बसोबास गर्न थाले। केही बीच पहाडमा आए। केही दक्षिणतिरको तराई भेगमा लागे। निश्चयनै शारिरक गठन, आँखाको बनावट र आकृति एवं भाषाको आधारमा धिमाल जाति मंगोलियन प्रभाव परेको समुदाय हो। यसरी समय बित्दै

गएपछि जंगल फांडेर राम्रोसंग व्यवस्थित रूपमा खेती गर्न थाले। अनि अरू वरिपरिका जातिहरूसंग संपर्क बढ्यो। अगाडि शिकारले जीविका चलाउंथे। (फलक ४ क) पछि शनैः शनैः अन्त्यमा गएर उनीहरू स्थायी तवरले कृषिमा निर्भर भई बसोबास गर्न थाले।

## सांस्कृतिक विकास

अर्नाखाडी, दापगाछी, दोघरे, झम्झुझार र अडियामल, चडकपाडा, ताराबारीदेखि लिएर यी गाउँहरूबाट सुदूर पूर्वतिरका गाउं जस्तै बिर्ता, भद्रपुरमा पर्ने केही गाउंहरूमा बसोबास गरेका धिमाल समुदायको संम्मिश्रित संस्कृति एउटा लामो ऐतिहासिक विकासक्रमको नतीजा हो। इतिहासको पाना पल्टाउन कुनै लिखित कागजपत्र, शिलापत्र, ताम्रपत्र र कुनै प्रकारको पाण्डुलिपि नभएकोले यी समुदायको वास्तविक तथ्य सोधपुछ र अन्तर्वार्ताको आधारमानै लेख्नुपर्ने भएको छ। नेपालको संम्पूर्ण भौगोलिक स्थितिको मूल्यांकन गर्दा यस्ता व्यतिक्रममा गएका अरू जाति पनि अतीतमा थिए र आज पनि यिनै वस्तुगत कुराहरूले जातीय परम्पराको श्रृंखलामा महत्वपूर्ण कार्य गरिरहेका छन्। कोशीनदी, रतुवानदी, मावोखोला, कनकाई, मेची, माईबेनी जस्ता नदीका किनाराहरू यी समूहको सभ्यताको विकासको लागि युगौंदेखि भूमिका खेलिरहेका छन्। दमकबजार भर्खरै मात्र विकसित भई देखापरेको नगर हो। यसभन्दा अगाडि यातायातको कमीले गर्दा मानिसहरूको आवतजावत ज्यादै सीमित थियो। आज त्यो अवस्था छैन। पाँचथर, तेह्रथूम, भोजपुर जस्ता पर्वतीय गाउंहरूबाट मधुमल्ला हुंदै दमकबजार आएर भद्रपुर अथवा विराटनगरमा नून, मसला, लुगाफाटो, तेल आदिका लागि गाउंघरबाट घ्यू, राडी, पाखी जस्ता चीजहरू लिएर आउंथे। दिनभरिको हिंडाइपछि भद्रपुर अथवा विराटनगर पुग्थे। त्यहाँबाट भारतको गलगलिया एवं जोगबनी जहाँ भए पनि नजीकै परेमा गएर किनमेल आदि पनि गर्थे। यिनै गाउंबाट पार हुंदै युगौंदेखि मानिसहरू आवतजावत गर्दथे। ती व्यक्तिहरू खास हिन्दू भएकोले हिन्दूधर्मको धिमाल समूहमा प्रभाव परेको हो। हिन्दूहरूको चाड माघेसंक्रान्तिमा माईबेंनीमा ठूलो मेला लाग्छ। त्यहीं नै धेरै जातिहरूको भेटघाट हुन्छ। यी विभिन्न चाड, पर्व र मेलाको लसपसमा धेरै कालअघिदेखि यी जातिको घुलमिल भएको छ। यसरी आफ्नो ग्रामीण परम्परा घुलमिल भईकन पनि अरू जातिहरूसंगको संमिश्रणमा आउंदाखेरि यी समूहमा नयाँ मान्यताको प्रभाव पर्नु स्वाभाविकै हो।

## आर्थिक जीवन

**खास खास आर्थिक व्यवसाय**– पूर्वी नेपालका प्रायः किसानहरू जस्तै दमक गाउं पंचायतका प्रत्येक गाउंका धिमाल परम्परादेखिनै कृषिलाई आफ्नो प्रधान पेशा मान्दै आएका छन्। राजघाटका धिमालहरूदेखि लिएर दापगाछी, चडकपाडा, अडियामल, ताराबारी, अनिझर्का, ढुकुरपानी, खरखरेमा गरेर धिमालको संख्या आठ नौ हजार होला जसमा आइमाईको संख्या करीब आधाजसो छ। प्रत्येक गाउंमा धिमालहरूबाहेक केही परिवार बाहुन, क्षेत्री, नेवार, तामाङ आदि पनि छन्। यी प्रत्येक गाउंका धिमालका परिवारसंग आफ्नै जमीन छ। सालाखाला हिसाब गर्दा प्रत्येक परिवारसंग ४।५ बिघासम्म जमीन भएको देखिन्छ। यहाँका केही परिवारसंग २५ देखि लिएर १०० बिघा जमीनसम्म पनि देखिन्छ। तीमध्ये थोरै परिवार चाहिं पारिश्रमिकको रूपमा काम गर्दछन्। तथ्यांकको आधारमा हेर्दा गाउंहरूमा बस्ने सर्वप्रथम निवासी धिमाल नै हुन्। यिनीहरूले सर्वप्रथम शिकारीको पेशा गर्दथे। वन जंगलमा गएर जानवरहरूलाई भालाले मारी खान्थे। तर पछि जंगललाई मास्दै खेती गर्न थाले। माथि पहाडतिरबाट झरेकाहरूको संख्या केही वर्षपछि विशाल रूपमा बढेकोले धेरै जमीनको हकदारहरूको कमी भइरहेको छ। यी तल झरेका मध्ये प्रायः जसो सबै हिन्दू जातिका निवासीहरूनै हुन्। यसरी यहाँका केही बसोबास गर्ने धिमाल समूहको संख्यालाई नगण्य तुल्याउने परिस्थिति यता १०।१२ वर्षदेखि भइरहेको छ।

समय बित्दै गएपछि अरू जातका परिवारसंग धिमाल परिवारहरू पनि स्थायी तवरले रहन थाले। त्यसकारणले गर्दा मास्ने खेती क्रिया खतम हुंदै गयो। खेतीको व्यवसायमा यसरी स्थायी तरीका अपनाइसकेपछि गाउंको बनावट (Structure) झन् स्थायी हुन थाल्यो। जनसंख्याको क्रम बढ्नाले केही वंशिपछि नै जमीनको भाग धेरै हकदारहरूमा विभाजन हुन थाल्यो। यसरी कम जमीन प्राप्त गर्नेहरूलाई आफ्नो जीविकोपार्जनको लागि जग्गामा मात्र निर्भर पर्ने अवस्था भएन। त्यसरी उनीहरूमध्ये केहीलाई अर्को पेशा पनि अपनाउन कर लाग्यो। धिमालहरूको संख्या अझै पनि बढी छ। तर पनि अरू माथिबाट झरेका जातिहरू बढीमात्रामा छरिएर बसिरहेका छन्। यिनीहरू आफ्नो बाबुबाजेले गर्दै आएका नियम, सामाजिक रीतिस्थिति, धर्म, आस्था र मान्यतालाई भौगोलिक, सामाजिक र आर्थिक स्थितिले गर्दा अक्षुण्ण राख्न वाध्यनै भए। हालसम्म धिमालहरू आफ्नो कृषि पेशालाई झन् झन् बलियो पार्दै लैजाने तरखरमा छन्।

D 4 78 no



कृषिको लागि चाहिने परिश्रमका आधारशिलानै परिवारका बलिया सदस्यहरू हुन्। यिनै सदस्यहरूको आधारमा परिवारका सम्पूर्ण सदस्यहरूको जीवन धानिएको हुन्छ। सरकारी तवरबाटनै खेती हुने र नहुने जमीन छुट्याइएको हुन्छ। आवादी र पर्ती जमीनलाई अलग्याएर, त्यसलाई पनि विभाजन गरिएको छ। तराई प्रदेश भएकोले पहाडमा जस्तो खेती गर्न असजिलो पर्दैन। तर पनि सिंचाइको राम्रो व्यवस्था छैन। पानी लाग्ने जमीनमा धेरै उब्जनी हुने भएकोले यस्तो जमीन महंगो पर्छ। प्रतिबिघा सरकारी दरमा लागेको पोत नजीकको अड्डामा बुझाउनुपर्छ।

धिमालका प्रत्येक परिवारकहां एक दुइ जोडादेखि लिएर दुइतीन जोडासम्मका हल गोरु पालिन्छन्। यिनै गोरुले जमीनलाई जोतेर खेतीको लागि योग्य बनाउंछन् (फलक ४ ख) आफ्नो आफ्नो घरमा जोत्ने मान्छे नभए गाउंका अरू जोत्ने मान्छेलाई हलो जोत्न लगाइन्छ। त्यसको पारिश्रमिक कसैले धान, कसैले रुपियाँमानै तिर्नुपर्ने हुन्छ।

दमक पंचायतकै वरिपरि कामी, सार्की, दमाई आदिहरू पनि बसोबास गरेका छन्। जुत्ता बनाउने, कोदाली, हलो, हंसिया बनाउने, लुगा सिउने काम यिनैबाट हुन्छ। धिमाल आइमाईहरूलाई आफ्नै घरको तानमा बुनेको घरबुना कपडाबाटनै काम चल्छ। पुरुषहरूको लागि दमकबजार विराटनगर आदि ठाउंबाट कपडा किनेर सिलाउनुपर्छ। सिलाइको ज्याला पैसा दिइन्छ। धिमालको आर्थिक स्थितिलाई बलियो अथवा निर्बलियो बनाउने राम्रो कृषि र राम्रो उब्जनीमा निर्भर गर्दछ। अतः यी धिमालको आर्थिक स्थितिको मुटुनै कृषि हो।

परम्परादेखि नै धिमालसमूह पैतृक प्रधान (Patrilocal) जाति भएकोले परिवारका सबै दाजुभाइलाई बाबु आमाको मृत्यु नभएसम्म एकै सूत्रमा गाँस्दै आउने संस्था भएको छ। तिनीहरू एउटै धुरीमुनि बस्दछन् र एउटै चूलोमा खाना खान्छन्। परिवारका प्रत्येक भाइ पैतृक संपत्तिको लागि बराबरी हिस्सेदार हुन आउंछन्। प्रत्येकलाई आफ्नो संपत्तिको दायित्व भएकोले बाबुको मृत्युपछि अर्कै रूप लिनुपर्दछ जसको कारणले गर्दा साना साना परिवारको जन्म हुन्छ। गाउंबाट हालै विकसित भएको दमकबजार भएकोले धिमालहरूलाई चाहिने वस्तु त्यहींबाट प्राप्त हुन्छ। साथै अरू आवश्यक चीजहरू प्रत्येक बुधवार लाग्ने हाटमा किनमेल र बेचबिखन चलिरहन्छ।

**विभाजन र खपत**

परिवारनै काम गर्ने एकाई (unit) हो। साधारणतया उनीहरूले उब्जाएका बाली र तयार पारेका वस्तुहरू सबै सदस्यहरूमा बराबर विभाजन गरिन्छ। तर यसरी उब्जेका वस्तुहरूको विभाजनले गर्दा कसैलाई पनि आत्मनिर्भरतातिर बलियो गरी उभ्भिन दिँदैन। यसको कारण पैदा गरेका चीजबीजहरूको कमीले हो। त्यसकारणले गर्दा उनीहरूको आर्थिक अवस्था सुधार्न अरू काम पनि गर्नुपर्छ। अर्थात् जमीनमा २।३ बाली लगाउनुपर्छ। गाउंमा मुख्य उब्जाउ हुने अन्नहरूमा धान, तोरी, गहुं, चना चाँहि परम्परागतअनुसार उब्जाइरहेका वस्तु हुन्। तर आजभोलि जुट, आलु, फापर आदि पनि उब्जाउ गरिन थालिएको छ। गाउंलेहरूको प्रधान खाना भात हो।

परिवार आफ्नो घरमा बस्दछ जुन घर आफ्नै सदस्यहरूको परिश्रमले बनाइएको हुन्छ। खाना आफैंले बनाउंछन्। आफूलाई चाहिने अरू दैनिक उपभोगका वस्तुहरू उत्पादन गर्दछन्। घरको छाना बनाउन र खेती गर्न परिश्रमीहरूको आवश्यकता परेमा उनीहरूले गाउँका अरू परिवारबाट ल्याउँछन्। उनीहरूलाई बिहानको खाना, दिउँसोको खाजा र चुरोट आदि दिन्छन्। खाना खाँदा र खाजा खाँदा धेरैजसोलाई घरमा बनाएको रक्सी पनि दिइन्छ। गाउँलेहरूले आफ्नो घरको पछाडि उब्जनी गरेका तरकारीहरू आफूलाई पैसाको जरूरत पऱ्यो भने दमकबजारमा लाग्ने बुधवारे हाटमा बेच्दछन्। केरा जस्ता फलदेखि लिएर सुंगुरका रौं पनि यिनीहरूले बेच्ने गर्दछन्। सुंगुरको रौं किन्न अरू गाउँहरूबाट मानिसहरू गाउँ गाउँमा आउंछन्। यिनैबाट आएका रुपियाँनै यिनीहरूको मुख्य बाहिरी आम्दानीको स्रोत हो। यसका अतिरिक्त धान पनि प्रत्येक परिवारले बेच्दछन्, जसबाट प्राप्त पूंजीले घरको अरू आवश्यक कुरा किनिन्छ। आफ्नो पूर्वजदेखि, चलि आएको चलनमा यिनीहरूको अति विश्वास छ त्यसैले यिनीहरूले लिम्बूहरूले जस्तै गाईको मासु खांदैनन्। सुंगुर, कुखुराको मासु, माछा, यिनीहरू खूबै खान्छन्। धेरै वर्षअगाडि यिनीहरूले मूसा पनि खान्थे। आजभोलि यसको व्यवहार खूबै कम भएको छ।

प्रत्येक धिमाल परिवारको आँगनको एउटा छेउमा सुंगुर पाल्ने खोर हुन्छ। अर्कोतिर आँगनको एउटा कुनामा तान र चर्खा पनि रहन्छ। तान बुन्ने काम प्रायः फुर्सदको वेलामा आइमाईहरूले पूस माघमा गर्दछन्।

सुंगुर पाल्ने चलन धेरै पुरानो हो। पहिले पहिले सुंगुरको

बोसोबाट तेल निकाल्ने गर्दथे । यसरी मासु र बोसोबाट उनीहरूले आर्थिक लाभ लिइराखेका थिए । एकपल्टमा निक्कै मात्रामा तेल निकाल्थे । त्यसैले तरकारीमा राख्न भुट्नको काम गर्दछ र बत्ती बाल्ने काम दिन्थ्यो । तर आजभोलि धिमालको परिवारमा यस कुरामा पनि परिवर्तन आइसकेको छ । कोही कोही त सुंगुर पाल्न र खान पनि घृणा गर्ने भइसकेका छन् । यो चाँहि कट्टर हिन्दूहरूको संगतको कारणले गर्दा भएको हो ।

## जग्गाको कमोतमा व्यवस्था

झम्मुझारा, चडकपाडा, अर्नागाछी, दोघरे, ढुकुरपानी, ताराबारी र अडियामलमध्ये कुनै पनि धिमाल बस्ने गाउँ मालपोत तिर्ने ठाउँ होइन । तर यस्तै विभिन्न गाउँहरू मिलेर एउटा पंचायत बनेको छ । भूमिसुधार कार्यक्रम लागू गरिएकोले धेरै कृषकहरूलाई फाइदा भएको छ । भूमिसुधार लागू हुनुअगाडि प्रत्येक गाउँमा सरकारले विश्वास दिएर राखेको एक जना जिम्बावाल हुन्थ्यो। यिनै जिम्बावालले जमीनको मालपोत उठाएर सरकारले स्थापना गरेको माल अड्डामा बुझाउने गर्दथे । मालपोत उठाइदिएको बापतमा जिम्बावालले सरकारबाट पारिश्रमिक पनि पाउँथे । आजभोलि दमक पंचायतमा जग्गा धनीको नामावली रहेको छ र मालपोत उठाउने कार्य यसै पंचायतले गर्दछ । पछि पंचायतलाई दश प्रतिशतको दरमा उठेको पैसा मालले दिने गरेको छ । भूमिसुधारपछि जग्गाको नापी गरी विभिन्न रूपमा जग्गालाई विभाजित गरेको छ । जसअनुसार जग्गालाई अवल, दोयम, सिम र चाहार भनिएको छ । अवल र दोयम मलिलो सिंचाइयुक्त सुविधा भएको जमीन हो जसको मालपोत प्रति बिघा ५२। रु. र ३६। रु. तिर्नुपर्छ । त्यसै गरी सिम र चाहारलाई २७।– र २४।– रु. तिर्नुपर्दछ ।

परिवारका प्रत्येक सदस्यले जग्गामा काम गर्दछन् । त्यसैकारणले गर्दा प्रत्येक पुरुष सदस्यहरूको परिवारको जग्गामा बराबर अधिकार हुन्छ । परिवारमा भएको संपत्तिको बराबर हिस्साको अधिकार उसमा पनि रहन्छ । पैतृक संपतिलाई छोराहरूमा वंशपरम्परागत चलनअनुसार बाँडिन्छ । अनि त्यसै संपत्तिको एक एक अंश आमाबाबुलाई पनि दिनुपर्दछ । जग्गा बाँडिसकेपछि तुरुन्त आफ्नो आफ्नो जग्गालाई दर्ता गराइन्छ । दर्ता गराइराखेपछि भाइभाइमा बराबर झगडा हुंदैन भन्ने धिमालहरूको भनाइ छ । यसरी दर्ता भएपछि जग्गाको हकवाला अर्थात् मालिक एक जनाको सट्टा अरू भाइहरू पनि हुन्छन् जसको फलस्वरूप भाइभाइको संम्बन्ध फराकिलो हुंदै जान्छ । बाबुआमालाई छुट्टयाइएको संपत्तिको हकदार उनीहरूको शेषपछि त्यही छोरा हुन्छ जसले आमाबाबुलाई आर्थिक आधार दिई हेरविचार गरेको हुन्छ र उनीहरूको मृत्युमा अन्त्येष्ठिक्रिया कर्म आदिमा लागेको खर्च बेहोर्छ ।

## खेती गर्ने बिधि

कृषिसंम्बन्धी व्यवसायको दिन पन्जिका चैत वैशाखदेखि प्रारम्भ हुन्छ र मंसीर पूषमा खतम हुन्छ । यसरी वर्षको दश महीनामा कृषिको कार्य भइरहन्छ । धान सबैभन्दा प्रथम र मुख्यवाली हो यस गाउँको लागि । यसको खेती प्रारम्भ हुने बेलामा उभौली, ढङ्ढङे मेला हुन्छ । धानको बाली काट्ने समय मार्ग महीनामा हुन्छ । तर यस बालीको अगाडि तोरी, फापर, कहीं कहीं मकै, चना जस्ता अन्नहरूको खेती पनि गरिन्छ । राम्रो धानलाई धिमालहरू इगासभ्या, जैग्यास्मा, बराम, दधिना, बारालिक्ती भन्दछन् । अनि अलिक नराम्रो धानलाई मुसुन्दीलिक्ती, स्येंकालिक्ती र कार्मा भन्दछन् ।

हिंउदेबाली र वर्षेबाली चाहिं जाडो र गर्मीको आधारमा छुट्टयाउन सकिन्छ । चैतको महीनादेखि नै सुख्खा जमीनलाई जोत्न थालिन्छ । गत वर्ष काटिएको बालीको पराल र टुक्राटुक्रीहरू खेतमा जम्मा गरिन्छ र बालिन्छ । पछि यसैलाई गोबरको साथै मलको रूपमा ठाउँठाउँमा छरिन्छ । खेतको माटोलाई तीनपल्ट सम्म फोरेर समथल बनाइन्छ । यतिगरेपछि खेतमा आसपासको कुलोबाट पानी बगाउने काम गरिन्छ । खेतका झारहरू केही भएका कुहिन थाल्छन् । आली लगाइन्छ । अनि श्रावण महीनामा रोपाईं शुरू गरिन्छ । करीब करीब चार बिघा जमीनलाई चार मन जति बीउ चाहिन्छ । बीउ गोबरमा ढडयाएको बीउमा टुसा पलाउन थाल्छ । अनि तीनचार दिनमा बीउ उम्रिन थाल्छ । अनि बाईस तेईस दिनदेखि रोपाईं गर्ने काम पुरुषबाटनै गर्नुपर्छ । प्रथम बीउको बिरुवा स्त्रीले रोप्न हुंदैन । रोप्यो भने राम्रो उब्जाउ हुंदैन भन्ने अटूट विश्वास यिनीहरूमा छ । परिवारले कृषिसम्बन्धी क्रियाकलाप आफैंले हेर्दछन् । तर खेत खन्ने काम, डल्ला फोर्ने काम र रोपाईं गर्ने काममा अरूको पनि सहयोग हुन्छ । यो कामचाहिं गाउंलेहरूको आदानप्रदानको आधारमा हुन्छ । एक दिन एक जनाकहाँ रोपाईं गरेपछि अर्को दिन अघिल्लो परिवारको सदस्य पनि रोपाईं गर्न जाने गर्छन् । यस्तो समयमा आपसको सहयोगको ठूलो आवश्यकता पर्दछ । धेरैजसो परिवारको जग्गा धेरै नहुनाले कृषकले शान्तिपूर्वक खेती गर्दै चलाउँदै आएका छन् ।

### कृषि औजारहरू

साँसारिक व्यवहार र जीविकाको लागि खेती गर्नुपर्दा विभिन्न कृषि औजारका सामग्रीहरूको पनि आवश्यक पर्दछ। यी औजारहरूको विकासक्रम मानिस जति पुरानो छ त्यति नै पुरानो छ।

कृषिको अत्यन्त आवश्यक औजारमा सबैभन्दा प्रधान हलो हो। त्यसपछि कोदालो, हँसिया, फुकसु, पटाहा, बन्चरो आदि हुन्। यी सामग्रीहरू कृषिकार्य र घरेलुव्यवहारमा पनि साधारणतया उपयोगमा ल्याइन्छन्। सबै औजारहरूको काम गर्ने धारहरू स्थानीय कामीहरूले बनाउँछन्। यी फलामे औजारहरूको बिंड काठको हुन्छ। हलो जोत्ने काम केवल पुरुषले मात्र गर्दछन्। हलो जोत्ने कार्यमा प्रशस्तमात्रामा बलको आवश्यकता पर्ने भएकोले यो कार्य महिलाबाट हुन सक्दैन। खुकुरी, बन्चरोको उपयोग चाहिं विभिन्न काठपात र बाँसको चोया बनाउने काममा ल्याइन्छ। यो हतियार नेपालीको मुख्य हतियार हो जसले आफ्नो आवश्यक वेलामा जीवन बचाउने कार्यमा ठूलो सहयोग गर्दछ। आइमाईले भन्दा लोग्ने मान्छेले नै बढी मात्रामा यी हतियारहरू चलाउन सक्दछन्। कोदाली र फुकसु जमीनका डल्लालाई समथल गर्ने काममा लगाइन्छ। बन्चराको काम दाउरा र ठूलो ठूलो रूख काट्नु हो। हँसियाले धान पाकिसकेपछि काटिन्छ। चक्कु र सैंगी र चुलेंसीहरू विशेषतः भान्सामा तरकारी काट्ने काममा उपयोग गरिन्छ।

धेरै किसिमका भकारी, डोको, नाङलो, डाली आदि बांसबाट बनाइन्छ र अन्न थुपारेर राख्ने र केलाउने काममा ल्याइन्छ।

### परिवारमा कार्यविभाजन

दमक पंचायतका विभिन्न गाउँहरूका अतिरिक्त झापा जिल्लामा पर्ने शनिश्चरेको पूर्वपट्टि पर्ने केही गाउँ कारकोशीदेखि पश्चिमतिर र तेलकुडी, बयरवन, आमबाडी, बालुबथान, बारघरे आदि ठाउँका धिमाल परिवारमा स्पष्टरूपमा आफ्नो आफ्नो कार्यविभाजन गरिएको छ। यस प्रकारको कार्यविभाजनको विस्तार परिवारका सदस्यहरूको उमेर एवं आइमाई वा लोग्नेमान्छेको उमेर र संख्या हेरेर गरिन्छ। ११।१२ वर्षका केटाकेटीहरू, २०।२२ वर्षभन्दा मुनिका केटाकेटीहरू, वयस्क भइसकेका २५ वर्ष यताका स्त्री पुरुष र ६० वर्षसम्मको बूढाबूढीहरूका उमेरको आधारमा कार्य विभाजन गरिन्छ। परिवारको बाठो र बुद्धिमान् लोग्नेमान्छेले आफ्ना घरको आर्थिक तथा सामाजिक गतिविधिको बारेमा निर्णय लिन्छ र सम्पूर्ण परिवारलाई निर्देशन दिन्छ।

केटाकेटीहरूले बिहानभरि घरमा भएका सानासाना नानीहरू हेर्दछन् र आमाले भान्साको काम गर्न पाउँछिन्। दिउँसभरि तिनीहरू प्राथमिक स्कूलमा पढ्न जान्छन्। ठूला ठूला केटाकेटीहरू हाई स्कूलमा जान्छन् जुन दमक बजारभन्दा उत्तरतिर पर्दछ। धिमालका धेरै केटाकेटीहरू आजभोलि हाईस्कूलमा पढ्ने लायक भएका छन्। त्यसपछि स्कूलबाट घर आएर केटाकेटीले घरमा आमाबाबुलाई सक्दो सहयोग गर्दछन्। गाईवस्तुलाई घांस दिनु, गोठ सफा पार्नुदेखि लिएर किचेन गार्डेनमा तरकारी रोप्ने कामसम्म गर्दछन्। घरमा पालेका गाईवस्तु र कुखुरा, सुंगुरलाई दानापानी दिने र वर्षातको समयमा माछा मार्ने काम पनि गर्दछन्। वयस्क भइसकेका स्त्री पुरुष दुवैथरिले विभिन्न कामको जिम्मेवारी लिन्छन्। बिहान बेलुकीको खाना बनाउनु र दिउँसोको खाजा बनाउनु आइमाईको मुख्य काम हो। फुर्सदको समयमा घरको आँगनको एकातिर रहेको तानमा बसेर पेटाने बुन्ने काम पनि आइमाई-हरूकै हो। त्यस्तै गरेर पुरुषले घरको छाना बिग्रेको भए बनाउने काम र घर भत्केबिग्रेको बनाउने काम गर्दछन्। गाउँ छरछिमेकीमा काम आइपरेको वेलामा गएर सहयोग गर्ने असाद्धै राम्रो चलन छ। यस्तो किसिमको अवस्था विवाह, मृत्यु आदिमा पर्दछ। प्राकृतिक प्रकोप र आगोले घर जलाएको समयमा पनि यस्तो किसिमको सहयोगको अति नै जरूरत पर्दछ। घरका बूढाबूढीहरू सानासाना नानीहरू र घरलाई कुरेर बस्दछन्।

### घरका पाल्तु गाईवस्तुहरू

गाउँमा गाईवस्तुहरू चराउने प्रशस्तै ठाउँ छैन तापनि अधिकांश परिवारमा बाख्रा, गाई, भैंसी, राँगो, गोरु, सुंगुर, कुखुरा आदि पाल्ने गर्दछन्। एउटा परिवारमा जम्मा दश एघार जोडा गोरु र गाई भएको देखियो। तराई प्रदेश भएकोले जग्गामा जोत्नलाई गोरु अत्यन्त आवश्यक पर्ने भएकोले प्रत्येक परिवराले गोरुलाई सानैदेखि राम्ररी पाल्ने गर्दछन्। यसका अतिरिक्त गोरुले मालसामान ढुवानी गर्न बयलगाडा पनि तान्छन्। गोठमा जम्मा भएको गोबर र झारपात जमीन-लाई मलिलो बनाउनलाई सहायता गर्दछ। त्यसैले प्रतिशतको आधारमा हेर्ने हो भने विभिन्न गाउँको परिवारमा ९०।९५%

पाल्तु जनावरहरू भएको पाइन्छ। धेरैनै हुनेखाने धिमालको घरमामात्र गाईभैंसी दूधको लागि पालिन्छ। बाख्रा पाठाभन्दा कुखुरा र सुंगुरनै बढी पालिन्छ। यिनीहरूको मासु घरमा कोही जन्मंदा, विवाह उत्सव हुंदा, मृत्युपछिको भोजमा र घरमा विशेष पाहुनाहरू आउँदा मात्र ख्वाउने चलन छ। बाच्छाहरू धेरै भए लायक भएपछि अरूलाई बेचिने पनि हुन्छन्। गाई गोरु बेचबिखन गर्ने कुरामा उधारो चल्दैन, नगदनै दिने लिने गरिन्छ।

### व्यापार

धिमालका केही चार पाँच धनी परिवारले मात्र व्यापार गर्दछन्। व्यापार भनेर थोक व्यापार र कपडा लत्ता बेचबिखन गर्दैनन्। जस्तै–महावीर धिमाल, लहु धिमालका आफ्नै जीवगाडी छन् जुन यिनीहरूले भाडामा लगाएका छन्। दमक, भद्रपुर, पानीटयांकी, धरान, विराटनगर, इटहरीसम्म भाडामा यी गाडीहरू चलिरहेका छन्। महावीर धिमाल यहाँको सबैभन्दा बढी जग्गा भएको मुखिया हुन्। उनी हाम्रो अध्ययनको समयमा कुनै पनि सहयोग दिन अनकनाएका थिए।

यिनीहरूको मुख्य बाली धान हो र यसको बिक्रीवितरण पनि हुन्छ।

### धिमालका घर र मुख्य खाना

मानवीय समूहलाई आर्थिक गतिविधिको आधारमा अनुसन्धान गरेर उनीहरूको व्यवहार र सामाजिक परिपाटीको विभाजन छुट्टयाउन सजिलो पर्दछ। सामाजिक जीवनको मूल जीवनोपार्जनको आधारशिला आर्थिक परिस्थितिनै हो। यसैबाट कुनै ठाउँका निवासीको बसोबासको तरीका, चालचलन र रहनसहन थाहा पाउन सकिन्छ। यसैको सिलसिलामा कृषि र अन्य कार्यको विवेचना हामीले माथि गरिसकेका छौं। तल चाहिं उनीहरूको घरको बयान (किसिम) र मुख्य खानाको बारेमा विश्लेषण गरिनेछ।

झम्झुझार, चडकपाडा, अर्नाखाडी, दापगाछी, ताराबारी दोघरे, कारकोशी र बयरवनका धिमालहरूका घर पहाडमा बसोबास गरेका मगर, राई, लिम्बू, गुरुङ, क्षेत्री र ब्राह्मण-हरूको जस्तो टाढाटाढा र फैलिएर गई छरिएको हुंदैन। यहाँका गाउँमा घरहरू प्रायः एउटै परिधि (area) मा अवस्थित रहेका छन्। धेरैजसो घरहरू फुसका छन्। घरका भित्ताहरूमा ढुंगा अथवा ईंट हुंदैनन्। छाना परालको हुन्छ। कुनै कुनै घरहरू काठै काठले बनाइएको हुन्छ जो ठूला ठूला काठहरूले अड्याइएको हुन्छ। यस्ता घर दुइतले हुन्छन् जसमा एउटा जगसमेतको तला हुन्छ। घरको मूल ढोकाको अगाडि बरण्डा हुन्छ। घरको माथि जानलई बरण्डा काटेर जानुपर्छ। संयुक्त परिवारको घरमा एउटा दुइटा कोठा परिवारको विवाहित सदस्यले पाउँछ। उनीहरूको भान्साघर बेग्लै हुन्छ। हाल बनाइएको नयाँ किसिमको घरमा बाहेक अरू घरमा साना साना झ्याल देखिन्छन्। काठका खाट खास गरीकन सुत्नको निमित्त उपयोगमा ल्याइन्छन्। बैठककोठा विभिन्न क्यालेण्डर र चित्रले सजाइएको हुन्छ। बत्ती सानो टुकीको अथवा लालटेनको हुन्छ।

कुन घर धनीको हो भन्ने कुरा घरको अवस्था, गाई गोरु, बाख्रा, सुंगुर, कुखुरा कति पालिएको छ र जग्गा कति छ भन्ने तथ्यबाट थाहा हुन्छ।

धिमाल परिवारहरूको मुख्य खाना भात हो। उनीहरूले उसिनेको चामल भने बनाउंदैनन् र धेरैले मन पनि पराउँदैनन्। दिनदिनैको लागि चाहिने धान घरका आइमाईहरूले बिहान सबेरै ओखलमा कुट्छन्। ओखलमा धान कुट्ने चलन धेरै पुरानो हो। (फलक ५ क) ८।१० वर्षको उमेरदेखि नै केटीहरूले ओखलमा बिहान सबेरै धान कुट्ने कारणले गर्दानै होला उनीहरूको हात पाखुरा निक्कै गठिलो र स्वास्थ्य बलियो देखिन्छ। ढिकी थोरै मात्रामा प्रयोग गरिन्छ। एक ओखलीमा पाच छः जना आइमाईलेसम्म एकै पल्टमा धान कुट्दछन्। धिमाल जातिमा ढिकीमा कुटेको चामल खाने चलन छैन।

### ओखली बनाउने तरीका

ओखलीलाई धिमाल भाषामा सिम भन्दछन्। धान कुट्ने ओखली अर्थात् सिमको बच्चालाई मुसली अथवा उनी-हरूको भाषामा खुन्दी भन्दछन्।

गाउँको वरिपरि पाइने सखुवा रूखलाई ताछेर चिल्लो बनाइकन तलमाथि च्याप्टो गराइन्छ। ओखली (सिम) करीब ३ हात जति लम्बाइको र डेढहात जति चौडाइ भएको हुन्छ। एक पाथीदेखि लिएर दुइ पाथीसम्म एक घानमा धान कुट्न सकिन्छ। ढिकीमा कुटेको भन्दा ओखली (सिम) मा कुटेको चामल राम्रो र स्वादिलो हुन्छ। ढिकीमा जस्तो एक

जनाले धान चलाई राख्नु नपर्ने हुनाले यो चलन स्वास्थ्यकर र बेश लागेको हो उनीहरूलाई।

धान कुट्ने ४।५ हात लामो एउटा मुशली (खुन्दी) हुन्छ जसको फेदमा फलामको दाँती बनाएको हुन्छ । यसलाई केटीहरूले एकचोटि माथि अर्को चोटि तल लगेर धान कुट्दछन्। त्यसबाट उत्पन्न भएको शक्तिको चाप र दाँतोले धानको बाहिरी भाग भुस भएर निक्लन्छ ।

धिमालहरू गाई गोरुको मासु खाँदैनन् । यस कुरालेनै उनीहरूलाई लिम्बूबाट अलग्याउन सजिलो पर्छ। तर बखत-बखतमा कुखुरा, माछा हाट लागेको वेलामा किनेर ल्याएपछि रक्सी र सुंगुरको मासु खान्छन्। मासु भन्ने वस्तु एउटा पर्वको विशेष खाना हो। साथै कुनै पाहुनापाछा आएको वेलामा खाने खुवाउने मुख्य स्वादिष्ठ तरकारी पनि हो। गुन्द्रुक, सिन्की खाने चलन ज्यादा नभए पनि कहीं कहीं छ ।

पिउने वस्तुमा पहाडमा जस्तो मही, दूध, दहीको चलन छैन । दूधविनाको चिया खान्छन् । चियामा थोरैले मात्र दूध राखेर खान्छन्।जाँड, रक्सी उनीहरू खूब पिउंछन्। जाँड र रक्सी उनीहरूको सामाजिक तथा पर्व र मेला आदिमा चाहिने अतिनै महत्वपूर्ण कुरा हो। भोजभतेर तथा अन्य कार्यमा भातको साथै, दाल, मासु, घिउ, तरकारीको चलन पनि निक्कै चलनचल्तीमा आएको छ। बजारमा पाइने मसलाहरू जस्तै, जीरा, धनियाँ, लसुन, प्याज खुर्सानी, बेसार र अदुवानै यिनीहरूको मसला हो । अदुवा, लसुन, प्याजबाहेक जीरा आदि यिनीहरू आफैले उब्जाउँदैनन् ।

**जाँड र रक्सी बनाउने तरीका**

गाउंका धिमालपरिवारहरूले भनेअनुसार जांड रक्सी बनाउने स्थानीय तरीका यस किसिमको छ । खास गरेर नेपाल अधिराज्यका विभिन्न जाति उपजातिले बनाउने विधिअनुसार जस्तै झापाका यी पुराना आदिवासी तर हाल एक जातिमा विकास गरिसकेका धिमाल समूहले पनि रक्सी र जाँड साधारणतया कोदो तथा अन्य अन्नबाटनै बनाउंछन्। कोदो मधेशमा कम मात्रामा खेती हुने भएकोले जाँडभन्दा रक्सी बनाउनेनै ज्यादा चल्तीमा देखिन्छ तापनि जाँड बनाउने तरीकाको यहाँ संक्षिप्त वर्णन गरिन्छ ।

केही मात्रा कोदोलाई सबैभन्दा अगाडि राम्रोसंग उमालिन्छ। त्यसपछि घाममा सुकाइन्छ। त्यसपछि स्थानीय गाउँमा बनेको उमालिएर ढड्याइएको कोदो एकै ठाउँमा मिसाइन्छ। त्यसपछि उक्त कोदोलाई थुन्सेमा राखेर करीब २४ घन्टासम्म थुन्सेको मुखलाई राम्ररी हावा नछिर्ने गरी कपडाले ढाकिन्छ। त्यसपछि घ्याम्पामा कम्तीमा पनि २३।२४ घन्टासम्म राख्नुपर्छ । अब जांड तयार भएको हुन्छ । अनि यसैलाई जांड भनिन्छ। जतिदिनसम्म जाँडलाई घ्याम्पामा राखिन्छ त्यति कडा र स्वादिलो हुन्छ ।

प्रायः जाँडलाई तीन हप्तासम्म घ्याम्पामा राख्नैपर्छ। त्यसपछि सबै तरल पदार्थ घ्याम्पाको सतहमा तैरिइरहेको हुन्छ। त्यसपछि जांडलाई तामाको ठूलो भांडामा (फोसीमा) राखिन्छ। अनि फोसी फेरि आगो बलेको चूलोमा राखिन्छ। त्यसमाथि अर्को भांडा जसको तल्लो भागमा प्वालहरू भएको हुन्छ। त्यस प्वालबाट बाफ माथि पुग्छ। भांडाभित्र एउटा सानो माटाको अर्को भांडो राखिन्छ । त्यसलाई नामी भनिन्छ। ठूलो अर्को माटाको भांडोका तल्लो भागमा एउटा चुच्चो भएको तामाको भांडा नामीतिर फर्काएर राखिन्छ । सम्पूर्ण भांडाको जोर्नीहरूलाई बाहिर बाफ निस्कन नसक्ने गरेर माटाले थुनिन्छ। तलतिरबाट आगो बालेपछि, तातो रापले गर्दा जाँड उम्लन थाल्छ र बाफ माथितिर जान्छ । माथिल्लो भांडामा चिसो पानी राखिएको हुन्छ। यसरी तलबाट आएको बाफ जबमाथि आएर चिसो पानीलाई छुन आउंछ त्यहाँबाट थोपा थोपा गरेर रस नामीमा खस्न थाल्छ। यसै गरी थोपा थोपा जम्मा भएको झोललाई रक्सी भनिन्छ। जब चिसोपानी तातो हुन जान्छ, त्यसलाई फ्याँकेर बराबर अर्को चिसो पानी राख्नुपर्छ। उक्त पानीलाई तीनपल्ट सम्म फ्याँकेर गराइएको रक्सी चाही सबभन्दा कडा र असल रक्सी मानिन्छ। जति धेरै पानी बदलेर रक्सी बन्छ त्यति नलाग्ने रक्सी बन्छ (फलक ५ ख) ।

मानिसहरूले आफ्नै स्थानीय उब्जाउ भाग्को अन्नबाट आफ्नो खाना तयार पार्छन् र उनीहरूले संधै सकभर थोरै मात्रामा खर्च गर्ने प्रयास गर्दछन् ।

**माछा मार्ने क्रिया**

मानिसले जमीनमा शिकार गरेर जानवरलाई जम्मा गर्दछ र पानीमा बस्ने प्राणीलाई जस्तै माछालाई पनि कुनै न कुनै उपायबाट जम्मा गर्दछ। धिमालहरू पनि आफ्ना गाउंका वरिपरिका नदी, खोलाहरूमा पानी परेको वेलामा र पानी

जम्मा भइरहेको वेलामा माछा मार्न निस्कन्छन् । हिले, टङ्का चिङरी तथा रहु आदि माछाहरू उनीहरूलाई औधिनै मन पर्छन् । धिमालहरूले माछालाई अनादिकालदेखिनै मन पराउंदै आएका हुन् । साना साना माछालाई मार्न दिउँसो-देखिनै साना ठूला केटाकेटीहरू जाल लिएर जान्छन् ।

धिमालहरूले चलनचल्तीमा ल्याएका माछा मार्ने जालहरू पोही,चाउकी, डुङरी एवं सोल्टी जाल हुन् । माछा मार्ने काममा व्यस्त भएका आइमाईहरू पनि धेरै देखिन्छन् (फलक ६ क,ख) माछा समाती ल्याएर उनीहरूले सोल्टी जालमा राख्दछन् । यसरी जम्मा गरेर ल्याएको माछाले उनीहरूको त्यो दिनको स्वादिष्ट तरकारीको काम दिन्छ । माछामासुमा यस जातिको ठूलो चाह छ । माछामासुको चाहले गर्दा यो प्रमाणित गर्दछ, यी जाति पूर्वसमयमा अर्थात् केही वर्षअगाडि शिकारी थिए । त्यसैले यिनीहरूको शिकार गर्ने चाह र प्रवृत्ति वंशपरम्परागत अद्यावधि चलिआएको देखिन्छ । धिमालले चलनचल्तीमा ल्याएका जालहरू स्थानीय जंगलमा प्राप्त निगालोको चोया, बाँसको चोया तथा अन्य वृक्षादिको धागो (धर्सा)ले बनेका हुन्छन् ।

## कृषिसम्बन्धी कार्यमा र नयाँ घर बनाउँदा अपनाउने धार्मिक विश्वास

### न्वागी खाने चलन

न्वागी (First feeding) खाने उत्सवले त्यहाँका निवासीहरूको आर्थिक व्यवस्थाको महत्वलाई दर्साउंछ । अरू त्यस्ता धार्मिक कुराहरू पनि छन् जसले धर्मलाई भन्दा आर्थिक दृष्टिकोणलाई नै पुष्ट्याउँछ । जस्तै ढङढङे मेला धिमाल समूहको ठूलो पर्व हो जुन वैशाख जेठतिर बर्सेनि मनाइन्छ । त्यत्ति वेला उनीहरू आफ्नो धान काटेर जम्मा गरी बेचबिखन गरेर बसिरहेका हुन्छन् ।

न्वागी साधारणतया कार्तिक मार्गतिर खान्छन् । न्वागी खाने वेलामा उनीहरूले आफ्नो पुरेतलाई दिन ठीक गर्नको लागि खबर पठाउँछन् । त्यसपछि यिनीहरू सबैले आफ्ना इष्टमित्र, दाजुभाइ, छरछिमेकीहरूलाई समय तोकेर पठाउंछन् । त्यसकारणले प्रत्येक परिवारले बेग्लाबेग्लै रूपमा पुरेतलाई सोध्नुपर्दैन । त्यसरी उनीहरू सबैले एकै समय पारेर मनाउने गर्दछन् । पुरुष धिमालले धान काट्ने वला भएपछि ल्याउँछ र सर्वप्रथम आफ्नो कुलदेवतालाई छुट्याउंछ । शलबहादुर धिमालले भनेअनुसार उनले पनि आफ्नो कुलदेवतालाई सर्वप्रथम चढाउंछन् ।

तर अर्को परिवारको एकजना सदस्यले भने सबैभन्दा पहिले अन्नदेवतालाईनै चढाए । न्वागी चढाउनुको आशय अर्को पालिमा राम्रो उब्जनीको लागि मात्र नभएर घरहरूबाट अलक्षिनका कुरा र भूतप्रेतलाई पनि पंछ्याउनु हो । त्यसै गरेर शनिश्चरे धिमालले सर्वप्रथम आफ्नो पितृलाई चढाए । उनले भनेअनुसार संसारनै भूतप्रेतहरूको कुदृष्टिले भरिएको छ र उनको घर, जंगल र जग्गाको वरिपरि विभिन्न प्रकारका भूतप्रेत, डाँकिनीहरू रहन्छन् । त्यसैले यी भूतप्रेतलाई धपाउन र आफ्नो परिवारको बचाउ तथा असल खेतीको निमित्त उनले हरेक वर्षनै यस विधिलाई अपनाउँदै आएका छन् ।

खेतमा गएर धान काट्न शुरू गर्दा एउटा घेरा बनाइन्छे जसलाई नदेखिने गरेर परालले अथवा अरू कुनै कुराले ढाकिन्छ । त्यसभित्र धिमालहरूले पिठोको रेखा बनाउंछन् । त्यसभित्र धिमाल जातिको सदस्य बाहेक अरू कुनै पनि मान्छे जान पाउँदैन । यसरी जान नदिएको कारण कुलदेवता रिसाउंछन् भनेर हो । त्यसै दिन उनीहरूका परिवारका जति पनि सदस्य मरेका हुन्छन् तिनीहरूलाई पितृको नाममा कुखुराको बलि दिइन्छ । कुखुरा काट्ने कार्य आइमाईबाट गराउनुहुंदैन । भात पकाएर बनाएको अथवा पिठोको पिण्ड जति पितृ छन् त्यति बनाएर लहरै केराको पातमा राख्दछन् । पिण्ड जतिवटा बनाइन्छ त्यतिवटानै कुखुराको बलि दिनुपर्ने चलन छ । यसरी कुखुराको रगतले पिण्डलाई रातै बनाउँछन् । अनि उनीहरूले रक्सी, मासु, चिउरा, जाँड खाएर हंस्यौली गर्दछन् । रक्सी र जाँड नपिउने कोही हुंदैनन् । अनि बडो व्यस्त र मस्तसंग हर्षोल्लासका साथ मात्तिएर आनन्द मनाउंछन् ।

औंसी र पूर्णेको दिन हलो जोत्दैनन् । राई र लिम्बूहरूले पनि धिमालले जस्तै कुलपितृलाई नै न्वागी चढाउंछन् । यस कुरामा पनि धिमालको रीतिस्थिति राई लिम्बूसंग नजीकै हुन आउंछ ।

### घरको किसिम

घरको किसिमको कुरालाई लिएर सोधपुछ गर्दा अधिकांश तथ्यांक दिने व्यक्तिहरूले एउटै किसिमको कुरा उल्लेख गरे । धिमालले आफ्नो पुरेत (Priest) द्वारानै घडेरी देखाउंछन् । अथवा धिमाल ज्योतिषीबाट यो काम गराउंछन् । नभए बाहुन ज्योतिषी चाहिं दमकबजार, ताराबारी, अर्नाखाडी गौरीगंज, कारकोशी, जहाँको भए पनि, बाट हुन्छ । त्यही

ज्योतिषी अथवा धिमाल पुरेतले माटो हेरेर परिवारको भविष्यको बारेमा राम्रो सल्लाह दिन्छन्। घर बनाउनुभन्दा अगाडि घडेरीलाई पूजा गरिन्छ, रक्सी र कुखुराको बलि चढाइन्छ । बत्ती, धूप बालिन्छ। घर बनाइसकेपछि घरचैसे भन्ने पूजा हुन्छ। त्यसपछि मात्र प्रथमपल्ट घरभित्र पसिन्छ। यसको उपलक्ष्यमा कुलदेवता पनि पूजिन्छ। अनि पूजाआजापछि सगोत्री र इष्टमित्रलाई भोज खुवाइन्छ । भोजमा रक्सी, चिउरा, सुंगुरको मासुकोनै प्रधानता पाइन्छ।

घर बनाउंदा प्रायः सबैले घरको मोहडालाई पूर्वतिर अथवा दक्षिणतिर फर्काउनुपर्छ। कहिलेकाहीं पश्चिमतर्फ फर्काए पनि उत्तरतिर भने फर्काउनुहुंदैन। यस्तो गर्नुको कारण सोद्धा घरवालाले यस्तो गरेर बनायोभने घर फाप्दैन कहिले कहिले त मृत्युसम्म हुनसक्छ भन्ने विश्वास भएकोले हो भने । यदि घर पश्चिमतर्फ फर्काइयो भने घरवाला कहिले पनि श्रीसंपत्तिवाल हुंदैन भन्ने विश्वास चलिआएको छ। त्यसकारणले धेरैजसो धिमालहरू बस्ने घर प्रायः पूर्वतिर फर्केका हुन्छन् ।

## खाना

ताराबारी, आमबारी,झम्झुझार, लामागाउं, चडकपाडा, अडियामल, दोघरे, अर्नाखाडी, दापगाछी, ढुकुरपानी आदिका धिमालले बाहेक अरू कुनै जातिले पनि खानेकुराको संबन्धमा लिएर कुनै किसिमको पूजाआजा गर्दैनन्। तर धिमालले भने आफ्नो गच्छेअनुसार कुलदेवताको पूजाआजा गर्दछन्। यो पूजाआजा गर्नुको मतलब केवल आफूले गरेको पापबाट मुक्त हुन मात्र हो। यहाँका निवासी विशेष गरेर धिमालजाति अत्यन्त आस्थावान् छन् र उनीहरूलाई आफ्नो गाउंको खोलानाला, नदी र जंगलमा भएका भूतप्रेत र प्राकृतिक प्रकोपको विश्वास छ । पहाडको नजीकै जंगलको छेउछाउमा एवं मलेरियाको प्रकाण्ड र चाँडै वर्षा भएको ठाउंमा अनन्तकाल-देखि बस्तै आउन परेको भएर होला यस जातिलाई प्रकृतिको आधारमा बाँच्नुपर्‍यो । त्यसैले गर्दा यी धिमालहरू धेरै कालदेखि आस्थावान् हुंदै आएका छन्। संधैं तिनीहरू ईश्वरसंग क्षमा मागी, भर पर्दै साधारणदेखि लिएर खतरनाक प्राकृतिक प्रकोपबाट पनि बच्दै आएका छन्। शनैः शनैः कृषि पेशामा लागेका जनताहरूको अगाडि जंगलको छंटनी र मलेरियाको जडलाई नै उडाउने काम भयो । त्यति वेलादेखिनै बरु यस्ता पूजाआजाको चलन उनीहरूको कृषिपेशाको अर्थतन्त्रमा देखापर्न थालेकोहो।

## विवाह

### विवाह उत्सव र भोज

प्रत्येक मानवजाति, समाजमा आफ्नै अस्तित्व लिएर आउंछन् र तिनीहरूको अस्तित्व, एक किसिमले राखिरहन्छन् एवं प्रकारको मानिसहरूको संख्यामा पनि बृद्धि हुंदै जान्छ।

जुनसुकै मानव समूहमा पनि मानिसहरूको संख्याको आवागमन र प्रत्यागमन जन्मनु र मृत्युमा हुन्छ। तर केटाकेटी-हरू जन्मनुभन्दा अगाडि स्त्रीलाई घरभित्र हुल्नु अत्यावश्यक पर्दछ। अनि यसरी एउटा परिवार जोईपोइको संगठन भएर बन्न आउंदछ । विवाहचाहिं समाजबाट यसरी सामाजिक मान्यता प्राप्त भएको संस्था हो । त्यसैअनुसार धिमाल समूहमा पनि विभिन्न प्रकारको विवाह पाउंछौं। धिमालहरू संधै बिहाबारी गर्दा आफ्नो जातभन्दा बाहिरको जातसंग गर्दैनन्। उनीहरूको विवाह एक्जोग्यामि (Exogamy) प्रकारको हो। मामाको छोराछोरी र फुपूको छोराछोरीसंग बिहावारी चल्दैन। एउटा धिमालले आफ्नै सहोदर संबन्धी-लाई कहिल्यै विवाह गर्न सक्दैन न एउटी धिमाल आइमाईले आफ्नो लोग्नेको जेठोदाइ अथवा लोग्नेको काकाको छोरासंग विवाह गर्न नै पाउंछे। तर धिमाल समूहमा पनि आफ्नी स्वास्नीको बहिनी अर्थात् सालीलाई भने विवाह गर्न पाइन्छ।

### दुलही छान्ने काम

अठार, उन्नाइस वर्षको उमेर पुगिसकेपछि मात्र विवाह गर्ने धिमालसमूहको चलन चलिआएको छ। एउटा लोग्ने हुने केटोचाहिं अवश्य पनि आफ्नो गाँसबासको व्यवस्था गर्न सक्ने हुनुपर्छ र स्वास्नी हुने चाहिं अवश्य पनि आफ्नो घर र परिवार सुव्यवस्थित ढंगले गर्न सक्ने क्षमता भएकी हुनुपर्छ। हिन्दूहरूका निरन्तर प्रभावले गर्दा धिमालहरू पहिलादेखिनै हिन्दूहरूले जस्तै गर्ने देखासिखी गरिरहेका छन्। तर बालविवाह ठ्याम्मै पाइंदैन। सबैजसो व्यवस्थित विवाह बाबुआमालेनै गराउंछन्। कुनै कुनै बखतमा अव्यवस्थित तरीकाको विवाह पनि हुन्छ। जस्तो यदि कुनै केटा वा केटीले आफू आफूलाई मन पराए र उनीहरू घर छाडेर कतै भागे। यस्तो परिस्थितिमा केही समय बितेपछि धिमालगाउं या नातेदारहरूमध्येका मुख्य मुख्य व्यक्तिहरूले केटा र केटीको बाबुलाई बोलाएर घरमा दुबै जोईपोइलाई राखेर कुरा गर्छन्। यसरी घरमा ल्याएकी बुहारी आफ्नो जातभित्रकी नभए पनि घरबाट निकालिदिने चलन भने पाइंदैन। छोरा र बुहारीलाई आफ्नो जातका विशिष्ट व्यक्तिहरू एवं मुखियाहरूको अगाडि उभ्याएर माफी

माग्न लगाएर, यस्तो हुनेछैन , यस्तो चलन हुन दिनेछैन भन्ने गराएर मात्र समाजमा घुलमिल गर्न दिन्छन् । अनि बुहारीलाई ल्याएको उपलक्ष्यमा रक्सी, जाँड, सुंगुरको मासु, चिउरा आदिले युक्त भोजको आयोजना गरी गाउंले र अरू नातेदार एवं छरछिमेकीहरूलाई खुवाइन्छ ।

केटा र केटीको विवाह गर्ने तय गरेपछि भावी ज्वाइं ससुराकहाँ बराबर आएर आफूले काम कर्तव्य गर्न पूर्ण तवरले सक्छु भन्ने प्रमाणित गर्नको लागि ससुराकै घरमा पनि बस्ने गर्दछ । तर केटीसंगको सहवास भने ज्यादै कम भएको देखिन्छ । त्यस बखतमा केटाको घरबाट बराबर केटीकहाँ बोतलका बोतल रक्सी, जाँड ल्याउनुपर्छ । केटालाई त्यसरी काम गराउनुको तात्पर्य केटीसंग चिनजान र ससुरापट्टिका परिवारसंग नजीकको संपर्क बढाउनु हो । यसो गरेपछि मात्र उनीहरूको विवाह हुन्छ ।

विवाह गर्ने धिमाल परिवारले लमीद्वारा विवाहको व्यवस्था अर्थात् तय गरेपछि केटाले कुनै पनि ठाउंमा हाट, बजार, गाउं, खेत, नदी, जहाँ भए पनि केटीलाई समात्नुपर्छ र समातेपछि केटीले पनि जोडले चिच्याउने गर्दछे । यस्तो गर्नुपर्ने कारण केटीको भविष्यको स्थायित्व र अधिकारको लागि भएको हो । यसरी केटीलाई विवाह गरेर लगेपछि वैमन्यस्यता भएमा "मैले नमान्दा नमान्दै तिमीले (अर्थात् केटाले केटीलाई) विवाह गरेको र त होनि" भनेर आवाज उठाउन सक्छे ।

अर्को किसिमको विवाह चाहिं प्रारम्भदेखि नै चलिआएको छ । यसमा आफ्नो छोराछोरी यौवनावस्थामा पुगिसकेपछि आमाबाबु विवाहको लागि तम्सिन थाल्छन् । केटीको तर्फबाट बाबु अथवा आमाबाबुले लगाएका मानिसहरू दुइ बोतल रक्सी, जाँड, एक सेरजति सुपारी, चारपाँच बट्टा सिगरेट, आठ नौवटा बिडी, आधा पाउ मिश्री, एक डल्लो नरिवल, ल्वांग दालचीनी लिएर केटी माग्न जान्छन् । उनीहरू गएर फलानो केटोलाई तिम्रो छोरी दिनुपर्‍यो भनी कुरा गर्छन् । यसरी छोरी माग्दा यदि केटीपट्टिकाले अथवा आमाबाबुले उक्त रक्सी, जांड, चुरोट खाए भने छोरी दिने पक्का भयो भनी ठाने हुन्छ ।

अर्को चाहिं विधिमा उनीहरूले आफ्नो रीत चलाउन भनेर दुइ रुपियाँ पनि दिंदा रहेछन् । उक्त रुपियाँ सुपारी दिएपछि अन्तिम चरणमा विवाह ठीक गरिन्छ । तोकिएको दिनमा आफ्नो एउटा लगन ठीक गर्दछन् । यसरी केटी माग्न जाँदा बाटोमा सर्प, बिरालो आदिले बाटो काट्छ भने विलक्षणको कुरा मानिन्छ । अनि त्यस केटीसंग विवाह कुनै वेलामा पनि गर्न हुंदैन । यो धिमालहरूको परम्परागत चलन हो ।

विवाह गर्दा कन्यादान दिने र सिन्दूर हाल्ने चलन भर्खरै मात्र आएको हो ।

विवाह धेरैजसोको एकजनासंग मात्र हुन्छ । एउटा मान्छेले दुइटी स्वास्नी विवाह गर्ने चलन छैन । तर घरमा सन्तान नभएमा भने अर्को विवाह गर्ने चलन पाइन्छ । धिमालहरूमा दाइजो दिने प्रथा छैन । केटाकेटीलाई मेचे जातिमा जस्तो किनेर ल्याउने जस्तो अप्ठ्यारो चलन पनि छैन। तर बाबुआमाले छोरी ज्वाइँलाई दिन चाहेको खण्डमा दिए पनि हुन्छ । यस्तो अवस्थामा विशेष गरेर जग्गा नै दिने गरेको पाइन्छ । यिनीहरूमा बहुविवाह (Polygamy) अर्थात् बहुपत्नी र बहुपति (Polyandry) को प्रचलन पनि छैन ।

विवाह समाजले दिएको मान्यताप्राप्त संस्था हो । त्यसकारणले धिमालहरूको विवाह पनि धार्मिक पूजाआजा, उत्सव र संस्कारबाट हिन्दूहरूले गरे झैं नगरी हुंदैन । तर जे भए तापनि हिन्दूहरूको संगतले गर्दा उनीहरूले पनि धेरै थोरै धार्मिक प्रवृत्ति लिन थालेका छन् । दुलही भएर गएकी केटीले सासूससुरालाई आफ्नो बाबुआमालाई सरह आदर सत्कार गर्नुपर्छ । ज्वाइँले ससुरालाई ढोग्नुपर्छ । छोरीले आमालाई पनि खुट्टामै ढोग्नुपर्छ । भाउजूले देवरलाई आदर गर्छन् । त्यसैले उत्तरी क्षेत्रका केही जातिहरूमा जस्तो देवर-संग विवाह गर्ने चलन छैन ।

चोरीविवाह पनि हुन्छ । यस्तो बखतमा केटीलाई केटाको घरमा एक वर्षसम्म लुकाएर राख्छन् ।

अर्को एउटा बडो चाखलाग्दो प्रथा पाइयो । धिमाल परिवारमा केटाले केटीलाई राख्ने मात्र होइन बरु केटीको घरमा केटोलाई १० वर्षसम्म पनि लुकाएर राख्छन् । यस अवधिमा केटा र केटी लोग्ने स्वास्नीको रूपमानै बस्दछन् । उनीहरूबाट जन्मेका नानीहरूलाई समाजले साधारण तरीकाले विवाह गरेका जोडीका नानीहरूलाई जस्तै मान्यता दिन्छन् ।

तर लोग्नेले पैसा कमाएर, आफ्नो संपत्ति जोडेपछि नातेदार र गाउंलेहरूलाई भोजभत्यार खुवाउनुपर्छ। त्यसपछि बल्ल उ फुक्का हुन्छ । यसरी भएको विवाह धिमाल परिवारको आफ्नै परम्परा हो र यो परम्परा अविकसित जातिको लक्षण पनि हो । विवाह विशेष गरेर फागुन, बैशाखतिर हुन्छ ।

# विवाह उत्सव

### निम्ता पठाउने तरीका

विवाहको लगन पुरेतले हेरेपछि र दिन तोकेपछि आफ्ना नातेदार, चेलीबेटी एकै थरका सम्बन्धीहरूलाई निम्ता गरिन्छ। निम्ता गर्न जाँदा एक एक सुपारी घरघरमा दिएर आउनुपर्छ।

### जन्ती जाने

धिमाल समुदायको विवाहमा ब्याउली (केटी) पट्टिको घरमा जाँदा , परिवारका नजीकका सदस्यहरूले एक भाँडो जाँड, १२ बोतल रक्सी, जाँड हाल्ने चिन्डो लौको। लौकाभित्र रक्सी हालेर लैजानैपर्दछ। यसरी रक्सी लगेन भने उनीहरूको चलन अनुसारको हर्जाना ( fine ) तिर्नुपर्छ ।

केटीको अर्थात् ब्याउलीको घर पुग्ने वेलामा जन्तीले एक सेर जति रक्सी बाँडेर खान्छन् । ब्याउलीको घरको सिमानाभित्र जन्ती पस्छन्। घरभित्र पस्ने वेलामा ब्याउलीको घरका केटाहरूले बाटो रोक्छन्। अनि जन्ती जाने मूलबाटो पनि रोक्छन् । गाउंको रीतिअनुसार कसैलाई दुई रुपियाँ, कसैलाई चार रुपियाँ राखेर आदर गर्नुपर्छ ब्याउलाको तर्फबाट । अनि रोकेपछि ब्याउलीपट्टिकाले दुई बोतल रक्सी राख्दछन् । अनि रक्सी दुई बोतल र पैसा ब्याउलाको तर्फबाट राख्दछन् । त्यसपछि ब्याउलो र ब्याउलीपट्टिको रक्सीको बोतल साटासाट हुन्छ ।

### बुढौलीको रोक्ने पालो

अब केटाहरूको जन्तीलाई रोक्ने पालो पुगेपछि बुढौली अर्थात् बूढाहरूको पालो पाउंछ। अलिक उमेर पुगिसकेका बूढाहरूले जन्तीलाई रोक्छन्। रोकेपछि ब्याउलापट्टिकाले दुइ रुपियाँ दिन्छन् र रक्सीको बोतल साटासाट गर्दछन् । जन्तीवालाले ब्याउलीतर्फकालाई छः हात जतिको लामो बांसको हुक्का पनि दिनैपर्छ।

अब केटीतर्फका अरू गाउंले केटीहरूको पनि रोक्ने पालो आउँछ । रोकेपछि जन्तीवालाले दश रुपियाँ केटीहरूलाई दिन्छन् । उनीहरूको पालोमा एक घैंटो जाँड दिन्छन् । केटाको तर्फबाट गएका दुइ चार जना केटीहरू र बहिनीसंग ब्याउलीतर्फका केटीहरूको आदरभाव हुन्छ । ब्याउलीतर्फका केटीहरूसमेत जन्ती पर्सन तयार हुन्छन् । अनि ब्याउलो र जन्तीलाई अबीर, रंग मुछेर अक्षताले स्वागत गरी पर्सिन्छन् । झल्ला सल्ला (मण्डप) मा जन्तीहरू गएर बस्छन् । जन्तीलाई मान्यता दिन ब्याउलीतर्फबाट दुई घैला र दुई बोतल रक्सी ल्याउंछन्। जन्तीहरू आराम गर्न लाग्छन्। आराम गरेपछि ब्याउलीलाई राम्ररी बसाउंछन् । स्वयम्वर गर्न आँगनमा ब्याउला र ब्याउलीलाई बसाउंछन् । स्वयम्वर गर्दा फूलको माला लगाउने वेलाभन्दा अगाडि सातपल्ट केटी घुम्छे अनि केटाको खुट्टा केटीले धुन्छे। खुट्टा धोइसकेपछि माला लगाइदिन्छे । अनि केटाले पनि माला लगाइदिन्छ । विवाहमा बाजा पनि बजाइन्छ । कुनै कुनै ठाउंमा आफ्नै बाजा (ढोल) हुन्छ । कुनै ठाउँमा हुंदैन । स्वयम्वर समाप्त भएपछि ब्याउलीको घरमा ब्याउला पस्छ।

आँगनमा एउटा केराको ठुसा ल्याउंछन् र त्यहाँ झल्ला मिलाएर बिछाउंछन् । ब्याउलीको बाबु र ब्याउलाको बाबु अनि दुबै गाउंका मान्छेहरू, बूढाहरू तथा केटाहरू जम्मा हुन्छन् । बसेर पहिला ब्याउलाको तर्फबाट सात दाना ठूलो सुपारी, सात पैसा, एक बोतल रक्सी बीचमा राखिदिन्छन्। केटी अर्थात् ब्याउलीको तर्फबाट केटाहरूले त्यस कुरालाई बराबर बाँडेर खान्छन् । अनि जांड हालेको लौकाको चिन्डो र एक बोतल रक्सी केटाको तर्फबाट गाउँका ठूलठूला ठालुलाई त्यसै वेला ल्याएको रक्सी पुऱ्याउनुपर्छ । त्यसपछि गाउंको धामी वा पुरेतलाई पनि उसको घरमा एक बोतल रक्सी पुऱ्याइदिनुपर्छ ।

अनि जन्तीको कुनै सदस्यले ब्याउलीको आमालाई दुधाली अर्थात् छोरीलाई सानो छंदा दूध खुवाइएको बापत लौकाको चिन्डोको जोडा र दुइ रुपियाँ दिनुपर्छ। यस विधिलाई दुधाली दिएको भन्दछन् ।

त्यसपछि पंचलाई पनि दुई रुपियाँ दिनुपर्छ ।

### चुमान बुझाउने रुपियां

केटीको बाबुलाई केटाको बाबुले, ब्याउलीको बाबुले मागेअनुसार बीस, तीस रुपिया चुमान बुझाउने रुपियाँको रूपमा दिनुपर्छ । आजभोलि चुमान बुझाउने रुपियां कसै कसैले नलिने पनि गर्न थालेका छन्

### साइनो फेराउने

एक घैला जाँड र एक बोतल रक्सी ब्याउला (दुलाहा)

पट्टिको मान्छेले ब्याउली (दुलही) पट्टिलाई दिनुपर्छ। यसैलाई साइनो फेर्ने भनिन्छ। "विवाह गर्नुभन्दा अगाडि हामी दुई अर्थात् (ब्याउला र ब्याउली) भाइबहिनी वा दिदीभाइ थियौं, कुनै साइनो थिएन अब विवाह भयो, लोग्ने स्वास्नी भयौं" भनेर जनाउने यस रीतिलाई साइनो फेराउने भनेको हो।

## मेजवानी

ब्याउलीको घरमा ब्याउलापट्टिका मान्छेलाई एक घैला जांड र एक बोतल रक्सी खुवाउँछन्। त्यसपछि सबै जन्तीलाई भात खुवाउँछन्। खाना केटीहरूले तयार गर्दछन्। केटीपट्टिका केटाहरूले जन्तीलाई ख्वाउन लोटा लिएर जन्तीतिर आउँछन्। अनि जन्तीलाई भान्सा गर्न जाऔं भनेर अनुरोध गर्दछन्। जन्ती भात खान जान्छन्। अनि एक घैला जाँड र दुइ बोतल रक्सी खाइसकेपछि सबैले चुठ्छन्। सुपारी बिडी खान्छन्। फेरि हात चुठ्ने भनेर जन्तीले जाँड रक्सी मागेर खान्छन्। त्यसपछि गाउंका अरू निम्तालुले पनि खान्छन्। रातभरि आफ्नै भाषामा नाचगान गर्दै, रक्सी पिउंदै समय बिताउंछन्।

भोलिपल्ट बिहानै ब्याउलीपट्टिका आइमाईहरूले आँगन, घर बढार्न थाल्दछन्। आँगनमा चकटी बिछाउंछन्। ब्याउला र ब्याउलीलाई संगै बसाल्दछन्। टीका लगाउन अबीर र रंगले भिजाएर अक्षता अर्थात् चामल तयार पार्छन्। नाङ्लामा एक पाथी धान, दूबो, घांस राखी धानमाथि बत्ती बालेर राख्दछन्। दुइवटा लोटालाई कलशको रूपमा राख्छन् र त्यसमा आंपको पातको मूठा बनाएर राख्दछन्। अनि फूल राख्दछन्। ब्याउलीको बाबुले ब्याउला र ब्याउलीलाई टीका लगाइदिन्छन्। श्रौगातअनुसार ब्याउला र ब्याउली लाई दक्षिणाको रूपमा पैसा दिन्छन्। हुनेले प्रशस्त भांडाकुँडा र एक जोर गाई पनि दिन्छन्। अनि आमाले पनि टीका लगाएर पैसा दिन्छिन्। छोरीलाई नयाँ पेटानी र ज्वाइंलाई लुगा दिन्छन्। नजीकको नातेदारले पनि त्यसैगरी टीका लगाइदिन्छन्। त्यसपछि छोरी र ज्वाइँलाई भान्सामा अलग अलग बसालेर खाना खुवाउंछन्। अनि ब्याउलाले ढोगभेट गरेर दुलहीलाई जन्तीसंगै आफ्नो घरमा लैजान्छ। घर आएपछि जन्तीलाई सुंगुरको मासु र रक्सी खूब खुवाउनुपर्छ।

विवाह गरेको १२।१३ दिनपछि दुलहीलाई माइतमा लोग्नेसंग पठाइन्छ। त्यहाँ ब्याउलाब्याउली ८।९ दिन बसेर पुन: आफ्नो घरमा फर्केर आउंछन्।

## विधवाविवाह

धिमाल समूहमा जसरी बालविवाह गर्ने प्रथा नभएर एउटा राम्रो तथा सभ्यताको अभ्यासको विकास भएको छ त्यसैगरी विधवा जस्ता अकिञ्चन नारीलाई विवाह गरेर पुन: घरबार बसाउने जस्तो प्रगतिशील व्यवहार पनि पाइन्छ। विधवाविवाह धेरैले गर्ने गरेका छैनन् तापनि कसैले गर्छ भने त्यो समाजबाट त्याज्य बन्दैन। विधवालाई घर ल्याएको दिन अथवा त्यो रातमानै आफ्ना भाइ, सम्बन्धी फुकीहरू एवं साथीभाइ र गाउंका पंचभलादमीलाई भोजभत्यार खुवाउनुपर्छ। नत्रभने समाजमा आफ्नो इज्जत नरहनुको साथै ल्याएकी आइमाईको कुनै मूल्य एवं मान्यता हुंदैन।

## पारपाचुके

विवाहले जसरी एउटा परिवारभित्र आनन्द र परिपक्वता को ज्योति लिएर आउंछ त्यसैगरी कुनै कुनै जोडीमा नैराश्यता को बाढी पनि लिएर आउन सक्दछ। यो दुवै जनाको अमेलको कारणबाटनै हुन्छ। दम्पतीबीचका रिस, इर्ष्या, द्वेष, कलह, आर्थिक कमजोरी एवं मनोवैज्ञानिक कारणको नतीजाले नै पारपाचुके हुन सक्छ।

धिमालहरूमा पनि लिम्बूको जस्तै पारपाचुके गर्ने व्यवस्था छ। संबन्धविच्छेद भएपछि अथवा नभए पनि यदि कुनै आइमाई पोइल जान्छे भने दोस्रो लोग्नेलाई जारी अथवा रीत तिर्नुपर्दछ। रीत तिर्दा बाबु मरेर आमा पोइल गएकी भए काकाहरू बसेर उसको पुरानो मृतपतिको छोरालाई बुझाउने गर्दछन्। रीत तिर्दा सुनौली र दुधौलीको भारा पनि तिर्नुपर्छ। सुनौलीमा पाँच रुपियाँ, नौ बोतल रक्सी, सात पैसा, सातवटा सुपारी दिनुपर्छ र पंचलाई पनि पाँच रुपियाँ तिर्नुपर्छ।

## दुधौली

यो विधि आमालाई दूध खाएको कष्टबाट ऋणमुक्त हुन गर्ने प्रथा हो। यसमा छोराले आमालाई दूध खाएको बापत रीतको रूपमा दुइ रुपियाँ तिर्नुपर्दछ। त्यसपछि आमा पनि सामाजिक घेराबाट मुक्त हुन्छिन् र छोरा पनि। यसरी पंचको र काकाहरूको अगाडि रीत तिरेपछि छोराले आमाको दाहसंस्कार एवं क्रिया पनि गर्नुपर्दैन। यो चलन अद्यावधि चलिरहेको छ।

जारी तिर्दा पहिला पहिला केवल ६०।–रुपियाँ तिरे पनि हुन्थ्यो।

## सामाजिक जीवन

### परिचय

यस भेगका धिमालले अरू जातका निवासीहरूले जस्तै जीवनका जन्म, विवाह र मृत्यु जस्ता घटनालाई आवश्यकता-भन्दा अझ बढी महत्वपूर्ण मात्रामा मान्दछन् । यी तिनै घटनाहरूको संस्कार कत्ति धार्मिक छन्, कत्ति आस्थावादी छन् ती कुराको वर्णन गर्नुपर्ने जस्तो लाग्दैन । यिनीहरूको संस्कार, धर्म र पूजाआजा, कर्मकाण्ड यसो हेर्दा सम्पूर्ण-रूपले हिन्दू धर्मावलम्बीको जस्तो देखिन्छ तापनि वास्तवमा यी घटनाहरू उनीहरूको आफ्नै परम्परामा आधारित संस्कार हुन् ।

### जन्म

#### बाल्यकाल

पति र पत्नीको बिवाहबन्धनको नतीजा घरमा छोराछोरी जन्म हुनुनै हो । यस्तो घरमा स्त्री र पुरुषको बीच झगडा कम हुन्छ । केटाकेटीहरू त्यस्तो घरमा पनि ठूलो आनन्द एवं हर्षोल्लास लिएर आउँछन् जसको घरमा यस्ता केटाकेटीहरूको अत्यन्त इच्छा र आशा हुन्छ ।

स्त्री गर्भवती भएको वेलामा केही कुराहरू गर्नु, छुनु, नाच्नु र खानुबाट वंचित गरिन्छ । जस्तो गर्भवती स्त्रीले कुनै पनि ठूलो धार्मिक कार्यमा उपस्थित (सामेल) हुनु हुंदैन , ठूलाठूला नदी र खोलानालालाई पार गर्नु हुन्न । विशेष गरेर धिमालपरिवारमा छोरीभन्दा छोराको बढी चाहना र महत्व हुन्छ । बाहुन, क्षेत्री, मगर, घले तथा अन्य जातहरूमा जस्तै गर्भवती आमा छोराको लागि अनेक मन्त्रपाठ र भाकल गरी हिड्छन् । कसै कसैले त छोरा भयो भने लाख बत्ती बाल्ने, धामीकहाँ गएर तान्त्रिक मन्त्रसहितको जन्तर लिने, कुलदेवतालाई बोका, सुंगुर, कुखुरा आदि चढाउने भाकल पनि गर्दछन् ।

धिमाल समुदाय ज्यादै अन्धविश्वासमा आस्था राख्ने हुन्छन् । त्यसमा पनि आइमाईहरूले त औधी गर्दछन् । गर्भवती स्त्री बिरामी भई भने उसले आफ्नो कान्छीऔंलामा एक टुक्रा स्यानो ढुङ्गा बाँधेर बराबर चलाइराख्छे । यति गरिसकेपछि उसको रोग निको हुन्छ भन्ने अटूट विश्वास र धारणा बनेको हुन्छ । यी साना ढुङ्गाहरू, पवित्र ठाउं अथवा नदीहरूबाट ल्याएर शुद्ध ठाउंमा संरक्षण गरी राखिएको हुन्छ ।

परिवारमा सबैभन्दा पहिला छोरा जन्म्यो भने धनी परिवारमा चार दिनको दिन ठूलो भोजभतेर लाग्छ । छोरा जन्मंदा र छोरी जन्मंदाको खुशीको अनुपातमा बेशी र कम भए पनि छोरीलाई पनि सबै खूबै माया गरिन्छ । घरमा जन्मेको छोरालाई बढी माया गर्नेले हतोत्साही आमा र पुत्रको आशा चाहने पिताको भयले कहिलेकाहिं केटोको हत्या (Infanticide) हुन सक्ने परिस्थितिको जन्म हुन सक्छ । अथवा छोरी भएकी भनेर, राम्रो हेरचाह भएन भने पनि बालकको मृत्यु वा स्वास्थ्य नराम्रो हुन जान्छ । तर लेखकको दुइ महीनासम्मको अध्ययनकालमा त्यस्तो घटना भने भएको थिएन । ब्राह्मण, क्षेत्रीको समाजमा जस्तै गरी अविवाहित अर्थात् कुमारी केटीको ठूलो सम्मान धिमाल जातिमा छैन तापनि त्यस लक्ष्यतिर यो संस्कार विकसित भइरहेको आभास पाइन्छ । कुमारी केटीलाई दिएको दानदक्षिणा र उपहार देवीलाई दिएको जस्तै मानिन्छ । अतः धर्मकाण्डमा र परम्पराको जगमा यो संस्कार पनि चलिनै रहेको छ । यस्तो प्रकारको कुमारीको महत्व भारतमा पनि पाइन्छ तर यूरोप र अमेरिका अर्थात् पाश्चात्य देशमा अलिकता पनि छैन । छोरीको महत्व पहाडमा भन्दा कम हुन्छ किनभने तराईमा अरूहरू खासगरी पुरुष वर्गलेनै परिश्रमी काम गर्दछन् । त्यसको अलावा तराईमा आफ्नै प्रशस्त जग्गा भएको पाइन्छ । खेतमा नारीवर्गले ज्यादा मेहनत नगरे पनि घरेलु कार्यमा उनीहरू सिपालु हुन्छन् ।

केटा अथवा केटीको जन्म गाउंको घरमै हुन्छ । अस्पताल र पेशेवर नर्स यहाँ पाइंदैनन् । त्यसैले शहरमा जस्तो बच्चालाई जन्म दिनु आमालाई सुविधा प्राप्त हुंदैन । तर आफ्नै सगोत्री धिमाल र केही गाउंका अन्य बूढीहरू यस्तो काममा ठूलो सहयोगी बन्दछन् । यस्ता सहयोगीलाई सुंडेनी भन्दछन् । बच्चा जन्माउंदा आमालाई खूब कष्ट भयो भने घरको लोग्ने-मान्छे अथवा बूढी आइमाई धामीकहाँ जान्छन् । मन्त्र पढिन्छ । भाकल गरिन्छ । शिशुको जन्म भइसकेपछि उसको नाभिविन्दु काटेर छुटचाउने काम सुंडेनीको हुन्छ । अनि काटिएको नाभिलाई घरवरिपरिको कुनै ठाउंमा गाड्नुपर्छ । तीन अथवा चार दिनसम्म सुत्केरीलाई घरको अंध्यारोमा राखिन्छ । शिशुको नाभिविन्दु काटेको ठाउंमा मरीचलाई ढुंगामा घोटेर चन्दन जस्तो बनाइएको तरल पदार्थ लगाइन्छ ।

कसै कसैले नाभिलाई काटेर जुटको कपडामा लपेटेर राख्दछन् । त्यसलाई कसै कसैले नगाडेर त्यसै फ्याँक्ने पनि गर्दछन् ।

सुत्केरी बस्ने कोठाको भूइं, माटो र गोबरले पोतिन्छ ।

सुत्केरीको निम्ति जाडोको समयमा भए बगलमै ओदान ठड्याएर आगोदानी बनाइन्छ। सुत्केरीलाई खाना पकाउने काम यदि सुँडेनी तल्लो जातकी भए उसैले पनि गर्छे। सुत्केरी-लाई मासु, रक्सी, पौष्टिक पदार्थ खान दिइन्छ। यसरी तेस्रो अथवा चौथो दिनमा सगोत्रीहरू सुत्केरीबाट चोखिन्छन्। यति वेलासम्म नानीकी आमालाई घरको कुनै खाना छुन दिइन्न। उसले पूर्णतया आराम गर्नुपर्छ। हिन्दूसमाजमा जस्तै खास गरेर सबै धिमाल सगोत्रीहरूले एघारौं दिनमा न्वारन गर्दैनन्। तर आजभोलि केही यस्ता परिवारहरू पनि छन् जो आफूलाई पूरा हिन्दू बनाउन सबै किसिमको संस्कार अपनाउंदैछन्। यस दिनमा आफ्नै रीतिस्थितिमा बस्ने धिमाल आफ्नै जातको पुरेत बोलाउंछ र मन्त्र पढेर नामकरण गर्छ।

नव जन्म भएको नानीलाई गाउंको सबैभन्दा बूढो धिमालले नामकरण गर्दछन्। नयाँ नानीको नाम त्यसदिन गाउंमा यदि कुनै ठूलो मान्छे आएको रहेछ भने उसैको नाम राख्ने पनि चलन छ। अरू हिन्दू बन्न लागेका समूहले बाहुनलाई पनि बोलाउन थालेका छन्। न्वारनको दिन खेतीपातीको कार्य तथा अरू कर्मकाण्ड र पूजाआजा तथा पर्वका कार्यहरू सबै बन्द गरिन्छ।

आमाबाबुहरूले जति सक्यो उति केटाकेटी चाहन्छन्। केटाकेटी भएपछि उनीहरूलाई खुवाउनु, हुर्काउनु, कपडा दिनु आदिमा भएको व्ययको ख्याल राख्दैनन्। त्यसको विपरीत छोराछोरी भएपछि परिश्रम गर्ने मान्छे बढ्छन् र बुढेसकालमा उनीहरूले हेरचाह गर्छन् भन्ने विश्वास छ। आमाले नानी जन्माएको केही हप्तापछि आफ्नो कामक्रिया पुनः प्रारम्भ गर्छे र केटाकेटीहरूले पनि पछि त्यस्तै अपनाउने हुंदा परम्परागतनै यस्तो चलन बस्दै गएको बुझिन्छ। काखको नानी आमासंगै भूईंमा अथवा परालको सानो चकटीमा बस्दछ। दिनभरिजसो बच्चा बरण्डामा कतै बनाइएको झोलुंगोमा सुत्दछ। झोलुंगोको दायाँ र बायाँको लम्बाई बच्चा नखस्ने गरी बनेको हुन्छ। यस्तैगरी बनेको हुंदा बच्चा लड्ने संभावना हुंदैन। जब बच्चा उठेर रुन थाल्छ झोलुंगोमा बाँधिराखेको लामो डोरी आमाले अथवा नजीकै जो मान्छे छ उसैले तानिदिएर हल्लाउंछ। बच्चा भोकाएको बेलामा समय समयमा आमाले दूध खुवाउंछे। यसरी बालक हुर्कंदै जान्छ। करीब छमहीनामा पुग्न लागेपछि गाउंको धिमाल पुरेतलाई शिशुलाई प्रथम पल्ट भात ख्वाउने दिनको साइत हेराउन पठाइन्छ। जन्मेको छः महीनाभित्र शिशुलाई प्रथमपल्ट अन्न खुवाउने अथवा भात खुवाउने विधिलाई "भातख्वाइ" भनिन्छ। ब्राह्मण, क्षत्री, नेवार आदि जातिको जस्तो भात खुवाइ ठीक छ महीनाभित्रै खुवाउनुपर्छ भन्ने नियम धिमाल-जातिमा छैन।

यस अवसरमा धनी परिवारले आफ्नो सगोत्री तथा इष्टमित्रलाई भोज खुवाउंछन्। सानो बच्चालाई सर्वप्रथम भात सहोदार बहिनीले खुवाउनुपर्ने प्रचलन छ। सानो नानीको मुखमा भात मात्र खुवाइन्छ। त्यसपछि विस्तार विस्तार नरम नरम, गिलो भात, दाल, तरकारी पनि खुवाउन थालिन्छ। ५।६ महीनासम्म बालकले पुरानो कपडाबाट बनेको लुगा लगाउंछन्। भातख्वाइको दिन बालकले बल्ल नयाँ लुगा लगाउन पाउंछ। सहोदर बहिनीले खुवाएपछि परिवारका अरू सदस्यले खुवाउंछन्।

यस उमेरमा साना साना केटाकेटीहरू खूब फोहरी अवस्थामा देखिन्छन्। जब केटो ५।६ वर्षको हुन्छ, उसको छेवर गर्ने पालि आउंछ। छेवर गर्ने वेलामा केटाको केश मामाले काटिदिन्छ। मामाले त्यति वेला भान्जालाई नयाँ लुगा सिलाइदिन्छ। यसरी सानो नानीबाट शिशु शनैः शनैः ठूलो हुंदै जान्छ र सांसारिक तथा सामाजिक गतिविधिमा आफूलाई नजानिने तवरले संघर्षशील बनाइरहेको हुन्छ।

### पछिल्लो बाल्यकाल

केटाकेटीहरू धिमाल परिवारमा घरको खुशी र गौरव लिएर जन्मन्छन्। ९ दश वर्षको उमेर भएपछि केटा या केटी दुवैले घरव्यवहारको काम र बाहिर खेतीपातीको काम शुरू गर्न थाल्दछन्। केटीलाई सानोतिनो गाग्रो पानी भर्नको लागि दिइन्छ र उ नजीकको इनारमा गएर पानी भरेर ल्याउंछे। उमेर पुगिसकेकाले आमा, दिदी, भाउजूलाई बिहान सबेरै ओखलीमा धान कुट्न सहयोग दिन्छन्। घाममा सुकाएको बिस्कुन हेरिदिन्छन्। सानो भाइबहिनीलाई हेर्छन्। धिमाल समाजमा छोरीलाई पढाउने अभ्यास अझै नआइसकेकोले केटीहरूलाई स्कूलमा पठाउन खूब कम आमा बाबुले मन पराउंछन्। तर जे भए तापनि दिनपर दिन नगरको परिवेशले गर्दा साना साना केटीहरू पनि धेरै पंचायतद्वारा खोलिएका प्राथमिक पाठशालामा भर्ना भैरहेका छन्। यसबारेमा अध्ययन गर्दा केटाकेटीहरू बाबुसंग भन्दा आमासंग बढी नडराएको देखियो। बुधवारे हाटमा जाँदा प्रत्येक बाबुआमाले केटाकेटीको लागि मिठाई वा पिपरमेन्ट ल्याइदिने गर्दछन्। वयस्क केटाकेटीहरूलाई जस्तै यिनीहरूमा

पनि सानैंदेखिनै कार्यविभाजन भएको पाइन्छ। केटीहरू घरको काम गर्न, तान बुन्न र चर्खा चलाउन सिक्दछन् भने केटाहरू गाई, भैंसी, गोरु, बाख्रा आदिदेखि लिएर खेतको काम गर्न सिक्दछन्। आमाबाबु र केटाकेटीहरूको संबन्ध साधारणतः शिष्टाचारपूर्ण हुन्छ। कहिलेकहिं अनौपचारिकता बढी मात्रामा पनि पाइन्छ। कुनै मेला वा घरको उत्सव पर्वमा तरुनी छोरी र तरुनो छोरा पनि बाबुआमाकै नजीकै बस्दछन्। आमा–बाबुको सामुन्ने त्यस्तोविधि संकोच नगरीकनै चुरोट, बिडी पिउंछन्। केटीको सर्वप्रथम हुने रजस्वलाको नियममा यति दिन बार्नुपर्छ भन्ने कुनै खास दृढ संस्कार छैन तापनि सकभर पन्ध्र दिनसम्म बाबु, भाइ, दाजु र अरू लोग्नेमान्छेदेखि टाढा रहनुपर्छ। उसले आफूलाई अंध्यारो कोठामानै सीमित राख्नुपर्छ। सूर्यको किरणबाट टाढा रहनुपर्दछ। भान्सामा गएर काम गर्नु हुन्न। कुनै खानापिना तयार पार्न हुंदैन। पांच छःदिनपछि आफ्नी आइमाई साथीसंग उ केही उज्यालोमा निस्कन सक्छे। सात आठ दिनपछि यताउति हिंड्न सक्छे तर आफूले खाना बनाउन सक्दिन। पन्ध्र दिनपछि नुहाइ-धुवाइ गरेपछि उ चोखिन्छे। यसरी उ त्यस दिनदेखि प्रौढा-वस्थातिर अग्रसर हुदै जान्छे।

### सहोदर सम्बन्ध

संबन्धको क्रमअनुसार आफ्ना भाइबहिनीहरूको सम्बन्धमा विभिन्नता छ। पाँच भाइ तथा पाँच बहिनी भएको परिवारमा उनीहरूलाई उमेरको क्रममा जेठा, माहिला, साहिला, काहिंला र कान्छा भन्ने चलन यहाँ पनि छ। धार्मिक संस्कार, कर्मकाण्ड, उत्सव तथा चाडपर्वमा यस प्रकारको उमेरको विभिन्नता विभाजित सहोदर र सगोत्री दाजुभाइ तथा बहिनीहरूको महत्व छ। पर्वमा, श्राद्धमा, न्वागी खाने वेलामा र तिहार मान्ने वेलामा उमेरको क्रमअनुसार खाना अथवा आदरभाव दर्शाइन्छ। पैतृक प्रधान समाजमा बाबुको शेषपछि सबै उत्तरदायित्व बहन गर्ने जेठो छोरोनै हुन्छ। यस प्रकारको विभिन्नता उमेरको हदमा भए पनि बाबुको संपत्तिचाहीं सबैले बराबर पाउंछन्। दैनिक सामाजिक जीवनमा सबै भाइहरू संगसंगै एउटै क्रममा चल्दछन्। यसै गरी घरेलु क्रियाकलापमा दिदीबहिनीहरूको संबन्ध पनि घनिष्ठ र उस्तै छ। विवाह भएर गएकी दिदीबहिनीले माया र सहयोग बढी मात्रामा दाजुभाइबाट आशा राख्दछन्। आफ्ना विवाहिता दिदीबहिनीको घरमा बराबर गएर स्नेह र आरामीको खवर लिनुदिनु दाजुभाइको काम हुन आउंछ। बाबुको शेषपछि दाजुभाइले बाबुले गर्ने सहयोगको कर्तव्य गर्दछन्।

## धिमाल समुदायमा स्त्रीजातिको स्थान

धिमाल समूहमा आइमाईको स्थान नगण्य छ। घरको कामबाहेक, केटाकेटीको हेरविचार गर्नु, चुलोकुटो गर्नु, धानसु-काउनु केलाउनु, भात पकाउनु उसको काम हो (फलक ७ क)। पुरुष जातिहरूसंग स्त्रीहरूले अन्य बाहिर खेतमा, काम गरेको केही कतै देखिएन। यसरी हेर्दा आइमाईहरू पुरुषभन्दा प्रगतिपथबाट निक्कै टाढा रहेछन्। उनीहरूको अधिकार केही पनि छैन। उनीहरूको अस्थिरता, शर्मिलोपन र परपुरुष अथवा अरू जातिसंग बसउठ र कुराकानी गर्दा संकोच गर्ने बानीबेहोरबाट पनि त्यही पिछडिएको भयावह र थिचो-मिचोबाट मनोवैज्ञानिक असर परेको हो भन्ने छर्लङ्ग देखिन्छ (फलक ७ ख)। उनीहरूको लागि जीवन, उनीहरूको दैनिक कार्य, पति र केटाकेटीहरू नै हुन्।

यी समूहमा ज्वाइंले ससुरालाई ढोग्नुपर्छ। छोरीले आमालाई ढोग्नुपर्छ। तर हिन्दू रीतिअनुसार साधारणतया आमाले छोरीलाई र बाबुले ज्वाईंलाई ढोग्ने गर्नुपर्छ।

अतः धिमाल आइमाईहरूमा चेतनाको लहर आउने वेलासम्म यिनीहरूको परम्परा र संस्कृतिनै रहन्छ कि रहंदैन भन्ने आशंका गर्न सकिन्छ।

धिमालहरूले

१) यदि आफ्नो छोराको विवाह माथिबाट झरेको अन्य जातिसंग गराए भने,

२) छोरीवेटीलाई अरू जातिको केटोसंग बिहावारी गरिदिए भने, अथवा

३) धिमाल जातिले छोराछोरीलाई शिक्षित तुल्याएर अग्रसर बनाई आफ्नो परम्परा र वंशको संस्कारलाई कायम राख्नपट्टि सुसंगठित तवरले ध्यान दिएनभने धिमाल समूहको संस्कृतिको विलिनता प्रायः निश्चित देखिन्छ।

## मृत्यु

### अन्त्येष्टि क्रिया

रूढिवादी र अंधविश्वासले शताब्दियौंदेखि धिमाल समुदायको समाजमा पनि ग्रस्त गरेको छ। रूढिवादी,अन्धविश्वास र संस्कारका नियमहरू यी जातिको मृत्युको समयमा अपनाउंदै

आइरहेएका छन् । संस्कार एवं अंत्येष्ठि क्रियाकलाप, नियम, आस्था आदिको विषयमा कुनै पनि लिखित कागजपत्र, छापा एवं पाण्डुलिपि पाउन सकिएको छैन । यी सब नियमहरू परिवारपिच्छे वंशरम्परागतनै आइरहेको हो भन्न सकिन्छ ।

धिमाल समुदायमध्ये मरेपरेको बखतमा एकले अर्कोलाई सहयोग गर्ने राम्रो चलन बसेको पाइन्छ । हिन्दूधर्ममा आस्था राख्ने भए पनि उनीहरूको पुर्ख्यौली घर उत्तर पश्चिम जता भए पनि एक अद्भुतपूर्व परम्परामा बनेको पाइन्छ । त्यसको आधारमा अध्ययन गर्दा यो परम्पराले न उनीहरूलाई हिन्दू-धर्मावलम्बी बनायो न सच्चा बौद्धमार्गी नै । हिन्दूधर्मावलम्बीले मनाउने दशैं, तिहार, पूर्णिमा, एकादशी र अन्य चाडपर्वहरू उनीहरूले आँखा चिलेर मान्दैनन् । यसको कारण चाहिं प्रथमतः यी जाति जंगलनिवासी थिए र पछि गएर कृषिमा आधारित जीविका चलाउन थालेका भएर नै यस्तो अनुमान गर्न सकिन्छ । विकासको क्रम र काल, परिस्थितिको प्रभावमा उनीहरूको सम्पूर्ण समूहले कुनै पनि अरू जातिको सांस्कृतिक प्रभावसंग बहनु परेन । तर आज तल भेगमा अवतरण गरेका विभिन्न जातिका सदस्य र परिवारसंगको लसपसले गर्दा यी जातिको संस्कार, आस्था र विश्वासमा हिन्दूधर्मअनुरूपको चालचलनको प्रभाव बढ्दै गइरहेको छ । यस्तो अवस्थामा यी जातिले आफूलाई आदिवासीबाट एक नूतन जातिको झुण्डमा परिवर्तन गरेको हो भन्ने अनुमान हुन्छ ।

धिमालगाउंमा यदि कुनै परिवारको मृत्यु भयोभने परिवारका अन्य सदस्यहरूले धूमधामसंग रुवाबासी शुरू गर्दछन् । रुन थालेको आवाजले वरपरका घरका परिवार-हरूलाई थाहा हुन्छ र आफना इष्टमित्र र नातेदारहरू जम्मा हुन्छन् । अनि गाउंको मूली मान्छे अर्थात् मुखियालाई थाहा दिइन्छ । अनि उनी पनि उपस्थित हुन्छन् । सबैले मरेको मान्छेप्रति श्रद्धाञ्जलि र परिवारलाई सहानुभूति दिन्छन् । खर्चबर्च नभए पनि, झगडा ईर्ष्या सबै कुरालाई बिर्सेर एकले अर्कालाई मद्दत गर्दछन् । यसरी आफ्ना नातेदार र गाउंलेको जमघटपछि उनीहरूको पुरेतलाई पनि खबर पठाइन्छ । त्यसपछि मृतदेहको अंत्येष्टिक्रियाको लागि तयारी गरिन्छ । एउटा सात आठ हातको सेतो कात्रो ल्याइन्छ । दुइटा बाँसमा भर्याङ जस्तो गरेर मोटो डोरीले खुड्किलो जस्तो बनाइन्छ । धिमालसमाजमा पहिले पहिले लाशलाई बाकसमा राखेर गाड्ने चलन थियो । तर आजभोलि त्यसो नभएर लाशलाई बाँसमानै बाँधेर कात्रोले ढाकेर च्याहानडाँडातिर लगिन्छ ।

बाँसमा राख्नुभन्दा अगाडि मरेको मान्छेलाई भूतप्रेतमा र पिशाचमा परिणत नहुन दिन उसको आत्मालाई शान्ति होस् भनेर सातो लिइन्छ । सातो लिएपछि लाशलाई बाँसमा राखेर कात्रोले ढाकेर डोरीले कसिन्छ । यस्तो वेलामा मुर्दालाई लैजाने आफ्नै छोरा भए छोराहरू, नभए नजीकका एउटै थर भएका नातेदार चाहिन्छ ।

मलामीहरू पछि पछि हुन्छन् र छोरासमेत दुई जनाले लाशलाई बोकेर गाड्न लैजान्छन् । त्यहाँ गएर ५।६ हातको खाल्टो खनिन्छ । बाँसबाट डोरी निकालिन्छ र त्यही कात्रो समेत खाल्टोमा अर्थात् च्याहानमा राखेर पुरिन्छ (फलक ८ क) । लाशलाई पुरेपछि एउटा लामो धागो च्याहानबाट बाटासम्म ल्याइन्छ । एउटा कुखुराको चल्ला पर्सेर छाडिन्छ । कुखुराको चल्ला छोडेको कारण चाहिं उक्त मृत मान्छेको शरीरबाट आत्मालाई बाहिर पठाएको हो । मानिस मरेपछि भूतप्रेत पनि हुन सक्छ । त्यसकारण उ भूतप्रेत नबनोस् भन्नाका हेतुले र अर्को जन्ममा पनि मान्छेनै भएर जन्मोस् भन्ने आशयले कुखुराको चल्लालाई छाड्ने चलन गरिएको हो भन्ने कथन छ ।

धिमालहरूले पनि लिम्बूहरूले जस्तै ४।५ दिनसम्म मात्र जूठो बार्दछन् । मरेकाको छोरा अथवा सहोदर दाजुभाइले यो ४।५ दिनको अवधिसम्म रक्सी, मासु, नून, खुर्सानी, अदुवा, जांड आदि र नशा लाग्ने कुरा केही पनि खान हुंदैन । पाँचौ दिन मलामीहरू र आफ्नै सगोत्री एवं इष्टमित्र नातेदार जम्मा हुन्छन् । कुनै नदी वा खोलाको किनारमा क्रिया बस्ने (बार्ने) र सहोदर दाजुभाइ र छोराले कपाल खौरने काम गरी नुहाउंछन् । घरका आइमाई घरआँगन माटो र गोबरले लिपेर सफा गराउंछन् । आफूले पनि नुहाउंछन् र कपडाहरू पनि सफा गर्दछन् (फलक ८ ख) । क्रिया बस्ने छोराले ४।५ दिनसम्म सेतो कछाड अथवा लुगा मात्र लगाउंछन् । उसले क्रिया नसकिएसम्म बोल्न पनि हुंदैन । धिमाल जातिको क्रिया सकिने दिन, तीनदेखि पाँच दिनसम्मको हुन्छ । यत्ति दिनमानै जूठो चोखिनैपर्छ भन्ने कुनै कडा नियम छैन । त्यसरी नुहाइधुवाइ गरिसकेपछि मलामीसहित सबै जना घरमा आउंछन् । घरको सिमानाभित्र पस्नेबित्तिकैको आंगनको छेउमा एउटा पित्तलको कचौरामा तेल, पानी, तुलसीको पात, चाँदीको औंठी, एउटा फलामे हंसिया र आगो राखिएको हुन्छ । तुलसीको पातले कचौराको तेल र पानीलाई चोब्नुपर्छ र त्यसैले एक एक गरेर आफ्नो शिरमा अभिषेक गर्नुपर्दछ । त्यसपछि प्रत्येक मान्छे जूठोबाट चोखिन्छ ।

अनि एउटा चोकमा बस्ने ठाउंको व्यवस्था गरिएको हुन्छ। त्यहीं आएर सबै नातेदार,संबन्धीहरू र मलामीहरू गोलाकारमा चारैतिर बस्दछन्। उनीहरूलाई पहिला चिया खुवाइन्छ। त्यसपछि केही खसी, सूँगुर काटेर मासुको तयारीमा लाग्दछन्। घरका आइमाईहरू र अरू घरमा आएका कुटम्बी आइमाईहरूले भात र मासु पकाउन थाल्दछन्। त्यसपछि खाने वेला हुन्छ। धिमालहरूको सहोदर भाइभतिजाहरू र सगोत्रीहरू यस भोजमा एकै पंक्तिमा खान बस्नुपर्छ। अरूहरू त्यसपछि चारैतिर उत्तर, पश्चिम, पूर्व र दक्षिण फर्केर गोलाकार रूपमा खान लस्करै बस्दछन्।

सबैको बीचमा चाहिं क्रिया बस्ने जेठो छोरो नभए क्रिया बस्ने व्यक्ति बस्दछ। उसको अगाडि एउटा काठको पिर्कामा बस्ने कपडा र तन्ना राखिन्छ। अगाडि एउटा मरेको मान्छेको नाममा नाङलोमा सात ठाउंमा भात, एउटा कुखुराको चल्ला सिंगै पकाएको राखिन्छ।

त्यसपछि अर्कै थर भएको धिमाल पुरेत आउंछ। पुरेतले कपालमा फेटा बाँधेको हुन्छ। उसले चारैतिर लस्करै गोलाकार भएर बसेका नातेदारतिर हेर्दै क्रिया बस्ने मान्छेलाई देखाएर भन्छ "मर्ने मानिस उसको आफ्नै कालगतिमा मर्‍यो सुन्यौ कि सुनेनौ।" (फलक ९ क)

त्यसको प्रत्युत्तरमा सबै बुढापाकासमेतले "हो हो सुन्यौं" भनेर एकै आवाजमा भन्दछन्। अनि पुरेतले क्रिया बस्नेलाई पुनः देखाउंदै भन्छ "यसले हिंडडुल गर्न माछा मासु खान, नसालु, पदार्थ खान, रक्सी, जाँड,खुर्सानी, नून, अदुवा खान हुन्छ कि हुंदैन ?

अरू सबैले एकै स्वरमा "हुन्छ, हुन्छ" भनेपछि पुरेत उठेर जान्छ। चिउरा बाँड्न थालिन्छ। यो बाँडिनुभन्दा अगाडि पुरेतले लाशलाई बोक्ने मान्छेको कुममा तेल लगाइदिन्छ र अरू लाश बोक्नेले पनि आफ्नू कुममा एक अर्कोले तेल लगाउन थाल्दछन्। पुरेतले चारैतिर फर्केर हातको ठूलो बटुकोमा रहेको छयाङ सिङ पिउन थाल्छ। त्यसपछि सबैले जाँड रक्सी, मासु चिउरा जमेर खान थाल्छन्। (फलक ९ ख)

# धिमालका विभिन्न थर

धिमाल समुदाय भर्खरै मात्र विकसित भएर उत्पत्ति भएको जाति होइन। यसको विकासको क्रमको लामो अवधि छ तापनि लिखित रूपमा वा वंशावलीमा सम्म पनि यस जातिको उत्पत्तिबारे कुनै प्रमाण पाइँदैन। यी प्राकृतिक आधारमा अविकसित शिकारी आदिवासी आजसम्म आफ्ना थरहरूलाई उपनामको रूपमा प्रयोग गरी आइरहेको पाइयो। यो जातिको नामबाट कुनै पनि थरको बारेमा ज्ञान मिल्दैन। अविकसित जाति जस्तै धिमालका थरहरू पनि कुनै पदार्थ, रूख, फल आदि जस्ता चाखलाग्दा कुराहरूमा आधारित छन्। धिमाल जातिको सर्वेक्षण एवं अनुसन्धान गर्दा प्राप्त भएका थरहरू र त्यसका अर्थ एवं उत्पत्तिको विषयको वर्णन तल दिइएको छ।

**थरहरू:—**

१. दोगे नुनियाँ धिमाल
२. दिन धिमाल
३. तेङमाली धिमाल
४. तेग्रे धिमाल
५. वाङमाली धिमाल
६. तालिपा धिमाल
७. हरदेया
८. राथुम धिमाल
९. कोचेले थारू धिमाल
१०. नुनिया धिमाल
११. लेम्बाङ धिमाल
१२. कस्यार धिमाल

**दोङगे नुनिया**

दोङगे एक धिमाल समूहको थर हो। दोङगे थर भएका धिमाल परिवारले मरेको व्यक्तिको लाशलाई अन्तिम संस्कार अर्थात् गाड्न लैजाँदा सिमलको बोट खोपेर त्यसबाट बाकस बनाएर त्यसभित्र तेल राख्दछन्। अनि त्यसभित्र मरेको मान्छेको लाश राख्दछन्। त्यसपछि च्याहानडाँडामा लगेर

---

पुनश्च: लेखकको अध्ययन समयमा लुतिया धिमाल तेङमाली थरको मृत्यु भएको थियो। उनी ६८ वर्षका थिए। अन्तेष्टि क्रियामा लेखकले आफ्नै अगाडि सानो अर्नाखाडीमा देखेको को आधारमा यो अंश लेखिएको हो।
—लेखक

गाड्दछन् । यसै मरेको व्यक्तिलाई सिमलको बाकसमा राखेर लैजाने विधिबाटनै दोङ्गे थरको उत्पत्ति भएको हो । यो व्यवस्था ज्यादै पुरानो व्यवस्था हो । आजभोलि दोंगे नुनिया थर भएका धिमाल थरले यस प्रकारको विधि अपनाउंदैनन् । आर्थिक कारणले गर्दा यो विधि लोप हुँदै नाश भएको हुन सक्छ ।

## दिन धिमाल

दिन धिमाल थर भएका समूहको विधि पनि दोङ्गे नुनियाँको जस्तै हुन्छ ।

## तेङमाली धिमाल

तेङ=खमारी रूख, माली=बोक्रा तेङमाली थर भएका धिमाल समूहको पनि मरेको लाशलाई गाड्ने चलन छ । यस समूहका मृतलाशलाई खमारी भन्ने रूखको बोक्रासंग गाडनुपर्ने चलन छ । खमारी रूखको बोक्रा मर्दाखेरि संगै गाड्नुपर्ने चलन भएकोले यस थरको नाम तेङमाली भएको हो । यस थरको उत्पत्तिसंग खमारू रूखको बोक्राको ठूलो महत्व छ । यसबाट यी आदिवासी थिए र यी जातिको खमारू रूखसंग आन्तरिक सम्बन्ध छ । यो थर भएकोले फर्सी रोप्दैनन् । फर्सी रोप्यो भने मरिन्छ भन्ने सम्मको पनि विश्वास छ ।

## तेग्रे धिमाल

तेग्रे धिमाल जातिको एक प्रमुख थरमध्ये एक हो । यस थर भएका परिवारका सदस्यलाई मरेपछि जलाउनै पर्दछ । धिमाल जातिमा जलाउने र गाड्ने प्रवृत्ति भएको यस मान्यताको संस्कारबाट यस जातिको आफ्नो परम्परागत रीतिस्थिति कमजोर भएको देखिन्छ । तेग्रे थर भएकालाई दाउराको अभाव र अरू कुनै आर्थिक कारणले गर्दा जलाउनुको सट्टा च्याहानमा गाड्नुपर्‍यो भने शरीरको अरू भाग नजलाए पनि आँखीभौ तथा परेला जलाउनैपर्छ । यस प्रकारको चलन अद्यावधिनै चलिरहेको छ ।

## वाङमाली धिमाल

धिमाल जातिको एउटा थर वाङमाली भए पनि यसको खास बेग्लै उत्पत्ति र चलन छैन । यो थर भएकाहरूको अन्त्यष्टि संस्कार दोङ्गे नुनियाकोझैं अपनाइन्छ ।

## तालिमा धिमाल

तालि=चन्द्रमा, पा=मेट्ने ।

यो थर भएकाहरुलाई स्वर्ग जाँदा मरेपछि रूखमाथि रूख अर्थात् चितामाथि चिता खाप्दै चौध चोटि खाप लगाउंदै जलाउनुपर्छ । तर बीचमा सर्वप्रथम गर्नेले उक्त रूख वा चितालाई काटिदिई भत्काइदिएकोले भताभुङ्ग भै लडेको रहेछ । त्यसै वेलादेखिन् तालिपा भन्ने थरको जन्म भयो । अनि त्यसैवेलादेखि यस्तो थर हुनेले चन्द्रमामा आश हुंदै पुग्न नसकेकोले टोपी लगाउन थालेको हो । यस थरको उत्पत्तिबारे चन्द्रमासंग सम्बन्ध भएको छ । तसर्थ यो थर भएका धिमालले चन्द्रमालाई पुज्दै आएका छन् ।

## हरदेया धिमाल

हरदेया थर भएका धिमाल परिवार धेरै संख्यामा देखिएनन् तापनि यसको महत्वलाई पंछ्याउन भने सकिंदैन । प्रत्येक थरको आफ्नो विशेषता र महत्व हुन्छ ।

यो थर भएको मुख्य कारण मरेको मान्छे लैजाने र गाड्ने अथवा सिंगार्ने कुरासंग सम्बन्ध छ । हरदेया थर भएकाले लाशलाई बेसारले दलेर अर्थात् सिंगारेर गाड्ने गर्दछन् । त्यसैले यो थर भएका धिमालले एक वर्ष पुरानो नभएसम्म बेसार खांदैनन् । यस थरको सम्बन्ध बेसारसंग भएकोले बेसारलाई यी थर हुनेले आन्तरिकताको दृष्टिले विचार गर्दछन् ।

## कोचेले थारू धिमाल

धिमालहरूमा यस थरको आवागमन थारू जातिबाट भएको हो । थारू कोचेरे थर भएको पुरुषले धिमाल आइमाई लाई विवाह गरेपछि यस थरको उत्पत्ति भएको हुनुपर्छ । स्त्री विवाह गरेर कसरी धिमाल हुन सक्यो ? कसरी कोचेरे थर हुन गयो ? जबकि धिमाल एक मातृप्रधान जातिको होइन । यस संदेहको निकरण गर्न लाग्दा मलाई लाग्छ थारू पुरुषले धिमाल स्त्रीलाई विवाह गर्दा उसको समाजबाट उसलाई अलग्याइएको हुनुपर्छ । जसको कारणले गर्दा उसलाई धिमाल गाउंमा धेरै दिनदेखिनै स्थायीरूपले बस्न परेको होस् । अथवा कुनै थारूसंग धिमाल केटीको प्रेमविवाह भयो र केटीपक्षका परिवार धनी भएर त्यस व्यक्तिलाई घरज्वाइँ राखे । त्यसपछि उक्त जोडीबाट जन्मेका सन्तानलाई कोचेले थारू भनी धिमाल समूहमानै मान्यता दिई ल्याइएको होस् ।

अनि धेरै वंश धिमाल समाजमानै रही आएकोले कोचेरे थारू पनि धिमाल थरकै रूपमा विकसित हुंदै गयो ।

१०. **नुनियाः**– यस थरको बारेमा विस्तृत कुरा थाहा हुन सकेन ।

यो थर भएका धिमालहरू पनि यताउति निक्कै छरिएर बसेका छन्

११. **लेम्बाङः**– यस थरको विषयमा पनि पूर्ण जानकारी हुन पाएन ।

१२. **कस्यारः**– यो पनि धिमाल समूहको एक थर हो ।

## गहनाहरू

मानिसले पृथ्वीतलमा पदार्पण गरेपछि धेरै कुराको आविष्कारको साथै उसले राम्रो हुन र आफूलाई विभिन्न रूपबाट सिंगार्न गहनाको पनि आविष्कार गऱ्यो ।

धिमाल परिवारका प्रत्येक आइमाई गहनाका प्रेमी हुन्छन् । गहना उनीहरूको अलंकार हो । पाँच छः वर्षको उमेरदेखिनै नाकमा नाकमुन्दी (फूली) लगाउंछन् । नाकमुन्दी प्रायः चाँदीको हुन्छ । उनीहरूले लगाउने अरू गहनाहरूको नाम यस प्रकारका छन्ः–

हातमा लगाउने ..........थुक्का (धिमाल भाषा)
कानमा लगाउने ...........दादोई ( ,, )
गलामा लगाउने ........... हसुली ( ,, )
रातो माला ..............तिसैं ( ,, )
कानमा लगाउने अर्को गहना.....कनेला ( ,, )
चवन्नीको माला.............हारी ( ,, )

हारी लगाउने चलन त्यही क्षेत्रको आसपासमा रहने राजवंशी थारूबाट यी जातिले सिकेका हुन् ।

गलामा लगाउने............गठेमाला
गलामा लगाउने ............सिक्री

आजभोलि सुनको गहना लगाउने चलन पनि बढिरहेछ (फलक १० क, ख, ११ क) ।

## संगीत र गीत

आदिवासीको विकास क्रममा धिमाल भाषामा भएका लोकगीत, लोककथा, गीत र संगीतले सम्पूर्ण रूपले विकासको मार्ग अपनाउन सकेन ।

विस्तारै विस्तारै भाषाको लोपको साथसाथै गीत र लोकगीतको लोप हुनु स्वाभाविकै थियो । यिनीहरू अशिक्षित भएकोले उनीहरूको गीत, लोकगीत र लोक-कथाको कुनै रूपमा पनि संरक्षण भएको छैन ।

उनीहरूका बाजाहरू ढोल, सारंगी, उडनी र घुमला हुन् (फलक ११ ख) । दिनपर दिन लोकगीत र भाषाको लोप भैरहेकोले यी बाजाहरूको पनि विस्तार भएको देखिदैंन । बाजाहरू केही बचेका छैनन् ।

नगरीकरणको विकासक्रमले गर्दा सबै परम्परागत लोककथा र संगीतको संरक्षणको महत्व बुझ्ने वेलासम्म यी कुराहरूको प्रायः लोप भैसक्ने संभावना छ । यस लेखकको अध्ययनको सिलसिलामा एक मात्र गीत भाइयो जुन नमूनाको रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

**धिमाल भाषामा**

**केटा**–चिम्सेको भारसना मेसेको ख्याल
वैशाकाइसे जनाउ
लोकन्दको भार सिमलको फूल
**केटा**–रेम्पले आनोई खोज्वा आना
रेम्पालोली मागेनु घारपि घेताना
**केटी**–दिदीका वोना वोतेंछा दाईको घाता यौन्याङ्क
दोहेको घाता योङ्तेङ्सा माएको धाता नोप्याङ्क

**नेपाली भाषामा अनुवाद**

**केटा**–तिम्रो छातीहरूको फक्रंदो जवानी बढिरहे जस्तै
सिमलको फूल पनि उडिरहेछ । बैंशलाई खेर नफाल,
पछिसिमलको फूललाई जस्तो हुनेछ ।

**केटा**–राम्ररी हिंड नानी (बहिनी वा साली),
ठक्कर लाग्ला । राम्रो गरी आउन नजाने चोट–
पटक लाग्ला ।
**केटी**–राम्रो पेटाने लगाएर दईकोमा आउंला, वरण्डामा
भेट्न आउंला । माथिल्लो घरबाट आएर तपाईंलाई
हेर्छुनी ।

## धामीझांक्री र भूतप्रेतमा विश्वास

धिमाल समुदाय अनन्तकालदेखिनै पिछडिएका निवासी थिए । बाहिरी संसारदेखि अपरिचित यिनीहरू तराईमा बसोबासग्रगाडिदेखिनै एक ठाउँमा स्थिर भएर नबसे पनि एक ठाउंबाट अर्को ठाउँमा सर्दै बसोबास गर्दै आएका थिए । त्यसको अतिरिक्त तराईका घना जंगलको वरिपरि बस्नुपर्ने भएकोले यिनीहरू बडो दुःखित अवस्थामा बसोबास गर्दथे । यिनीहरूसंग धेरै विद्वताको साथै सुविधा पनि थिएन । मलेरियाले उग्र रूप लिई राखेको त्यस वेलाको मधेसको भेगमा यिनीहरू शिकारबाट प्राप्त मासु एवं चिरौंतो र गोहोरो खाएर जिविकोपार्जन गर्दथे । कालक्रमको गतिले गर्दा यिनीहरूको विकासको क्रमलाई धेरैनै रोग व्याधि र प्राकृतिक प्रकोपले निक्कै वाधा दियो होला । यिनीहरूलाई प्रायः निर्दयी तथा निर्भय वातावरणमा आफ्नो जीवन यापन गर्नुपऱ्यो होला र यिनै कारणले गर्दा आफनो वंशको अस्तित्वको लागि धर्म र धामीझांक्री जस्ता कुरामा विश्वास हुंदै गयो । यसरी जीवनलाई आधार दिने संस्कार, धर्म, आत्मा माथिको विश्वास, धामीझांक्री र भूतप्रेतको बचाउको लागि गर्नुपर्ने पूजाले ठूलो स्थान अंगाल्दै गयो ।

रोग एउटा महान् समस्या हुन आउँछ कुनै पनि जातिका परिवारहरूलाई । अतः प्रत्येक जातिले यस्तो रोगको निराकरणको लागि बेग्लाबेग्लै अस्तित्व भएको उपचारका निकायहरू बनाएका हुन्छन् । त्यस्तै निकायहरू धिमाल जातिमा पनि प्रचुरमात्रामा भएको देखिन्छ । धिमालहरू रूढीवादीले ग्रस्त छन् । अंधविश्वासले व्याप्त परम्परा भएकोले उनीहरूमा धामीझांक्री, टुना मन्त्र र भूतप्रेतलाई पूजाआजा गरेर निको हुन्छ भन्ने दृढ विश्वास छ । यिनीहरूमध्ये केहीमा यसको आस्था शिथिल हुंदै आए तापनि यो विधि अपनाएर आफ्नो मनको द्वन्द र शान्ति कायम गरेको पाइन्छ । यिनीहरूमा रोगलाई दैवी शक्तिले निको तुल्याउँछ भन्ने अटूट आस्था अद्यावधि पनि छ । यसरी धामीझांक्री वास्तवमा न त कविराज हो नत्र डाक्टर । तैपनि यिनीहरूलाई यी धिमालहरूले डाक्टरकै रूपमा मान्दै आएका छन् ।

पुराना विचारधारामा ग्रस्त यी धिमाललाई बोक्सी देखि ठूलो डर हुन्छ । उनीहरूलाई लाग्छ–यी बोक्साबोक्सीहरूले उनीहरूको परिवारमा र समाजमा ठूलो उत्पात ल्याउन सक्छन् । यसैकारणले गर्दा बोक्सी लाग्यो भनेर भाकल उठाउने, कुखुरी चढाउने र फुकफाक गर्ने चलन गर्दै आएका छन् । यसो गर्न हुंदैन, यस्तो कुरा खान हुंदैन, यस्तो गऱ्यो भने खराब हुन्छ भन्ने परम्परालाई पनि यी जातिले लामो कालदेखि मान्दै आएका छन् । उनीहरूले यस्ता कुरा गर्नबाट बंचित रहनुपर्छ नत्रभने दैवी शक्तिले उनीहरूमा आंखा गाड्छन् भन्ने विश्वास लिइआएका छन् । धिमालहरूले जन्त जांदा सर्प वा केही जानवरले बाटो काट्यो भने त्यो केटोसँगको विवाहलाई अयोग्य तथा अलच्छिन ठह्ऱ्याउँछन् । यस्तो हुनु उनीहरूको निमित्त अपशकुन हो ।

धिमाल समुह कुनै पनि सदस्यलाई यो विश्वास हुन्छ– उनीहरूमध्ये कसैलाई यदि कुनै किसिमको रोग लाग्यो भने कुनै न कुनै भूतप्रेत वा बोक्सी लागेको छ । यसरी रोगीको भित्र भूत, पिशाच र बोक्सीले टुना गरेर हरेक प्रकारको खरावी उसको शरीरभित्र पारेको हुन्छ । त्यसैले गाउँमा मन्त्रद्वारा फुकफाक गर्नेलाई बोलाइन्छ र रोगीलाइ निको गराउनको लागि मन्त्र पढिन्छ र भाकल गरिन्छ ।

धिमाल धामी वा झांक्रीले भन्ने मन्त्र र त्यसको अर्थ यस प्रकारको छ ।।

**धिमाल भाषामा**

अकाल पर्ने । वामती नाएता लरी हाँ हाँ बसूला महादेवको सतै कठा ।।

**नेपाली भाषामा अनुवाद**

ॐ पूर्वको देउता काली । काली तिमी आऊ हो हो जाऊ, खाऊ महादेवको कथा ।।

अरू वेलामा धामीले उनीहरूको रक्षा गर्ने देवीलाई "ओझा आमा (बूढी आमा) भन्दै सानो नानी अथवा केटाकेटीलाई निको पारिदेऊ तिमीलाई मनाउंछौं, खुशी तुल्याउछौं" भनेर भन्छन् ।

## धामी बस्दा र कुखुरा भाकल गरेर चढाउंदा गर्नु पर्ने तयारी एवं विधि

सबभन्दा पहिला भूँईलाई माटो र पानीले लिपिन्छ । त्यसपछि लिपेको ठाउँमा सिन्दूरको सात थोप्लो रंग राखिन्छ र

धामी बस्दाको खेरिको फोटो २

त्यसमाथि चामल (अक्षता) बेराङ, बूढी बजैलाई एक बोतल रक्सी राखिन्छ। त्यसमा चाहिने कुराहरू सिन्दूर, केराको पात, चामल, आगो, अङ्खोरा, खुकुरी र पोथी कुखुरी हुन्। यी सबै तयारी भएपछि धामीले मन्त्र पढ्दै रक्सी र पानीले कुखुराको टाउकोलाई मन्छाउंछ र काट्छ। त्यस कुखुराको रगतले केराको पातको वरिपरि घुमाइन्छ। उक्त कुखुराको टाउको बैराँकलाई दिनुपर्छ। यति गरेपछि रोगीलाई निको हुने विश्वास छ। (फलक १२ क)

धिमाल समूहका कुनै पनि पुरुष वा आइमाईले बांस रोप्दैनन्। बांस रोप्ने मान्छे मर्ने भएकोले नरोप्ने गरेको हो। धिमालको तेङमाली थर भएका परिवारमा कसैलाई खटिरा आयोभने धामीले भाक्कल उठाउंछ, बोका चढाउंछ र खटिरा निको हुन्छ। तेङमाली थर भएको कुनैले पनि काँचो फल खान हुंदैन।

## सामूहिक पूजाआजा र ढङढङे मेला

सबै धिमाल समुदायको आफ्नो कुलदेवतामा औधीनै आस्था एवं विश्वास हुन्छ। ढङढङे मेला वैशाख जेठ महीनातिर जातिका सबै समूहहरू—गरीब, धनी, लोग्नेमान्छे, स्वास्नी-मान्छे र केटाकेटीहरूले कुनै पनि भेदभाव नगरीकन सामूहिक रूपमा यस उत्सवलाई मनाएको कारण पनि यही हो। सामूहिक पूजाआजा आफ्ना आफ्ना जातिमा मनाइने चलन छ। सबै समूहको वर्गले समन्वयात्मक ढंगले दिल खोलेर यो ढङढङे मेला मनाउंछन्। यसको अतिरिक्त प्रत्येक परिवार र सगोत्री-आफ्नो आफ्नो घरमा देवता अथवा कुलदेवतालाई भक्तिपूर्वक पूजा गर्दछन्। यी समुदाय साधारण छन्। आधुनिक यान्त्रिक सभ्यताले यिनीहरूलाई अझै छोइसकेको छैन। उनीहरूको सामाजिक मान्यता, सामाजिक शिष्टाचार र संस्कार जस्ताका त्यस्तै छन्। उनीहरू मान्यजन र आफूभन्दा ठूलालाई आदरपूर्वक मान्दछन्। उनीहरूले दैवी शक्ति (Supernatural Power) लाई विश्वास गर्दछन्। सबैजसो धार्मिक पूजाआजा यिनै शक्तिलाई खुशी तुल्याएर आफ्नो समूहको रक्षाको लागिनै गरिन्छ। यिनीहरूको पूजाआजाको कारणलेनै राम्रो खेतीपाती भएको, शान्ति भएको र सारा समूहलाईनै रोगव्याधि र प्राकृतिक प्रकोपबाट बचाएको हो भन्ने विश्वास गर्छन्।

ढङढङे मेला जम्मा दुइ दिनसम्म हुन्छ। वैशाख जेठमा मनाइने यस सामूहिक मेला तथा उत्सवको तयारी धेरै दिनअघिबाटै प्रारम्भ हुन्छ। सबैजसो परिवारका सदस्यहरूले यसलाई बडो आनन्द र उल्लासपूर्वक मान्दछन्। तराई जस्तो गर्मी हुने भेगमा मनाइने यस ढङढङे मेला उनीहरूले यसरी धूमधामसंग मनाएको देख्दा यिनीहरूको दैवी शक्ति र भूतप्रेत, पितृ आदिमा गहिरो विश्वास भएको प्रमाणित गर्दछ। यस पर्वलाई यिनीहरूले उभौलीको रूपमा मनाएको हुनुपर्छ। यो मनाउनुपर्ने महत्व कृषिको लागि प्रारम्भिक तयारी हो। यस मेलामा सुंगुर, हाँस र कुखुराको बलि दिइन्छ। प्रत्येक परिवारले यसरी तयारी गरी गरेको खानपिन गर्न सबै परिवारका एक एक जना प्रत्येक घरका जानुपर्दछ। मेला दमकनिर पर्ने खरखरे चउरमा र घरमा बारघरेको पोखरीनेर हुन्छ। जाँड, रक्सी र मासुले लट्ठ हुंदै ढोल, घुमला र उडनी बजाउंदै यस मेलालाई सबैले मनोरञ्जनपूर्वक मनाउंछन्।

यो पर्व तथा उत्सव खेतीपाती राम्रो होस्, पितृहरूलाई शान्ति होस्, भूतप्रेत शान्त हुन् र खेती अर्थात् बाली असल होस् भनेर मनाइएको हो। यस मेलाको उत्पत्ति यी समूहले आफूलाई कृषिमा निर्भर गरेदेखिनै प्रारम्भ भएको हुनुपर्छ।

ढङढङे मेलाको उद्देश्य बालीनाली राम्रो होस्, पितृ खुसी हुन् भनेर गरेको भए तापनि यसको व्ययबाट उत्पन्न भएको आर्थिक दवावको तथ्यलाई पनि बिर्सन सकिंदैन।

सामाजिक मान्यता र अन्धविश्वासको संस्कारमा जीवन व्यतीत गरिरहेका यी धिमालहरू यस मेलाको परम्परालाई अक्षुण्ण राखी आएकोले आफ्नो परम्परालाई कायम गरेका छन्। ढङढङे मेलाले जातिको धार्मिक आस्थालाई बढाउने काम गरेको छ। मेलामा हुने भेटघाट र परिवार परिवारकहाँ गएर खानपिन, बसउठ गर्नु पर्नेभएकोले यिनीहरूलाई एकै सूत्रमा बाँधिराखेको छ। झगडा, मुद्दा पर्दाखेरि भएको वैमन्यस्यता त्यस मेलामा कम हुन्छ। धिमालहरू आफूआफूमा झगडा गरे भने भोलिपल्ट एक बोतल रक्सी र एक रुपियाँ जुन दोषी छ उसले निर्दोषीलाई दिनुपर्छ। त्यति गरेपछि उनीहरूको मेलमिलाप हुन्छ।

यस मेलाको हानि तथा बेफाइदातिरको पक्षलाई हेर्दा व्यर्थमा परिश्रम, व्यर्थमा व्यय र अन्न तथा रक्सी जाँडको दुरुपयोग, अनि त्यसबाट हुने रोगव्याधीको उत्पत्ति अकारण क्षतिको तथ्यलाई पनि बिर्सन सकिन्न।

### देवीदेवता एवं शक्तिको उपासना

धिमाल गाउंको वस्तुस्थितिको अध्ययनमा त्यहाँ कुनै पनि देवीदेवताको मन्दिर देखिएन। हिन्दूहरूले झैं मन्दिरमा गएर पूजाआजा र दर्शन गर्ने चलन यिनीहरूको छैन। दमक बजारनिर एक पशुपतिनाथको मन्दिर २०२५ सालमा क. सन्तवीर लामाले स्थापना गरेको देखियो। तर त्यस मन्दिरमा कुनै पनि धिमाल परिवारको सदस्य दर्शन गर्न पसेको भने पाइएन।

धिमालहरू मूर्तिपूजामा विश्वास राख्दैनन्। उनीहरू शक्तिको उपासना गर्दछन्। गाउंको कुनै खाली चउरमा एउटा दुइवटादेखि चारवटासम्म सानो च्याप्टो स्थान बनेको हुन्छ। तीनवटा लामो काठ त्रिकोण रूपमा ठडयाएर माथि छानो परालले छाइएको हुन्छ। (फलक १२ ख) त्यस ठाउंमा उनीहरूको ढङढङे मेलाको उत्सवदेखि लिएर दैविक शक्तिलाई पूजाआजा गर्ने क्रिया हुन्छ। धिमालले मन्दिरमा गएर मूर्तिपूजा गर्दैनन्। माटाको रूपमा बनाएको हात्तीघोडा आदिको आकृतिलाई पुज्ने गर्दछन्।

कुनै विरामी परे वा गाईवस्तुहरूलाई केही लाग्यो भने उनीहरूले भाकल चढाई सुंगुर, कुखुरा, रक्सी र जांडको भोग चढाएर निको पार्ने गर्दछन्। यस्ता शक्तिलाई उनीहरूले देवीदेवता हुन् भनी आएका छन्।

### पितृभक्ति र संस्मरण

एउटा परिवारमा जन्म लिएर मरेको सदस्यलाई त्यस परिवारको कुनै पनि सदस्यले, मर्‍यो भनेर सजिलैसंग अलग्याउन सक्दैनन्। मरेपछि पनि उ परिवारको अभिन्न सदस्य बनिरहन्छ। उसको आफ्नो वंशसंग अस्तित्व भइरहन्छ र उनीहरूको मृतदेहबाट परिस्कृत आत्माले उसलाई पछ्याइएको हुन्छ। मरिसकेपछि मर्नेचाहिं व्यक्ति त्यस परिवारको पितृको रूपमा रहन्छ। धिमाल परिवारमा यस्ता पितृलाई समय समयमा पुज्ने गर्दछन्। ब्राह्मण अथवा क्षेत्री आदिको जातमा जस्तो हिन्दू विधिअनुसार पिण्ड दिंदैनन्। तापनि त्यस उत्सवलाई श्राद्ध भन्दछन्। यस्ता पितृलाई उनीहरूले न्वागी खाने वेलामा ढङ्ढङे मेला जस्तो उनीहरूको महत्वपूर्ण उत्सवमा पनि बलि दिइकन श्राद्धको विधि पूर्ण गर्दछन्। यस पक्षमा पनि यिनीहरूको अरू सम्पूर्ण हिन्दू जातिसंग तुलनात्मक अनुसन्धान गर्दा ब्राह्मण जातिले गरेझैं पितृलाई बिना बलिदान अर्थात् रगतको बलिदान विना श्राद्ध गर्दैनन्। त्यसैले धिमालहरू निश्चय पनि आदिवासी वा आजभोलि एक जातिको रूपमा समूह भएर विकसित भएको हुनुपर्छ भन्ने मलाई लाग्छ।

मरिसकेको व्यक्तिको अर्को रूप भूतप्रेतमा पनि परिणत हुन्छ। जीवनमा दया, धर्म, दान र अरूको भलो गर्ने मान्छे स्वर्गमा जान्छन् र यस्ता व्यक्तिको आत्मालाई राम्ररी रचनात्मक रूपमा समूहको हेरचाह गर्ने आत्मा भएकोले पितृ मान्दछन्। अर्कोतिर जीवनकालमा पाप र अर्काको कुभलो गर्ने मान्छे भएमा भूतप्रेत भएर पृथ्वीमा नै रहन्छ। यसै पृथ्वीमा रहेका प्रेतहरू, परिवार-परिवारमा र गाउंगाउँमा खराबी गर्दै हिड्दछन्। यस्ता आत्मालाई यी निवासीहरूले कहिलेकाहीं बोक्सो, भूतप्रेत भनिआएका छन्। यसरी सम्पूर्ण परिवार एवं सम्प्रदायकै भलाइको लागि राम्रो हुने कार्य भएकाले ती स्वर्गमा रहेका पितृलाई पूजाआजा भक्तिपूर्वक श्राद्धका रूपमा मान्ने चलन आएको हो।

धिमालहरूको पुर्ख्यौली बूढा सुब्बा अथवा पिण्डेश्वर महादेव हुन् भनेर नरबहादुर धिमालले मेरो सोधनी क्रममा उत्तर दिएका थिए। उनको भनाइअनुसार उनीहरूको पुर्ख्यौली देवता लिम्बूहरूको झैं बूढा सुब्बा अथवा पिण्डेश्वर महादेवनै हुन्। केवल दुइ भाइबाट एक भाइ अलगिएर धिमाललाई तराईनिवासीको संमिश्रण र भौगोलिक कारणले गर्दा पूजा र भूतप्रेत मान्ने संस्कारमा परिणत भएका हुन्। नत्रभने लिम्बू र धिमालको कुलदेवता एउटै हुन्। यस आधारमा बूढा सुब्बा वा पिण्डेश्वर महादेवप्रति विश्वास बढी महत्वपूर्णको भएको छ। पिण्डेश्वर तथा बूढा सुब्बाको स्थान वराहक्षेत्रमा पर्दछ।

## धिमाल समुदायको संस्कृतिको लोप हुने संभावना

धिमाल जातिको विखण्डन हुने समयको प्रारम्भ भैसकेको छ। नगरीकरणको कारण राजमार्ग र बाटोघाटोको सुविधाले गर्दा माथि पहाडतिरबाट विभिन्न इथ्निक समूहहरूको दिन प्रतिदिनको आवागमनले गर्दा र मलेरियाको समाप्तिले गर्दा तराई भाग जत्ति असंख्य परिवारहरूको भीडले भरिइ-सकेको छ। सात, आठ अथवा दस वर्षउताका जंगलहरू सबै आवादी भइसकेका छन्। माथि पर्वतीय जिल्लाहरूबाट विस्थापित अथवा तल बसाइँ सर्ने गरी आउनेहरूको रफ्तारले

गर्दा धिमालहरूको अस्तित्व शनैः शनैः नगण्य हुंदै गइरहेको छ। माथिबाट झरेका विभिन्न समूहहरूसंग संमिश्रित भएर रहनुपर्ने हुंदा र आफ्नो जनसंख्या अल्प भएकोले तथा धिमाल-हरूले आफ्नो संस्कृति र सामाजिक परम्परालाई एवं रीति रिवाजमा बढी कडा र जडता नदेखाएकोले उनीहरूको आफ्नो पनको लोप हुने स्वतःसिद्ध देखिन्छ। धिमाल समूह आधुनीकरणको क्रमलाई अंगाल्न लागिसकेका छन्। नयाँ नयाँ राजमार्गको उद्बोधनले नयाँ नयाँ जाति, मान्छेहरूसंग उनीहरूको भेटघाट र संमिश्रिण भइरहेको छ।

पुरुष वर्गमा आधुनीकरणको प्रभाव बढी छ।आइमाईहरूमा अझै आफ्नो प्रकारको कपाल कोर्ने, आफ्नै प्रकारको पेटाने लगाउने चलन छ। आइमाईहरू धेरै सोझा र लज्जालु हुन्छन्। उनीहरू नयाँ मानिससंग कुरा गर्न लाज मान्दछन्। पुरानो भैसकेपछि पनि आफ्नुभन्दा अर्को जातिसंग धेरै कुरा गर्दैनन्।

आफ्नो परम्पराअनुसार र पाहुनाहरूको स्वागतसत्कार, चुरोट बनाएर दिनु, रक्सी दिएर सम्मान गर्नु यिनीहरूको सामाजिक नियम भइसकेको छ।

आगामी दशकको अन्ततिर यदि माथि पहाडतिरबाट तल बसाईं सर्ने क्रम अझ बढ्ने संभावना देखिन्छ। त्यसकारणले यो क्रम बढिनैरह्यो भने धिमालको चालचलन रीतिस्थिति पनि एकदम शून्य हुन जाने अनुमान गर्न सकिन्छ।

साँस्कृतिक घुलमिल र संम्मिश्रणता माथिबाट झरेका समूहले गर्दा प्रबल छ र यी समुदायको आफ्नो पन यसरी समाप्त हुंदैछ –

१) आइमाईको बाहेक, लोग्नेमान्छेको वेशभूषामा परिवर्तन हुनु।

२) उनीहरूको आफ्नै पाराको विवाह र उत्सवको क्रम छुट्दै जानु।

३) उनीहरूको आधुनीकरणतर्फ हाम्फाल्ने बानी बस्नु।

४) अरू समूहहरूको रहन सहनको संसर्ग र प्रभावमा परेर देखासिकी गर्नु।

५) शिक्षाको प्रभावले चेतनशील बनाई परिवर्तन गराउनु।

६) आर्थिक अवस्थाले गर्दा सजिलो तरीका अपनाउंदै व्यवहार चलाउने अभ्यास बढ्दै जानु।

७) यातायातको सुविधाले गर्दा र विभिन्न जातिहरूको संमिश्रणले गर्दा आफ्नो कर्मकाण्ड, अनुष्ठान, उत्सव र धामीझाँक्री आदिको विश्वास कम हुंदै जानु।

यस्तो नयाँ साँस्कृतिक परम्पराको अवतरण भएको नयाँ सामाजिक वातावरणमा हावापानी, बाटोघाटो, उद्योगी-करण र शिक्षाको प्रभावले गर्दा तथा आफ्नो समूहको संख्या अल्प र उंभोतिरबाट तल झरेका जातिहरूको बढी संख्याको दबाउ र भीडले गर्दा धिमालहरूको सबै मान्यताको प्रायः लोप हुन सक्ने संभावना मात्र बढी देखिन्छ।

## धिमाल जातिको वर्तमान अवस्था

सम्पूर्ण अधिराज्यकै विभिन्न इथनिक समूह हरू जस्तै धिमाल, थारु, दनुवार, सुनुवार मेचे, कोचे, क्षेत्री, बाहुन, राजवंशी, मगर, गुरुङ, शेर्पा, लेप्चा, तामाङ, नेवार, लिम्बू इत्यादि आजभोलि नगरीकरण र बढ्दो सामाजिक मान्यता र निकायहरूका सजगताले गर्दा, बाटाघाटा एवं राजनैतिक, एवं आर्थिक कारणले गर्दा एउटा संक्रमण कालमा छन् भने पनि हुन्छ।

प्रत्येक जाति अर्थात् विभिन्न इथनिक समूहहरूको झुण्डका प्रतिक्रियाहरू जनसंख्या बढ्ने वा घट्ने उपकरणले गर्दा एकैनासका छैनन्। पूर्वतिरका लिम्बूहरू तराई प्रदेशका थारुहरू, अरू ससाना उपजातिहरू र राजवंशी जस्ता प्रशस्त संख्यामा भएका समूहरू, मगर र तामाङ जस्ता इथनिक समूहहरू राष्ट्रका विकासका गतिअनुसार उग्ररूपमा बढि नै रहेका छन्। फेरि धिमाल, माझी, मेचे, कोचे जस्ता पूर्वी नेपालका बासिन्दाहरू शनैः शनैः बिलुप्त भइरहेका पनि छन्।

जीवनसम्बन्धी मनोवैज्ञानिक असर र विचारधाराको श्रोतको ढिलाइले गर्दा नै जनसंख्याको वृद्धि कम भएको जस्तो मलाई लाग्छ। जुनसुकै जातिको संख्यामा कमी भइरहेका कारणहरू रोग, अस्वस्थ वातावरण, अपर्याप्त भोजन र शरीरको अस्वस्थताको कारणबाट उब्जेका मासिक विकार तथा मनोवैज्ञानिक असरहरू पनि हुन्। यसमा कुनै शंका गर्ने बाटै देखिंदैन।

विभिन्न जातिहरू पहाडबाट तराईतिर बसोबास गर्न झरिरहेका छन्। सिक्किम, आसाम, बंगाल जस्ता भारतीय प्रदेशबाट हाम्रा नेपालीहरूलाई धेरै धेरै आर्थिक, सामाजिक

तथा राजनैतिक कारणहरूले गर्दा बसाइं फर्कनुपर्दछ। यसबाट यहाँका पुराना बासिन्दाहरू सानो संख्याका धिमालहरू साँस्कृतिक आन्दोलनको संघर्षमा र भर्खर खुलेको महेन्द्र राजमार्गले दिइरहेको सामाजिक तथा आर्थिक विकासले गर्दा बडो द्विविधामा परिरहेका छन् । त्यसकारण जससंग पनि घुलमिल सजिलैसंग गरिरहेका छन् । तर पहाडबाट झरेकाहरूको संख्या अधिक भएको र धिमालहरूको संख्या ज्यादै कम भएकोले उनीहरू सानो रूपमा देखिन आएका छन्। यिनीहरू प्रगतिको रफ्तारबाट टाढा हुन पनि सक्दैनन् । समाजको गतिमा यिनीहरू भए मात्र संस्कृति र परम्परा रहने हो। मुलुकी ऐन, भूमिसुधार र गाउं फर्क राष्ट्रिय अभियान, मोहियानी हक जस्ता क्रान्तिकारी कदमले गर्दा सुषुप्त भएर रहेको उनीहरूको आर्थिक तथा सामाजिक जीवनमा निकै हलचल आएको छ। त्यति मात्र होइन बसाईं सरेर आएका अथवा पहाडबाट झरेका अरू मानिसहरूसँग बस्नुपर्दा र उनीहरूले आवाद गरिरहेका जग्गा बांडेर खानुपर्दा उनीहरूको आर्थिक जीवनमा परिवर्तन आउनु स्वाभाविक हो । यसरी उनीहरू आवश्यकताअनुसार खर्च गर्न र व्यवहार चलाउन, साहू-महाजनसंग ऋण लिनसम्म पनि वाध्य हुनुपर्दछ ।

अहिले अरू जातिहरूसंग सम्पर्क भएकोले तथा आर्थिक समस्यामा केही हद मात्रामा बढी पैसा खर्च गरेर बेफ्वाँकमा डुलेर तथा परिश्रम खेर फालेर आर्थिक विषमता आफैंमा पनि ल्याएका छन् ।

यसकारणले गर्दा श्री ५ को सरकारले पुनर्वासको काममा निक्कै क्षमतापूर्वक योजना अपनाएर यी जातिको संस्कृतिको र जनजीवनको संरक्षण गर्नुपर्ने अत्यावश्यक देखिन्छ ।

आफ्नो वर्गभन्दा बढी भएकाले भाषामा पनि उनीहरूको परिवर्तन भइरहेछ । उनीहरूले आफ्नो भाषा बिर्सदै गएका छन् र नेपाली सिक्दैछन्। शहरिया वातावरणले गर्दा उनीहरूको लवाइखवाइमा पनि परिवर्तन भइरहेछ ।

धिमाल आइमाईहरू र केटीहरूले ४।५ हाते आफैंले तयार गरेको पेटाने लगाउंथे। तर बढ्दो नगरीकरण र शहरिया हावाले गर्दा उनीहरूलाई लाज लागेर आउन थालेको छ । उनीहरूले अब अरूले जस्तै ओढ्ने र साडी लाउने गर्न थालिसकेका छन् । यस्तो किसिमको सांस्कृतिक ह्रास हामीले अनुभव गरेर आएका छौं ।

**कसरी वेशमा परिवर्तन आउँदैछ**

अन्य जातिहरूको आवागमनको क्रम बढिरहेकोले धिमालहरूको भाषा आफ्नो घरव्यवहारमा भन्दा अन्यत्र बोलिन कम भइरहेछ । राजमार्गको भव्य तयारीको साथै यसले चारैतिरबाट आउने यात्रुहरूको सामु अधिक नजीकै पुऱ्याएको छ । यी मानिसहरूसंग उनीहरूले परिचय पाउंछन् र कुरा गर्दा आफ्नो भाषामा बोल्न पाउंदैनन् । यसरी भाषा बोल्ने समय सीमित भएर आइरहेको वातावरणमा फलतः परम्परागत आइरहेका भाषाका चिह्नहरू क्रमशः मर्दै गइरहने संभावना हुन्छ र यिनीहरूमा भइ पनि रहेछ । जसले यिनीहरूलाई केवल आफ्नो वंशपरम्परागतदेखि चलिआएको रीतिस्थिति र मान्यताका निकायहरूबाट टाढा टाढा लगिरहेको देखिन्छ। यस प्रकारको जातीय अध्ययनको भूमिकामा भाषाको ठूलो महत्व छ भन्ने कुरामा दुइ मत हुन सक्नेछैन ।

यद्यपि भाषा समस्याको समाधान हुन पनि सक्नेछ र भइ पनि रहेछ । तर जबसम्म यिनीहरूले अरू सभ्य अर्थात् शहरिया वेशभूषा लगाउनेछैनन् र उनीहरूसंग मिल्नेछैनन्, आधुनिक सभ्यता र भ्रातृत्वको वातावरण बढाउन पाउनेछैनन् जुन चीज आजको हाम्रो नेपाली जनजीवनमा, नेपाली माटोमा, नेपाली हावामा प्रस्फुटित भई आइरहेको छ ।*

शहरिया वातावरणले परम्परागत अर्धनग्नतालाई अर्कै दृष्टिकोणले हेरिदिनाले धिमाल नारीहरूले क्रमशः आधुनिक वेशभूषा अर्थात् पहिरन लगाउनेछन् भन्ने अड्कल लगाउन सकिन्छ ।

यसरी पहिरनमा परिवर्तन आइसकेपछि उनीहरूको कृषिबाट उब्जेका विभिन्न प्रकारका लत्ताकपडा पनि किनेर लगाउनुपर्ने अवस्था आउनेछ । जसले गर्दा उनीहरूको युगान्तरदेखि चलिआएको परम्परागत पहिरनको लोपको साथै आर्थिक आय गराइरहेको स्रोत, घरेलु उद्योग नष्ट भइजानेछ ।

उनीहरू शहरिया वातावरणको नजीक आउन थालेपछि कपडा ज्यादा हुनेछन् र भोग विलासका साधन बढी हुनेछन् । लुगाफाटो मैला हुनेछन् जुन यहाँका हावापानीमा सुहाउनेछैनन् । फोहरी भै कीटाणुहरू बढ्नेछन् । अनि कपडा धुन साबुन आदि चाहिनेछन् । आजसम्म उनीहरूको गाउंमा

---

***अरूसंग मिल्दा आइमाई समूहहरूले शनैः शनैः आफ्नो रीतिस्थितिबाट लगाइआएको लुगा (पहिरन) छाड्नुपर्ने देखिन आउंछ ।**

जीवनमा नघुसेको फोहर मैलाबाट विभिन्न प्रकारका रोगव्याधको आवागमन हुनेछ।

सूर्यको किरण हाम्रो शरीरको लागि अत्यावश्यक छ। स्वच्छ हावा हाम्रो स्वास्थ्यको लागि कति लाभदायक छ भन्ने कुराको वर्णन गर्नुपर्ने देखिन्न। त्यसको बदलामा अलिकता ३।४ हात कपडाले पुऱ्याउनु नै कम खर्चले घर चल्नु पनि त होनि। मानिसहरूको यस्तो परिवर्तनमा जातीयता र संस्कृतिकनै लोप हुने ठूलो शंका पनि पर्दछ।

यसरी धिमालहरूले सामाजिक बनोटमा अरूहरूको देखासिखी गरेर, नयाँ नयाँ परिवर्तन ल्याइरहेका छन्। धर्म र धामीझाँक्रीको व्यवस्थाले मानिसका जनजीवनमा त्यतिको परिश्रम मात्र नभई खर्च पनि गराएको थिएन। केही वर्षअगाडि धामी लगाएर निको भइहाल्ने कुरामा मानिसहरूलाई अब निको हुंदैन र यसमा रहेको धार्मिक पक्षको आस्था र विश्वास चकनाचूर भइरहेको अवस्थामा हामीले यी जातिलाई पाउनेछौं।

धर्म, आस्था र धामीझांक्रीहरूको विश्वास समाजलाई एउटै सूत्रमा बाँधिरहने साधन भइरहेको समाजमा एक।एक परिवर्तन आइसकेको छ।

धर्म र धामीहरूको संमिश्रण अनि यसबाट प्राप्त विश्वास र आस्था युगान्तरदेखिको यसको संगठनात्मक सिर्जना र अनुभवको फल हो। चाहे हिन्दू धर्म होस्, मुसलिम अथवा क्रिश्चियानिटी हाम्रो विश्वास हाम्रा धिमालहरूको त्यस्ता धर्मप्रतिको आस्था र विश्वास स्थानीय थियो।

यसरी नगरीकरण एकातिर बढ्दै छ र अर्कोतिर हाम्रा यी धिमालहरूको संस्कृतिको लोप भइरहेको छ।

युगयुगान्तरका रूढिवादी, अनावश्यक तत्व र धामी-झांक्री जस्तो विश्वास अवश्य पनि रोगलाई राखिछाड्ने र बचाइराख्ने कुरा थिए तापनि उतापट्टि धर्म र धार्मिक प्रवृत्तिले यिनीहरूलाई विषमता र भयावह परिस्थितिबाट बचाउने साधन भएको कुरालाई पनि हामीले बिर्सन सक्दैनौं।

**शिक्षाको कमी र यसको आवश्यकता**


धिमाल जातिमध्ये सबैभन्दा ज्यादा पढ्नेमा एक जना आई. ए. मा पढिरहेको व्यक्ति मात्र पाइयो। अरू साना साना केटाकेटीहरू साना संख्यामा प्राथमिक पाठशालामा पढ्दै छन्। आमा–बाबु अर्थात् अविभावकको इच्छामा पढने नपढ्ने कुराको निर्णय हुने हुनाले जबसम्म उनीहरूमा आफ्ना केटाकेटीलाई शिक्षित बनाउनुपर्छ भन्ने धारणा हुंदैन तबसम्म शिक्षाका हकका परिधि टाढै रहनेछन्। विशेष गरेर केटीहरू–लाई पढाएर के हुन्छ भन्ने भावना धेरै प्रबल छ। जसका प्रभावमा परेर आइमाईहरू सबै निरक्षर छन्।

अरू केटाहरू केही न केही रूपमा पढिनै रहेका छन्। जनसंख्याको घनत्वको आधारमा हेर्दा सयकडा १।२ जनाले मात्र शिक्षा पाइरहेका छन् भन्न सकिन्छ।

—०—




क, दुई युवती आफ्नो परम्परागत वेशभूषामा। पेज २०



ख, एक महिलाले चर्खामा पेटानेको लागि धागो कातदैछिन्। पेज २०



क, धिमाल समुदाय बस्ने गाउंको एक झलक। पेज २४



ख, पेटाने बनाउने तान। पेज २४




क, दमकबजारमा धिमाल आइमाई र मान्छेहरूको किनमेल र बेचबिखन । पेज २५



ख, आफ्नो भेष बदलिँदै नयां वातावरणमा घुलमिल भएका दुई धिमाल युवती । पेज २८



क, शिकारीको रूपमा एक धिमाल । पेज २७



ख, खेत जोतिरहेको एक धिमाल किसान । पेज २८




क, ओखलीमा धान कुटिरहेका धिमाल स्त्रीहरू । पेज ३१



ख, रक्सी बनाउन लागेकी एक महिला । पेज ३२



क, माछा मार्न जान लागेकी एउटी आइमाई । पेज ३३




ख, माछा मार्न लागेका धिमाल आइमाईहरू जाल पर्याँवदैछन् । पेज ३३



क, घरको काममा व्यस्त भएका दुई हंसिला केटी । पेज ४०



ख, घरको आंगनको खम्बामा लाजले उभिइरहेकी एक महिला । पेज ४०



क, धिमाल समुदायले मृत लाशलाई गाडेर छाडेको बांस र ठाउं
(च्याहनडांडा) । पेज ४१



ख, चोखिने बिहान नुहाईधुवाईमा लागेका धिमाल महिलाहरू । पेज ४१



क, धिमाल पुरेतले क्रिया गर्ने युवकलाई सबैको अगाडि क्रिया फुकाउन आह्वान गर्दछ । पेज ४२



ख, चौथो दिन आफ्ना नाता कुटुम्बहरू र मलामीहरूलाई भोज खुवाइंदैछ। पेज ४२



क, विभिन्न गहना लगाएका तीन धिमाल बहिनी । पेज ४४




ख, अर्नाखाडीकी एक युवति गहनासहितको भेषमा। पेज ४४




क, आफ्ना पुराना वेशभूषा र गहनामा दुई बहिनी । पेज ४४



ख, संगीत र गीतमा मस्त दुई पुरुष । पेज ४४



क, धिमालहरूको थान र पूजा गर्ने ठाउँ । पेज ४५



ख, एक धिमाल झांक्रीले रोग निराकरणको लागि
कुखुराको बलिदान तयार गर्दछ । पेज ४६

## सहायकग्रन्थ तथा पुस्तकहरू


1 **People of Nepal—** D. B. Bista.

2 **Dhimal tribe of Jhapa District** field studies report to U.S AID/N. Kathmandu, July 1966.

3 **धिमाल जाति र तिनको भाषा** — नव कुञ्ज अंक २, संख्या ९–१२. पृष्ठ २–४

4 **The tribes, clans and castes of Nepal** Journal of the Asiatic Society of Bengal. LXIII, part 1, 4, pp. 213–249, 1894.

5 **Sherpas of Nepal—** J. Murray, London.

6 **Tamba Kaiten—** Santa Bir Lama Ratna Pustak Bhandar –(1968–69)

7 **Land Tenure and Taxation in Nepal,-** Barkley, University of California, 1963–65,4 vols.

8 **An Account of Kingdom of Nepal—** W. Kirkpatrick, London, W. Miller, 1811,

9 **Land and Social Change in East Nepal—** L. Caplan, London, 1970.

10 **किरातको वेद–** इमानसिंह, विहार, राजेन्द्रराम १९६१.

11 **History and Culture of the Kirat People—** Part I–II Nepal, 1967.

12 **इतिहास प्रकाश–** योगी नरहरिनाथ भाग १, २, ३.

13 **Eastern Nepalese Marriage Customs and Kinship Organisation—** South Western Journal of Anthropology- Vol 11, pp. 15–30 (1955)

14 **Ethnographical Observations on the Nepal Himalayan** People of Nepal Himalaya — Jiro Kawakita Scientific results of the Japanese expeditions to Nepal Himalayan 3 vols, pp. 1–362

15 **Sketches from Nepal** — Oldfield, London Allen 1880..

16 **Nepal—** Tony Hagen.

17 **किरात जातिको रीतिस्थिति र संस्कृति–** इर्कराज चोङवाङ, हाम्रो संस्कृति Vol 1, No 3. (1967)

18 **धिमाल जातिको परिचय–** राष्ट्रपुकार २०२९.

19 **Dhimals at Cross Road—** Rishikehab Regmi Nepalese Perspective- Poush 2028. pp 39.-

# The Rise and Development of the Baisi States

*(Continued)*

*By Ram Niwas Pandey*

Yet, what I was able to collect from the Chronicles, etc. that I am giving here for the information of the readers. But, let me admit without any hesitation that both the geneologies and my efforts to put them here in an order are full of countless mistakes. Therefore, I invite the criticisms and suggestions of the scholars, working on the history, culture and archaeology of Nepal, to correct me at the places of mistakes by their valuable knowledge and researches. If in future I am able to publish my works on Western Nepal collectively in one or two volumes, I promise to incorporate their suggestions and corrections in them. A study of the history books of Nepal 61 furnish us with the following names of the Baisi States:-

Achham, Jajarkot, Thalara, Musikot, Rukum, Sallyana. Phalabang, Malaneta, Jahari, Chhilli, Pyuthan (Western), Rolpa, Gotam, Dang, Majal, Dharma, Bajhang, Khumri, Gajal, Galkot, Bangaphi, Satatala, Dullu, Dailekh, Bilasapur, Chham, Mallijanta, Kalayoan, Ghorikot, Gajur, Dalahang, Darna, Bajura, Durryal, Gumakot, Majal and Biskot.

One shall see here that the number of the states is not twentytwo, as accepted by the tradition but thirty-seven. The geneologies of all these states are not available to us. Whatever have been found out about a few of them of the post-Malibum period, they are as follows:-

**1. Achham 62**

Chandravarma
**(See the chart)**

- Malaivarma (or Malaibum) (He divided the kingdom)
  - Jagatisinghashahi (Jajarkot) Jitarivarma
    - Jaitavarma
      - Saivarma
      - Jasavarma—shahi (Rukum)
      - Anandashahi (Dorala)
      - Jitarimalla– (Galkot)
      - Vogama (Palatyala)
      - Jasima (Tosyal)
    - Ratan (He became Kosimadela)
  - Jagativarma (King of Achham)
  - Pitambarashahi (King of Rukum)
  - Surtanshahi (King of Sallyana)
  - Sumatishahi (King of Darna)
- Shreevarma (He became the Tadagairya and ruled from the abode of Tadagairya)

Vinodasai | Dinasai (x) | Punimala (Guladi)

Vinodasai
- Bhairushahi

Bhairushahi
- Bhopatishahi | Jogaraja (Tirakhulakantiya) | Vikramamadhi (Nandavakta)

Bhopatishahi
- Manashahi | Panchangi (Parvala)

Manashahi
- Bhinnashahi | Kalinadya

Bhinnashahi
- Surtisyahi

Surtisyahi
- Shree Krishnashahi | Sundarashahi

Shree Krishnashahi
- Devachandarashahi | Damodarashahi

Devachandarashahi
- Shree Moharashahi

Damodarashahi
- Palvirashahi

Shree Moharashahi
- Shree Ramabhimashahi | Jagatapratapashahi

Shree Ramabhimashahi
- Tikabhopashahi

Tikabhopashahi
- Dalabahadurashahi

Tadigairya
Shree Varma
Shana Varma
Udaivarma (Saka Era 1357)
Asivarma
Pratapa Varma
Madhanishahi
Vikramashahi
Visudashahi
Udaishahi
Jagatishahi
Syamalashahi
Shreebhaktashahi

Shreedharashahi
Singrushahi
Virbhajanashahi

Prithvibahadurashah — Lokabahadurashah — Kulabahadurashahi

2. **Sallyana** 63

Megharaj

Jayaraj — Mamuraj

Jayaraj
Mamulya

Mamuraj
Mayaraj
(He was married with two daughter of Dharapati (king of Sija)
Gajabhima
(He became the king and obtained the throne of Sallyana)
Devamalla
Datamalla
Gothadimalla
Malaibum

Jaktisingh — Surtan — Pitham — Rugamya

Jaktisingh (Jajarkot)

Surtan (Vanagada)

Pitham (x )

Rugamya (called as Suratibum also; his discendants became Satyal or Chhatyal)

The chronicles tell that Jaktisingh had no son. Therefore he divided his kingdom among his son-in-law and nephew--Bhiku and Piru. In the old age he got a son. Therefore he took back the territories and gave the newphews a village, called Saru, for their livelihood.

Bhiku — Piru — Mamu (He became the king of Sallyana).

Surju
|
Sumeru
|
Singar

Kala Sultan — Madan Roy — Rajamalla

(Ruler of Dang also along with Sallyana)
|
Kanakashah
|
(He ruled from Dang)
|
Protapashah (He conquered Tuhitakhya and some other countries)
|
Tulashah
|
Prithvipatishah
|
Mandhatashah
|
Sangramashah

Shreekrishnashah (A. D. 1779)
(He was called Vadrishah also. According to one source Shreekrishnashah was the son of Vadrishah)

Ranabhimashah (Srimati Vilasakumari Devi, the daughter of Prithirnarayana Shah) — Viranarayan — Virabhadra — Sriramanarayan

About. A. D. 1820 a king, Rudrabirashah, is also found ruling at Sallayana, He was of the Sallyana lineage.

Raghunath — Raghuvar — Ghanashyam — Bharata — Gadadhar

(According to **Sandhipatrasangrah** (pp. 399-536) Tejabahadurashah became the ruler of Sallyana. He was the first son of Rambhimashah and Vilasakumaridevi. Tejabahadurashah ruled between V. S. 1895 and 1904.)
|
Raghuraj

(According to **Sandhipatrasangrah (Ibid.)** Narendrabadurashah was thee son of Tejabahadurashah and he ruled between V. S. 1905 and 1914. He was a contemporary of Girvan Yuddhu Vikrama Shah Deva)

Kulapradipashah
| (Contemporary of Dhirashamasher J. B. R.)
Samasherabahadurashah
| (Contemporary of Virashamasher and Devashamasher J. B. R.)
Grahendrabahadurashah
(Contemporary of Chandrashamsher J. B. R.)

(The daughter of the Rana rulers of Kathmandu were married with the Kings of Sallyana.)

**The Geneology of Sallyana as found in the minor chronicles of Western Nepal 64.**

Malaibum
Indribum (c. 1378 A. D. )
Shakibum
Shreebum
Rajabum
Saimalasai (A. D. 1429)
Samalasai
Mihindrasai
Bhopatisai
Bhanasai
Manasai
Manoharasai
Indrimalasai
Vadrisai (c. A. D. 1789)
Shree Krishnashahi
Ranabhimasahabadeva
Tejbahadurashah
Narendrabahadurashah
Kulapradipashah
Shmasherabahadurashah

## ABOUT THE AUTHORS

| | |
|---|---|
| Shri Surya Bikram Gewali | Well-known Historian. |
| Shri Shankar Man Rajbamshi | Editor, National Archives. |
| Shri Rishikeshbaraj Regmi | Anthropologist, Department of Archaeology. |
| Shri Ram Niwas Pandey | Lecturer, Tribhuwan University. |

'प्राचीन नेपाल'का निमित्त प्राग्-इतिहास तथा पुरातत्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र, अभिलेख, संग्रहालय तथा ललितकलासंग सम्बन्धित मौलिक रचनाको माग गरिन्छ ।

रचना संक्षिप्त तर प्रामाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनुपर्दछ । तर कुनै प्रकाशित विषयका सम्बन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएको भए तिनको स्वागत गरिनेछ ।

रचनासंग सम्बन्धित चित्रहरू पठाउन सकिनेछ । रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनुपर्नेछ ।


**निर्देशक**
पुरातत्त्व विभाग
सिंहदरवार
काठमाडौं, नेपाल


Contribution of original nature dealing with pre-historic and field-archaeology, epigraphy, manuscripts, numismatics, archives, art and architecture of Nepal and museum and other techniques connected with various aspects of our work are invited to *Ancient Nepal.*

The contribution should be concise and well documented, and based on hitherto unpublished data, if not new interpretation of already known evidence.

Photographs and illustrations (line drawings) may be sent. The typescript should be in double space and on one side of the paper only sent to:—


The Director,
Department of Archaeology
Singha Durbar,
Kathmandu, Nepal.